

# संरक्षणको नाममा मानवअधिकार उल्लङ्घन

"मेरो आफ्नो स्वामित्वको जमिनमा पाइला टेक्दा मैले के अपराध गरेको थिएँ?"

CSRC आत्मनिर्भर केन्द्र

AMNESTY INTERNATIONAL

हामी सबैले हाम्रो मानवअधिकार उपभोग गर्न सकौं भन्नका लागि सबैमा अन्तर्निहित मानवतालाई परिचालन गर्दै अभियान सञ्चानल गर्ने एक करोड भन्दा बढी मानिसको अभियान हो एम्नेस्टी इन्टरनेसनल।

हामीले यस्तो संसारको परिकल्पना गरेका छौं जहाँ सत्तामा रहेकाहरूले आफ्नो वाचा पूरा गर्ने, अन्तर्राष्ट्रिय कानूनलाई सम्मान गर्ने र जवाफदेहिता प्रदर्शन गर्नेछन्। हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौं र सदस्यता शुल्क तथा सार्वजनिक अनुदान हाम्रो आर्थिक श्रोत हो। संसारभरीका मानिसहरूसँग ऐक्यबद्धता र सद्भावका साथ मिलेर काम गर्दा हाम्रा समाजहरू सँदाका लागि अझ राम्रो हुनेछ भन्ने कुरामा हामी विश्वास राख्दछौं।

© एम्नेस्टी इन्टरनेसनल २०२१
अन्य तरिकामा उल्लेख गरिएको बाहेक, यो दस्तावेजको सामग्री क्रिएटिभ कमन्स (attribution, non-commercial, no derivatives, international 4.0) को मातहतमा इजाजत प्राप्त छ ।
https://creativecommons.org/licenses/by-nc-nd/4.0/legalcode
थप जानकारीको लागि हाम्रो वेबसाइट www.amnesty.org को अनुमति पृष्ठमा हेर्नुहोला ।
एम्नेस्टी इन्टरनेसनल बाहेक अन्यको प्रतिलिपि अधिकार भएको सामग्री क्रिएटिभ कमन्सअन्तर्गत पर्ने छैन ।

एम्नेस्टी इन्टरनेसनल लि.
प्रथमपटक प्रकाशित मिति २०२१
पिटर बेननसन् हाउस, १ इस्टन स्ट्रिट
लण्डन WC1X ODW, UK
Index: AFR 44/1657/2020
Original language: English

amnesty.org

*आवरण तस्बिर* : *कोलिन फू*
*तस्बिर : चितवन राष्ट्रिय निकुन्ज, नेपाल © Jacek Kadaj via Getty Images*

# विषय सूची


**१. कार्यकारी सारांश** **५**

१.१ जनावरको संरक्षण र मानिसको निष्कासन ५

१.२ पुख्यौंली भूमि राष्ट्रिय निकुञ्जमा परिणत ६

१.३ नेपाली सेनाद्वारा मानवअधिकारको उल्लङ्घन ६

१.४ निष्कासन समस्या समाधानको उपाय होइन ७

१.५ परामर्शमूलक, चिरस्थायी समाधानको आवश्यकता ८

१.६ सीमित राजनीतिक इच्छाशक्ति ९

**२. विधि** **११**

२.१ अनुसन्धानले समर्थन गर्ने कार्यहरू १२

**३. पृष्ठभूमि** **१३**

३.१ ऐतिहासिक सन्दर्भ १३

३.२ राष्ट्रिय निकुञ्जहरूको शासन व्यवस्था १४

३.३ मध्यवर्ती क्षेत्रको व्यवस्थापन १६

**४. भूमिमा आश्रित आदिवासी जनजातिविरुद्धको मानवअधिकार उल्लङ्घन** **१८**

४.१ निरन्तर जबर्जस्ती निष्कासनको त्रासमा बस्नुपर्ने अवस्था १८

४.१.१ चितवन राष्ट्रिय निकुञ्ज १९

४.१.२ बारबर्दिया, बर्दिया राष्ट्रिय निकुञ्ज २२

४.१.३ मगराडी, बर्दिया राष्ट्रिय निकुञ्ज २३

४.१.४ गेरुवा, बर्दिया राष्ट्रिय निकुञ्ज २३

४.२ जीविकाको अधिकार तथा सामाजिक र आर्थिक अधिकारमा प्रभाव २७

४.३ वन्यजन्तुबाट बाली नष्ट ३०

४.४ स्वेच्छाचारी गिरफ्तारी र हिरासत, यातना तथा अन्य दुर्व्यवहार र बलको अत्यधिक प्रयोग ३१

४.४.१ चितवन - राजकुमार चेपाङः दुर्व्यवहार र यातनाका कारण मृत्यु ३४

४.४.२ चितवन - शिखाराम चौधरी: दुर्व्यवहार र यातनाका कारण मृत्यु ३७

४.४.३ बर्दिया: स्वेच्छाचारी गिरफ्तारी र हिरासत ३८

**५. कानुन र नीति** **३९**

५.१ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ३९

५.२ वन ऐन, २०७६ ४१

५.३ आवासको अधिकार ऐन, २०७५ ४१

५.४ मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ ४२

५.५ अन्य सान्दर्भिक कानुन र नियमावलीहरू ४३

**६. उपचारको अधिकारको उल्लङ्घन** **४४**

६.१ जबर्जस्ती निष्कासनको उपचार ४४

६.२ भूमिमा भएको क्षतिको उपचार ४६

६.३ भूमिसम्बन्धी समस्या समाधान आयोग ४९

**७. सिफारिसहरू** **५१**

# १. कार्यकारी सारांश

वन्यजन्तु र प्राकृतिक पर्यावरणको संरक्षण लगायत समग्र संरक्षणको क्षेत्रमा नेपालद्वारा दशकौँदेखि भएका प्रयासहरूलाई संरक्षण विज्ञहरूले प्रशंसा गरेका छन्। यद्यपि यो सबै वनमा आश्रित आदिवासी समुदायले चुकाएको ठूलो मूल्यबाट प्राप्त भएको छ। यसरी सबैभन्दा बढी प्रभावित भएका समुदायमा अधिकांश मध्यपश्चिममा बसोवास गर्ने थारू समुदाय र नेपालको मध्य तराईमा बसोवास गर्ने चेपाङ, बोटे, दराई बनकरिया, कुमाल, दनुवार र माझी समुदाय रहेका छन्।

यस प्रतिवेदनले चितवन राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्जलाई केन्द्रित गरी गरेको अध्ययनको आधारमा यी आदिवासी समुदायको अधिकार सुनिश्चित गर्नमा नेपाल सरकारद्वारा भएका विफलताहरूलाई उजागर गरेको छ। एम्नेस्टी इन्टरनेसनल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (आत्मनिर्भर केन्द्र) ले निम्न मानवअधिकार उल्लङ्घनहरूको दस्तावेजीकरण गरेका छन् : जबर्जस्ती निष्कासन, पुर्खौली जमिनमाथिको अधिकारबाट वञ्चिती, खाद्यान्नको पहुँचबाट समेत बञ्चित हुनगरी परम्परागत रूपमा आश्रित रहँदै आएको वन र प्राकृतिक श्रोतमाथिको पहुँचमा अनुचित बन्देज, नेपाली सेना र संरक्षण क्षेत्रको सुरक्षामा खटिएका राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीबाट भएका स्वेच्छाचारी गिरफ्तारी, गैरकानुनी हत्या, हिरासत र यातना वा अन्य दुर्व्यवहारहरू, र यी विभिन्न स्वरूपका अधिकार उल्लङ्घनमा आदिवासी समुदायलाई प्रभावकारी उपचार प्रदान गर्नमा राज्यद्वारा भएको विफलता।

## १.१ जनावरको संरक्षण र मानिसको निष्कासन

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को आदिवासी जनजातिसम्बन्धी महासन्धि १९८९ (नं.१६९) (यसपछि आइएलओ महासन्धि १६९ भनिएको) लाई सन् २००७ मा अनुमोदन गरेसँगै नेपालले आदिवासी समुदायको जीविकाको श्रोत र प्राकृतिक श्रोत साधनमाथिको पहुँचलाई संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। तथापि वास्तविकता एकदमै फरक छ। सन् २०१९ मा प्रकाशित राष्ट्रिय मानवअधिकार आयोग (आयोग) को एउटा प्रतिवेदनले आइएलओ महासन्धि १६९ अनुरूप हुनेगरी नेपालले नियामक मापदण्ड तर्जुमा गर्न नसकेको उल्लेख गरेको छ। वनमा आश्रित आदिवासी मानिसहरू बसोवास गरिरहेका क्षेत्रमा कार्यरत अभियन्ताहरूले सरकारको संरक्षणसम्बन्धी दृष्टिकोण असन्तुलित बनेको र त्यसले जनावरको पक्षमा बढी वकालत गरेर मानिसलाई उपेच्छा गरेको गुनासो गरेका छन्।

आदिवासी समुदायको दुरावस्थालाई प्रभावित पार्ने धेरै कारक तत्त्वहरू छन्: प्राकृतिक श्रोतसम्बन्धी त्रुटिपूर्ण कानुनी प्रावधानहरू, राष्ट्रिय निकुञ्जको पक्षमा र आदिवासी समुदायको अहित हुनेगरी अधिकारीहरू र न्यायालयले गर्ने उक्त कानुनी प्रावधानहरूको साँघुरो व्याख्या, उनीहरूले भोगेको हानिको उचित अभिलेखिकरणको अभाव र उपचार प्रदान गर्नमा अधिकारीहरूबाट गरिनुपर्ने स्थीर र ठोस प्रयासहरूको अभाव।

प्रतिबन्धात्मक संरक्षण कानुनहरू (राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, वन ऐन, जलश्रोत ऐन) का माध्यमबाट प्राकृतिक श्रोतको पहुँचमा इन्कार गर्नाले आदिवासी समुदायले बेहोरिरहेका गहिरो विद्यमान खाद्य असुरक्षालाई थप गम्भीर बनाएको छ।

# १.२ पुख्र्यौली भूमि राष्ट्रिय निकुञ्जमा परिणत

राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रले नेपालको एक चौथाई भूभाग ओगटेको छ। नेपालमा १२ वटा राष्ट्रिय निकुञ्ज, एउटा वन्यजन्तु आरक्ष, एउटा शीकार आरक्ष, छवटा संरक्षण क्षेत्रहरू र १३ वटा मध्यवर्ती क्षेत्रहरू (कानुनद्वारा स्थानीय जनतालाई नियमित र फाइदाजनक आधारमा वन पैदावरको प्रयोग गर्ने सुविधाका लागि छुट्याइएका क्षेत्रहरू) रहेका छन्। प्राय यी सबै संरक्षित क्षेत्रहरू नेपालका आदिवासी जनजाति समुदायहरूको पुख्र्यौली भूमिमा सिर्जना गरिएका छन्। यी राष्ट्रिय निकुञ्जहरू स्थापना गरिएको दशकौंपछि पनि अधिकाँश आदिवासीहरू अझै भूमिहीन अवस्था छन् र आफू बसोवास गरेको अनौपचारिक वासस्थानबाट जबर्जस्ती निष्कासनमा पर्ने जोखिम झेलिरहेका छन्। उनीहरूलाई न त वैकल्पिक जीविकोपार्जनको उपाय दिइएको छ न त कुनै क्षतिपूर्ति नै प्रदान गरिएको छ। साथै उनीहरूलाई संरक्षित क्षेत्रमा माछा मार्न वा अन्य खाद्य वस्तु सङ्कलन गर्न र औषधिमुलो र घाँस दाउरा खोज्न पनि दिइएको छैन।

आदिवासी जनजाति समुदायले पुस्तौंदेखि प्रयोग गरेको प्राकृतिक श्रोत र जमिनमाथिको उनीहरूको अधिकारलाई सुनिश्चित गर्ने दायित्वलाई नेपाल सरकारले बेवास्ता गर्न सक्दैन। राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रलाई सञ्चालन गर्ने लगायतका संरक्षण कानुनहरूलाई नेपालको हकमा बाध्यकारी हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुरूप तर्जुमा गर्नुपर्ने दायित्वलाई पनि सरकारले उपेक्षा गर्न सक्दैन।

# १.३ नेपाली सेनाद्वारा मानवअधिकारको उल्लङ्घन

यस प्रतिवेदनमा अभिलिखित आदिवासी जनजातिविरुद्ध भए गरिएका कतिपय मानवअधिकारका उल्लङ्घनहरू नेपाली सेनासँग सम्बन्धित छन्। नेपालको संरक्षित क्षेत्रहरूमा ६,७७८ नेपाली सेनाका सुरक्षाकर्मीहरूलाई खटाइएको छ। मानवअधिकार दृष्टिकोणबाट राष्ट्रिय निकुञ्ज र अन्य संरक्षित क्षेत्रमा नेपाली सेनाको भूमिकालाई समुचित तवरमा मार्गनिर्देश गर्ने सवालमा घरेलु कानुनी संयन्त्रमा एउटा खाडल रहेको देखिन्छ।

राष्ट्रिय निकुञ्ज र आरक्षहरूमा प्रवेश गरेकोमा आदिवासी जनजातिहरूलाई बारम्बार गिरफ्तार गरेर हिरासतमा राख्ने गरिएको छ। उनीहरूमध्ये धेरैले निकुञ्जहरूमा खटाइएका सेनाका सुरक्षाकर्मीहरूद्वारा दुर्व्यवहार र यातनासम्म भोगेका छन्। जसका कारण कतिपयले ज्यान गुमाउनु परेको छ।

बर्दिया जिल्ला गेरुवाका थारू समुदायका जनताले नेपाली सेनाका अधिकारीहरूबाट विभेदजन्य व्यवहार र उत्पीडन भएको गुनासो गरे। निकुञ्ज नजिक बसोवास गर्ने महिलाहरू विशेषरूपमा जोखिममा रहेका छन् किनभने सेउला पात र घाँस दाउराका लागि उनीहरू दैनिक जसो वनमा जाने गर्दछन्। गत केही वर्षयता नेपाली सेनाबाट घातक बलको अत्यधिक प्रयोगमा कमी आएको जनाइएपनि यातना (कतिपय अवस्थामा मृत्युसमेत भएको), बलात्कार तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अन्य अपराधहरू र मानवअधिकार उल्लङ्घनका बारेमा प्रतिवेदनहरू बारम्बार आइरहेका छन्।

# १.४ निष्कासन समस्या समाधानको उपाय होइन

आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (अनड्रिप)को धारा ८ (२) अनुसार आदिवासी जनजातिहरूलाई उनीहरूको भूमि, क्षेत्र वा श्रोत साधनबाट विमुख पार्ने लक्ष लिएको वा विमुख पार्न सक्ने खालको कुनै पनि कार्यलाई रोक्ने तथा सो कार्य भएको अवस्थामा उपचारका लागि राज्यले प्रभावकारी संयन्त्रको व्यवस्था गर्नुपर्ने हुन्छ। धारा १० ले आदिवासी जनजातिहरूको आफ्नो जमिन वा क्षेत्रबाट जबर्जस्ती निष्कासित हुन नपाउने अधिकारलाई प्रत्याभूत गरेको छ। उक्त धाराले प्रभावित आदिवासी जनजातिहरूको स्वतन्त्र, पूर्व र सूचित सहमतिबिना र उचित र न्यायसङ्गत क्षतिपूर्तिमा सहमति नगरी र सम्भव भएसम्म पुनः फर्कने विकल्प समेतलाई खुला राखेर मात्र निष्कासन गर्नुपर्ने कुरालाई प्रत्याभूत गरेको छ।

यसका अतिरिक्त धारा ४६ (२) ले घोषणापत्रमा उल्लेख गरिएका अधिकारहरू (उनीहरूको जमिन, क्षेत्र र श्रोत साधनमाथिको अधिकार लगायत)को कुनै पनि सङ्कुचनहरू "अविभेदकारी हुनेछन् र अन्य समुदायको अधिकार र स्वतन्त्रताको समुचित मान्यता र सम्मान हाँसिल गर्ने उद्देश्यका लागि मात्र र एउटा प्रजातान्त्रिक समाजको न्यायोचित र सबैभन्दा बाध्यकारी आवश्यकता पूर्ति गर्नका लागि मात्र गरिएका हुनेछन्" भन्ने व्यवस्था गरेको छ।

आदिवासी जनजाति र स्थानीय समुदायद्वारा सह-व्यवस्थापन गरिएको र समुदायको स्वामित्वमा रहेको संरक्षण क्षेत्रहरूमा गरिएको अध्ययनले संरक्षणसम्बन्धी परिणाम हाँसिल गर्नमा राज्यद्वारा मात्र सञ्चालित संरक्षण क्षेत्रभन्दा यस्ता संरक्षण क्षेत्रहरूको औसत सफलता बढी हुने गरेको देखाएको छ।

संरक्षणसम्बन्धी लक्ष हाँसिल गर्नका लागि सरकारले आदिवासी समुदायलाई राष्ट्रिय निकुञ्जबाट निष्कासन गर्नु तथा उनीहरूलाई निकुञ्जबाट बहिष्कृत गरिराख्नु अझै आवश्यक छ भन्ने कुरालाई प्रमाणित गर्नुपर्दछ।

बाढी वा पहिरो आदिका कारण राष्ट्रिय निकुञ्जको सिमानाभित्र आफ्नो घर तथा जमिन पर्न गएकोमा मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने त्यस्ता पीडितहरू कानुनअनुसार क्षतिपूर्तिका लागि योग्य हुन्छन्। यद्यपि बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने मानिसहरूले अझै आफूले पहुँच गुमाएको जमिनको ४० वा सो भन्दा बढी बर्षदेखि क्षतिपूर्ति पाउन सकेका छैनन्। तीमध्ये गेरूवा नगरपालिकाका मानिसको एउटा ठूलो समूह छ जसको भूमिलाई सन् १९८० देखि बर्दिया राष्ट्रिय निकुञ्जको हिस्सा भएको मानिएको छ।

राष्ट्रिय निकुञ्जहरूबाट निष्कासित गरिएका आदिवासी जनजातिहरूसँग उनीहरूले भोगेको उल्लङ्घनको उचित उपचारको लागि परामर्श गरिनुपर्दछ। यदि सरकारले राष्ट्रिय हितलाई खतरामा पार्ने बाध्यकारी अवस्था भएको प्रमाणित नगरेसम्म अनड्रिप (UNDRIP)मा उल्लेख गरिएका अधिकारहरूअनुरुप हुनेगरी उनीहरूलाई निकुञ्ज क्षेत्रमा फर्काउने विकल्पलाई नकार्न हुँदैन ।बर्दिया गेरुवाका धेरैका लागि आफ्नो जमिन फिर्ता लिनु प्रमुख कुरा रहेको छ तर यो सम्भव नभएको अवस्थामा गुमेको जमिनको लागि प्रदान गरिने क्षतिपूर्ति उनीहरूले गुमाएको जमिनको मूल्य बराबर हुनेगरी सोधभर्ना गरिनुपर्दछ।

माछा मार्न, खाद्यान्न, ओषधिमूलो र घाँस दाउरा सङ्कलन गर्नमा लगाइएको बन्देजले आदिवासी जनजातिहरूको जीवन पद्धतिमाथि गम्भीर प्रभाव पार्नुका साथै नाटकीय परिवर्तनसमेत ल्याइदिएको छ। मध्यवर्ती क्षेत्रको वनमा पहुँच पाएका मध्यवर्ती क्षेत्रमा बसोवास गरेकाहरूका अलावा आदिवासी जनजातिहरूलाई राष्ट्रिय निकुञ्जमा जान समेत निषेध गरिएको छ। यसले गर्दा पहिल्यैदेखि वञ्चितिमा परेका मानिसहरूले आफ्ना आधारभूत आवश्यकता पुरा गर्न आफैंमा भर पर्नु परेको छ र खरको छानोको सट्टा टिनको छानो, जडिबुटीको साटो चलनचल्तीको औषधि आदिका लागि चर्को मूल्य तिर्न बाध्य भएका छन् र परिणामस्वरूप खाद्य असुरक्षा तथा स्वास्थ्य र आवासका समस्याहरू पैदा हुने सम्भावना रहेको छ।

राष्ट्रिय निकुञ्जको आसपास बसिरहेकाहरूलाई वन्यजन्तुको सङ्ख्यामा भएको वृद्धिको अर्थ उनीहरूको बालीनाली र संरचनाको विनास, पशु चौपायको क्षति, र कहिलकाहीँ त मानवीय चोटपटक र जीवनको क्षतिसमेत हुन पुगेको छ। बर्दिया राष्ट्रिय निकुञ्जमा बाघ, गैंडा र हात्ती जस्ता संरक्षित जनावरहरूको सङ्ख्यामा गएका वर्षहरूमा वृद्धि भएको छ।बर्दियाका किसानहरूले संरक्षित वन्यजन्तुहरूले बारम्बार बालीनाली, भण्डारण गरेर राखेको अन्न, गाई वस्तु, घर

गोठलगायतका संरचना ध्वस्त पार्ने गरेको गुनासो गरे। उनीहरूले राहतको रकम एकदमै थोरै भएको, प्रक्रिया झन्झटिलो भएको, प्रमाणीकरण र राहत भुक्तानीमा ढिलाई (वर्षमा एकपटक मात्रै वितरण गरिने) र कुनै विशेष खाले जनावारहरू (जस्तै बाँदर) बाट हुने बारम्बारको बाली क्षतिमा राहत प्रदान नगरिने लगायतका सवालमा पनि गुनासो गरे।

वैकल्पिक जीविकोपार्जनको अभाव, आर्थिक कठिनाई र घरायसी खर्च पूर्ति गर्न नसकेपछि आफ्नो जमिनबाट निष्कासित भएका धेरै आदिवासी जनजातिहरू बटैयादार बन्न बाध्य भएका छन्। यसको अर्थ ५० प्रतिशत उब्जनी बुझाउने सर्तमा उनीहरूले अरू कसैको जमिनमा खेती गर्ने गर्दछन्।

# १.५ परामर्शमूलक, चिरस्थायी समाधानको आवश्यकता

आदिवासी जनजातिहरूले भोगेका मानवअधिकार उल्लङ्घनहरूको प्रभावकारी उपचारको बाटो तय गर्नका लागि राष्ट्रिय निकुञ्जको वास्तविक क्षेत्रफलका साथसाथै प्रत्येक घरपरिवारले गुमाएको भूमिको लगत सङ्कलन गर्न तुरून्तै एउटा सर्वेक्षण गर्नु अति नै आवश्यक छ ताकी यसबाट उपचारका लागि ठोस आधार प्राप्त हुनेछ।

त्यसबेलाको सरकारले सन् २०२० मार्चमा “भूमिहीन सुकुमवासी” (दर्ता गरिएको जग्गाधनी प्रमाणपत्र नभएका र जग्गा खरिद गर्ने सामर्थ्य पनि नभएका मानिसहरू भनी परिभाषित) र “अव्यवस्थित बसोवासी” (केही दर्ता गरिएको जग्गा भएका तर सरकारी जग्गामा लामो समयदेखि बसोवास गरिरहेकाहरू)को पहिचान गर्ने कार्यादिशसहितको "भूमिसम्बन्धी समस्या समाधान आयोग" गठन गर्यो। सन् २०२१ को जुलाईको सुरुवातसम्ममा यस आयोगले नेपालका ७५३ पालिकाहरूमध्ये ७४३  वटासँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ। पालिकाका गतिविधिहरूको अनुगमनका लागि आयोगले स्थानीय तहमा सहजीकरण समिति  र जिल्ला तहमा जिल्ला समितिहरूको गठन पनि गरेको छ। स्थानीय सहजीकरण समितिमा नौ सदस्यहरू रहेका छन् जसमा एक जना दलित समुदायबाट समेत गरी कम्तिमा तीनजना महिला रहेका छन्। तर आदिवासी जनजातिको प्रतिनिधित्वलाई भने स्पष्टसँग सुनिश्चत गरिएको छैन। यी समितिहरूले सन् २०२० को अन्त्यतिरबाट आफ्नो काम थाले। स्थानीय समितिको निर्णयको विरुद्धमा यदि पुनावेदन दिनुपरेमा सम्बन्धित जिल्ला समितिमा गर्नुपर्नेछ। २०७७ चैत्र २२ गते एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रसँगको बैठकमा भूमिसम्बन्धी समस्या समाधान आयोगका अध्यक्ष र अन्य सदस्यहरूले आफूहरू वनमा आश्रित आदिवासी समुदाय र परिवारहरू राष्ट्रिय निकुञ्जको स्थापनका कारण विस्थापित हुन पुगेका बारेमा सचेत रहेको बताए। साथै उनीहरूले आदिवासी जनजाति जनताहरूको परम्परागत जीवन शैलीको अधिकार र उनीहरूको परम्परागत भूमिभन्दा टाढा पुनर्आवास नगर्ने मनोकाङ्क्षालाई सम्मान गर्दै उनीहरूलाई वैकल्पिक आवास सुनिश्चित गर्नका लागि नेपाल सरकारसँग ठोस परामर्श गर्ने प्रतिबद्धता पनि जनाए।

यो प्रतिवेदनको अन्तिम रूप दिँदै गर्दा प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको नयाँ सरकारले यस आयोगलाई विघटन गरेको छ।[1] सन् २०२१ को जुलाई अन्त्यसम्ममा आयोगले २,४७,९६० "भूमिमहीन सुकुमवासी" र ९,३२,८०१ "अव्यवस्थित बसोवासी" बाट एघार लाख असी हजार आवेदनहरू प्राप्त गरेका थिए।[2] आयोगलाई बिघटन गर्नु पर्नाको कुनै कारण दिइएको छैन।

[1] कान्तिपुर, भूमि आयोग खारेज, २० श्रावण २०७८, https://ekantipur.com/news/2021/08/04/162804340224291748.html

[2] कान्तिपुर, भूमि आयोग खारेज, २० श्रावण २०७८, https://ekantipur.com/news/2021/08/04/162804340224291748.html

# १.६ सीमित राजनीतिक इच्छाशक्ति

नेपालको संविधान २०७२ अनुसार राष्ट्रिय निकुञ्जसम्बन्धी जिम्मेवारी सङ्घीय सरकार मातहत रहने भएपनि सङ्घीय तहका अधिकारीहरूसँगको अन्तर्वार्तामा राष्ट्रिय निकुञ्जबाट प्रभावित भएका वनमा आश्रित आदिवासी समुदायलाई प्रभावकारी उपचार प्रदान गर्ने सवालमा सीमित राजनीतिक इच्छाशक्ति रहेको स्पष्ट देखियो। स्थानीय तहका निर्वाचित पदाधिकारीहरूमा केही राजनीतिक इच्छाशक्ति देखिएको भएपनि उपलब्ध कानुनी र नीतिगत सामर्थ्य र श्रोतलाई बुझ्न उनीहरूले सङ्घर्ष गरिरहेको पाइयो। यसका अलावा राष्ट्रिय निकुञ्जका अधिकारीहरू प्रभावित आदिवासी समुदायप्रति त कुरै छाडौं स्थानीय अधिकारीहरूप्रति समेत जवाफदेही छैनन्।

भूमिसम्बन्धी समस्या समाधान आयोगले आफ्ना गतिविधिहरू भर्खर मात्र सुरू गरिरहेको र २०७२ मा जारी गरिएको संविधानअनुसारको सङ्घीय संरचनाअन्तर्गत शक्ति र जिम्मेवारी बाँडफाँडसम्बन्धी नयाँ कानुनहरू बनाउने प्रक्रियामा नेपाल सरकार अझै रहेकोले अहिले संरक्षणसम्बन्धी निष्कासनहरूबाट प्रभावित भएका आदिवासी जनजाति समुदायको लामो समयदेखिको चासोहरूलाई संबोधन गर्ने एउटा अवसर मिलेको छ।

एम्नेस्टी इन्टरनेसनल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका निम्न सिफारिसहरू रहेका छन्:

*१. सङ्घीय सरकारका लागि:*

(क) आफ्नो भूमिमा भए गरिएका संरक्षणसम्बन्धी पहलहरूमा पूर्ण रूपमा सहभागी हुन पाउने आदिवासी समुदायको अधिकार प्रत्याभूत गर्न तथा उनीहरूको मानवअधिकारलाई प्रभावित पार्ने सबै पहलहरूमा स्वतन्त्र, पूर्व र सुचित सहमतिको अधिकार सुनिश्चित गर्नका लागि देशको संरक्षणसम्बन्धी कानुनी संरचनामा संशोधन गर्ने;

(ख) संरक्षित क्षेत्रको शासन प्रणालीलाई नेपालको संविधानमुताबिक साँच्चिकै सहभागितामूलक बनाउने सुनिश्चित गर्नका लागि राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐनलाई यदि पुरै विस्थापन नगर्ने हो भने पनि आवश्यक संशोधन गर्नुपर्दछ;

(ग) राष्ट्रिय निकुञ्जहरूबाट निष्कासित गरिएका आदिवासी जनजातिहरूसँग उनीहरूले भोगेको उल्लङ्घनको उचित उपचार र संरक्षित क्षेत्रहरूमा रहेको उनीहरूको पुर्ख्यौली भूमिमा फिर्ता हुने विकल्पसमेतका लागि इमान्दार परामर्शको प्रकृया व्यवस्था गर्ने। अविभेदकारी र अत्यन्तै जरूरी जबर्जस्त कारणहरूलाई सरकारले विश्वसनियताका साथ प्रदर्शन गर्न सकेको अवस्था मात्रै यसरी फिर्ता गर्न नमिल्ने कुराको एउटा अपवाद हुन सक्दछ। जरूरीको अर्थ अरूको अधिकार र स्वतन्त्रताको उचित मान्यता र सम्मान तथा एउटा प्रजातान्त्रिक समाजको न्यायोचित र बाध्यकारी आवश्यकता पूरा गर्ने उद्देश्यका लागि लिनुपर्ने कदम भन्ने बुझ्नुपर्दछ;

(घ) आफूले बसोवास गरिरहेको वा खेतीपाती गरिरहेको जमिन बाढीका कारण वा नदीले धार परिवर्तन गरेर राष्ट्रिय निकुञ्जको क्षेत्रमा पर्न गएको अवस्थामा उनीहरूलाई यसरी निकुञ्जमा पर्न गएको जमिनमा निर्वाध पहुँच दिने कुरा सुनिश्चत गर्ने;

(ङ) राष्ट्रिय निकुञ्ज तथा अन्य संरक्षण क्षेत्रको स्थापनाको कारण वा अन्य कारण (जस्तै बाढीले गर्दा आफ्नो जमिन संरक्षण क्षेत्रभित्र पर्न गएको) बाट आवास र भूमि गुमाउन पुगेका सबैलाई नेपाल सरकारले उनीहरूको परम्परागत जीवन पद्धतिमाथि गडबढी नहुने गरी उनीहरूको दीर्घकालीन जीविका सुनिश्चितताका लागि पर्याप्त वैकल्पिक आवास र भूमिको व्यवस्था गर्नुपर्दछ;

(च) मध्यवर्ती क्षेत्र समिति र भूमिसम्बन्धी समस्या समाधान आयोगअन्तर्गतका स्थानीय र जिल्ला स्तरीय समितिहरूलाई थप प्रतिनिधिमूलक र समावेशी बनाउनुपर्दछ। राष्ट्रिय निकुञ्जबाट सबैभन्दा बढी प्रभावित भएका सीमान्तकृत समुदाय र महिलाहरूको यी समितिहरूमा पर्याप्त र प्रभावकारी सहभागिता

भएको सुनिश्चित गर्नका लागि सबै उपायहरूको खोजी गर्नुपर्दछ। यस्तो प्रतिनिधित्व औपचारिकता (tokenism) मा मात्र सीमित नहोस् र महिला तथा सीमान्तकृत समुदायका सदस्यहरू यी समितिमा समावेश मात्र नभएर निर्णय प्रकृयामा पनि उनीहरूले अर्थपूर्ण तवरमा सहभागी हुनका लागि आवश्यक सहयोग प्रदान गर्ने कुरा सुनिश्चित गर्नका लागि प्रयासहरू गरिनुपर्दछ;

(छ) वन्यज्तुबाट हुने बालीनाली र अन्य सम्पत्तिको क्षतिबापत क्षतिपूर्ति पाउने प्रकृयालाई थप प्रभावकारी बनाउन र जमिनको क्षति वा बालीनाली वा सम्पत्तिको नाश सम्बन्धित राष्ट्रिय निकुञ्जको आयमा निर्भर नहुने कुरा सुनिश्चित गर्न आवश्यक पुनरावलोकन गर्ने। निकुञ्ज आसपास बस्ने किसानहरूलाई बाली विमा प्रदान गर्ने कुरा यो समस्या समाधानको एउटा उपाय हुन सक्दछ;

(ज) संरक्षण कानुनहरू कार्यान्वयन गर्ने सन्दर्भमा नेपाली सेना र निकुञ्जका अधिकारीहरूबाट भएको भनी आरोप लागेका सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअन्तगर्तगका अपराध र मानवअधिकार उल्लङ्घनहरूको शीघ्र र स्वतन्त्र फौजदारी अनुसन्धान भएको सुनिश्चित गर्ने, र यदि पर्याप्त स्वीकार्य प्रमाण छ भने आरोपितहरूलाई साधारण नागरिक अदालतमा निष्पक्ष पुर्पक्षमार्फत मानवअधिकार मापदण्डको उचित प्रकृयाबमोजिम अभियोजन गर्ने।

२. *वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र राष्ट्रिय निकुञ्ज कार्यालयहरूका लागिः*

(क) संरक्षित वन्यजन्तुबाट राष्ट्रिय निकुञ्ज आसपास र विशेषगरी मध्यवर्ती क्षेत्रहरूमा बालीनाली, गाईवस्तु र सम्पत्तिलाई संरक्षण गर्न आवश्यक उपायहरू अवलम्वन गर्ने;

(ख) क्षतिहरूको समयोचित आङ्कलन र संरक्षित वन्यजन्तुबाट हुने बालीनाली, गाईवस्तु, सम्पत्ति र मानव जीवनको क्षतिविरुद्ध पर्याप्त क्षतिपूर्ति सुनिश्चित गर्ने।

३. *भूमिसम्बन्धी समस्या समाधान आयोगका लागि*

(क) आदिवासी जनजातिको जमिनको अधिकार र बाढी र नदीले धार परिवर्तन गरेको कारणले आफ्नो जग्गा गुमाउने व्यक्तिको अधिकारका सवालमा आयोगको कार्यदिशअन्तर्गत तथ्याङ्क पहिचान र प्रमाणीकरण गर्ने मापदण्डलाई स्पष्ट पार्ने र यी तथ्याङ्कहरूको अन्तिम टुङ्गो लगाउनुअघि परामशर्का लागि प्रभावित र तिनका प्रतिनिधिहरूलाई यी तथ्याङ्कहरू उपलब्ध गराउने;

(ख) योग्य घरपरिवारको पहिचान र जमिन वितरणसम्बन्धी निर्णयहरूका विरुद्ध पुनरावेदनका लागि केन्द्रीय स्तरमा आयोगमा एउटा संरचनाको व्यवस्थालगायत गरेर स्थानीय र जिल्ला स्तरका सहजीकरण समितिहरूको कामकारबाही र निर्णय कार्य स्वतन्त्र र निष्पक्ष भएको सुनिश्चित गर्ने ।

# २. विधि

एम्नेस्टी इन्टरनेसनल, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (आत्मनिर्भर केन्द्र) र थारू समुदायबाट समेत प्रतिनिधित्व गरेका भूमि अधिकारकर्मीहरूद्वारा संयुक्त रूपमा समुदायमा आधारित सहभागितामूलक कार्य अनुसन्धान विधिमा आधारित भएर सन् २०१८ को मईदेखि २०१९ सेप्टेम्बरमा यो प्रतिवेदनका लागि अनुसन्धान गरिएको थियो।

यस अनुसन्धानमा सहभागी भएका सबै अनुसन्धानकर्ताहरूका लागि बर्दिया जिल्लाको ठाकुरद्वारामा समुदायमा आधारित सहभागीतात्मक कार्यमूलक अनुसन्धान (सिपिएआर) का बारेमा पाँच दिने कार्यशाला आयोजना गरिएको थियो। अनुसन्धानको ज्ञान र अनुभव भएको र थारू भाषा पनि बोल्न सक्ने अनुसन्धान लक्षित जिल्लाकै दश जना थारू र पाँच जना गैर थारूहरूसमेत गरी यस तालिममा १५ जना सहभागी थिए। यी सहभागीहरूमध्ये ११ जना महिला थिए जसमा नौ जना त थारू समुदायकै प्रतिनिधि रहेका थिए। यी अनुसन्धानकर्ताहरूलाई सिपिएआर अनुसन्धान कसरी गर्ने भन्ने विषयमा ज्ञान प्रदान गर्न र उनीहरूलाई सशक्तिकृत बनाउनका लागि यो तालिमको आयोजना गरिएको थियो। तीनजना एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रका श्रोत व्यक्तिहरूले तालिमको सहजिकरण गरेका थिए र समुदायबाट सहभागी भएका अन्यले थारूहरूको ऐतिहासिक सीमान्तीकरणका बारेमा अभिमूखिकरण दिएका थिए।

लुम्बिनी प्रदेशको बर्दिया र बागमती प्रदेशको चितवन जिल्लामा स्थलगत अनुसन्धान गरिएको थियो। एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रका अनुसन्धानकर्ता र सथानीय अधिकारकर्मीहरूले बर्दिया र चितवन जिल्लाका आफ्नो जमिनमा पहुँच प्राप्त गर्न समस्या भोगिरहेका थारू समुदायका २७ जनासँग व्यक्तिगत अन्तर्वार्ता लिएका थिए। साथै उनीहरूले ११ वटा लक्षित समूह छलफल (एफजिडि) हरूमार्फत ५० जना भन्दा धेरै कृषक र समुदायका अभियन्ताहरूसँग परामर्श पनि गरेका थिए। यसका साथै केन्द्रीय, प्रादेशिक र स्थानीय तहका ३१ जना सरकारी अधिकारीहरूसँग परामर्श गरिएको थियो र ४६ जना भूमि अधिकारकर्मीहरू, अधिकार विज्ञहरू, नागरिक समाजका प्रतिनिधि, पत्रकार, सांसद, जग्गाधनी, संयुक्त राष्ट्र सङ्घ र अन्य अन्तर्राष्ट्रिय सङ्गठनका प्रतिनिधिहरूसँग परामर्श गरिएको थियो।

यसका अलावा किसान र अधिकारीहरूबाट प्राप्त गरिएका उल्लेख्य सङ्ख्याका सान्दर्भिक सामग्रीहरू (जस्तै जग्गाधनी प्रमाणपत्र, कार्यकारी/प्रशासनिक निर्णयहरू र अदालतका निर्णयहरू) विश्लेषण पनि गरिएको थियो।

सरकारद्वारा चालिएका संरक्षणसम्बन्धी प्रयासहरूका सन्दर्भमा नेपाली सेना र राष्ट्रिय निकुञ्जका अधिकारीहरूद्वारा भएको आदिवासी जनजाति समुदाय र स्थानीय वासिन्दाको मानवअधिकार उल्लङ्घनलाई एम्नेस्टी इन्टरनेसनल नेपालले अनुगमन गरिराखेको छ। आफ्नो आवासबाट निष्कासित गरिएका आदिवासी चेपाङका साथै नगरपालिका र राष्ट्रिय निकुञ्जका अधिकारीहरूसँग एम्नेस्टीले २०७७ साल श्रावणमा अन्तर्वार्ता लिएको थियो। चितवन राष्ट्रिय निकुञ्जमा प्रवेश गरेको आरोपमा सेनाले चेपाङ समुदायका मानिसहरूलाई गिरफ्तार गरी दुर्व्यवहार गर्दै यातना दिएको भन्ने

समाचारहरूका बारेमा भएका अनुसन्धानसम्बन्धी सूचनाहरू नेपाली सेना र नेपाल प्रहरीबाट सङ्कलन गर्ने कार्य पनि भएको थियो।

कोभिड-१९ महामारी र २०७६ चैत्र ११ देखि सरकारले गरेको लकडाउनका कारण पछिल्ला समयमा गरिएका अनुसन्धानहरू भने फिल्ड भ्रमणमा भन्दा पनि डेस्क अनुसन्धान र फोन तथा अन्य इन्टरनेट प्रविधिका माध्यमबाट गरिएका अन्तर्वार्तामा आधारित रहेका छन्।

# २.१ अनुसन्धानले समर्थन गर्ने कार्यहरू

सिपिएआर अनुसन्धानको एउटा अंशका रूपमा अनुभवजन्य प्रमाणको प्रयोग गर्दै एम्नेस्टी इन्टरनेसनल नेपाल, न्याय तथा अधिकार संस्था नेपाल (जुरी-नेपाल), आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमिअधिकार मञ्चले मिति २०७६ असार १० गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई एउटा पत्र बुझाउँदै बर्दिया जिल्लाका थारूहरूले भोगेका मानवअधिकार उल्लङ्घनहरूको संबोधन गर्न र गेरूवा नदीले धार परिवर्तन गरेका कारण बर्दिया निकुञ्ज भित्र पर्न गएको जमिनमा सम्बन्धित जग्गाधनीहरूलाई निर्बाध रूपमा पहुँच प्रदान गर्न अनुरोध गरिएको थियो।

सोही समयमा एक प्रतिनिधिमण्डलले राष्ट्रिय मानवअधिकार आयोग (आयोग) का सदस्य प्रकाश वस्तीलाई भेटी ज्ञापन पत्र बुझाएको थियो जसमा आयोगलाई बर्दिया राष्ट्रिय निकुञ्ज आसपासको वास्तविक अवस्थाको बारेमा अनुगमन र अनुसन्धान गरी प्रभावित थारू किसानको जमिनमाथिको पहुँचका सवालमा सरकालाई उचित सिफारिस गर्न अनुरोध गरिएको थियो।

सरकारले नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरूलाई व्यवहारिकतामा ल्याउनका लागि संसदमा नया कानुनहरू दर्ता गर्न थालेदेखि एम्नेस्टी इन्टरनेसनलले साझेदारहरूसँगको नजिकको परामर्शमा आधारित भएर तीनवटा अलग अलग विस्तृत कानुनी विश्लेषणसहितको *ब्रिफिङ्* प्रकाशन गरेको छ। यी तीन ब्रिफिङ्हरूमा 'नेपालमा खाद्य अधिकार: खाद्य अधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐन २०७५ को विश्लेषण' (अप्रिल २०१९),[3] सबैका लागि पर्याप्त आवासको अधिकार: आवासको अधिकारसम्बन्धी ऐन २०७५ को विश्लेषण (जुन २०१९),[4] भूमिहीन किसानका लागि भूमि: भूमि ऐन २०२१ माथिको टिप्पणी तथा सुझाव (अक्टोबर २०१९)[5] रहेका छन्।

यो संयुक्त अनुसन्धान कार्यले जबर्जस्ती निष्कासनको सवालमा सन् २०२० को जुलाईमा सर्वोच्च अदालतमा एउटा सार्वजनिक सरोकारको मुद्दा दायर गर्न पनि सहयोग गरेको छ।[6] भविष्यमा हुने जबर्जस्ती निष्कासनविरूद्ध यो मुद्दाले न्यायिक हस्तक्षेप होस् भन्ने लक्ष्य राखुका साथै चितवन जिल्लाको माडीका चेपाङलगायतका आदिवासी जनजातिहरूविरूद्ध भएका जबर्जस्ती निष्कासनका घटनाहरूको उपचार प्राप्त गर्ने लक्ष्य राखेको छ।[7] यो लेख्दै गर्दा अदालतको निर्णयलाई पर्खिएको अवस्था छ।

यो प्रतिवेदनलाई २०७८ श्रावण २० गतेसम्मको कुराहरू समेटेर अद्यावधिक गरिएको छ।

---

[3] एम्नेस्टी इन्टरनेसनल *नेपाल: टु एन्ड हङ्गर स्ट्रेन्देन राइट टु फुड ल,* ४ अप्रिल २०१९, www.amnesty.org/en/latest/news/2019/04/nepal-to-end-hunger-strengthen-and-implement-right-to-food-law/

[4] एम्नेस्टी इन्टरनेसनल, *नेपाल: सबैका लागि पर्याप्त आवास: आवासको अधिकारसम्बन्धी ऐनको विश्लेषण,* (Index: ASA 31/0496/2019), ११ जुन २०१९

[5] एम्नेस्टी इन्टरनेसनल, आत्मनिर्भर केन्द्र र जुरी-नेपाल, *नेपाल:भूमिहीन किसानहरूका लागि जमिन:भूमि ऐन २०२१ को संशोधनमाथि टिप्पणी र सुझावहरू,* (Index: ASA 31/1221/2019), ww.amnesty.org/download/Documents/ASA3112212019ENGLISH.pdf

[6] राजुप्रसाद चापागाईंसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, रिट निवेदन नं. २०७७-WO-००३८

[7] काठमान्डु पोष्ट, रिट फाइल्ड एट सुप्रिम कोर्ट सिकिङ्ग इट्स् इन्टरभेन्सन टु स्टेप फोर्सफुल इभिक्सन्ज् अफ पिपल फ्रम डिफरेन्ट प्लेसेज्, २७ जुलाई २०२०, kathmandupost.com/national/2020/07/27/writ-filed-at-supreme-court-seeking-its-intervention-to-stop-forceful-evictions-of-people-from-different-places

# ३. पृष्ठभूमि

## ३.१ ऐतिहासिक सन्दर्भ

नेपालको दक्षिणमा रहेको समथर तराई क्षेत्रले मुलुकको १७ प्रतिशत भूभाग ओगटेको छ तर यस क्षेत्रमा देशको पचास प्रतिशत जनसङ्ख्याको बसोवास रहेको छ।[8] थारू, चेपाङ, सोनाहा जस्ता धेरै आदिवासी जनजाति समूहहरू[9] नेपाल राज्यको स्थापना हुनुपूर्वदेखि नै तराईको घना जङ्गल र आसपासमा बसोवास गर्दै आइरहेका थिए। परम्परागत रूपमा उनीहरू शीकार गरेर, माछा मारेर, खेतीपाती गरेर र जङ्गली सागसब्जी र औषधीजन्य वनस्पती सङ्कलन गरेर बसोवास गरिआएका छन्।

एकजना निकै सम्मानित विज्ञ महेश रेग्मीका अनुसार वि.सं. १८२५ (सन् १७८९) मा नेपालको एकीकरणपश्चात सूरू भएको जग्गाको भोगचलन परम्परा र कर प्रणालीले यी समुदायहरूमा गम्भीर प्रभाव पार्यो। कुलीन शाह र राणा शासकहरूले निरन्तर आफ्नै नाममा र आफन्त तथा सहयोगीहरूको नाममा ठूलठूला जमिनका हिस्साहरू वितरण गरे। यसरी वितरण गरिएका करमुक्त र सन्तान दर सन्तानमा हस्तान्तरण हुने यस्तो भूमिलाई *बिर्ता* भनिन्थ्यो। उदाहरणका लागि राणा शासनको स्थापना (सन् १८४६-१९५१) गर्ने जङ्ग बहादुर राणाले आफैंलाई अहिलेको बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाको ठूलो हिस्सा जमिन *बिर्ता*स्वरूप दिएका थिए। यी जिल्लाहरू पश्चिम तराईमा थारू आदिवासी जनजातिहरूको केन्द्रस्थलको रूपमा रहेको छ।[10] तलबको सट्टामा सरकारी अधिकारी र सेनाका कर्मचारीहरूलाई जमिन दिने अर्को परम्परालाई *जागिर* भनिन्थ्यो।[11] वन र चरण क्षेत्रलगायत आदिवासी समूहहरूको परम्परागत भूभाग बिस्तारै राजधानी काठमाडौंमा बसोवास गर्ने अनुपस्थित जमिनदारहरूको सम्पत्ति बन्न पुग्यो। चितवन र बर्दियाका जङ्गलहरू संभ्रान्त शासक वर्गहरूको नितान्त शीकार खेल्ने स्थलहरू बन्न पुगे।[12]

प्राज्ञिक अनुसन्धानले राज्यले लादेको बोझिलो कर व्यवस्थाले कसरी आदिवासी समूहहरूको जमिनबाट उनीहरूलाई बेदखलीकरण गर्नमा थप योगदान पुर्यायो भन्ने कुरा देखाएको छ। बाली र पारिश्रमिकरहित श्रमका रूपमा कर बुझाउनुपर्दथ्यो र बिचौलियाहरूले यस्तो करको सङ्कलन गर्ने गर्दथे जसले जनताबाट जमिन खोसेर, स्वेच्छाचारी कर असुलेर र चर्को ब्याज दरमा ऋण दिएर सर्वसाधारणको शोषण गरे।[13] यस्तो करको बोझलाई छल्न धेरै थारूहरूले आफ्नो भूमि दर्ता नगर्ने रोजाई लिए र फलस्वरूप उनीहरूसँग जमिनको स्वामित्वसम्बन्धी कुनै कागजी दस्तावेज

---

[8] राष्ट्रिय जनसङ्ख्या तथा आवास जनगणना २०११, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग सचिवालय, नेपाल सरकार। ।

[9] नेपालमा ५९ वटा राष्ट्रिय तहमा कानुनी मान्यता प्राप्त जनजातिहरू रहेका छन् जसलाई आदिवासी जनजाति पनि भनिन्छ। तिनले हाराहारी नेपालको जनसङ्ख्याको ३६ प्रतिशत ओगट्दछन्।

[10] महेश चन्द्र रेग्मी। १९७८। *थ्याच्ड हट्स् एण्ड स्टुक्को प्यालेसेज्: पिजान्ट्स् एण्ड ल्याण्डलर्ड्स् इन नाइन्टिन्थ सेन्चुरी नेपाल,* विकास पब्लिसिङ हाउस प्रा.लि, नया दिल्लि।

[11] महेश चन्द्र रेग्मी। १९७८। *थ्याच्ड हट्स् एण्ड स्टुक्को प्यालेसेज्*।

[12] निना भट्ट,"किङ्गज् याज वार्डेन्ज् एण्ड वार्डेन्ज् याज किङ्गज्: पोष्ट राणा टाइज् बिटुइन नेपाली रोयल्टी याण्ड न्यासनल पार्क स्टाफ", *कन्जर्भेसन एण्ड सोसाइटी,* २००३, भोल्युम १, नं. २, पृष्ठ २४७-२६८।

[13] महेश चन्द्र रेग्मी, ल्याण्ड ओनरसिप इन नेपाल, १९७६, पृष्ठ ११८।

रहेन।[14] यसका अतिरिक्त अधिकारीहरूले जग्गा धनी प्रमाणपत्र नुहुँदाको परिणामका बारेमा जानकारी गराउन सकेका थिएनन्।

२००७ सालमा भएको राणा शासनको अन्त्यपछि पनि आदिवासीहरूको जमिन र जीविका गुम्ने क्रम जारी रह्यो। त्यसबेलासम्म तराईमा बाहिरीयाहरू लामो समयसम्म बिलकुलै बसोवास गर्ने गर्थे किनकी त्यहाँको घना जङ्गलका कारण मलेरियाको जोखिम थियो तर आदिवासी समूहहरूले प्रतिरोधात्मक क्षमता विकास गरिसकेका कारण उनीहरूलाई खासै समस्या थिएन। २००७ साल र २०२७ सालबीचमा त्यतिखेरको पञ्चायत सरकारले विश्व स्वास्थ्य सङ्गठन (WHO) को सहयोगमा तराईमा ठूलो स्तरको मलेरिया उन्मूलन अभियान चलायो र यो क्षेत्रमा पहाडबाट आप्रवसान गरी आउनेहरूलाई बसोवास गराउन थाल्यो। यो पुनर्वास कार्यक्रमले तराईको सामाजिक बनोटमा व्यापक परिवर्तन ल्यायो। धेरैजसो थारूहरूले आफ्नो जमिन दर्ता नगरेको कारण उनीहरूसँग जग्गाधनी प्रमाण पत्र थिएन र यसले उनीहरूलाई ठूलो घाटा हुन पुग्यो। अलि बढी शिक्षित पहाडी आप्रवासीहरूले कसरी शासन प्रणालीमा खेल्ने भन्न जाने र परम्परागत रूपमा थारू तथा अन्य आदिवासी समूहहरूको स्वामित्वमा रहेको त्यहाँको जमिनमाथि आफ्नो आधिपत्य जमाए। यसरी जमिनको मालिक बन्न पुगेकाहरूका लागि थारूहरू मोही बन्न पुगे। धेरै त ऋणमा डुबेका कारण *कमैया* अर्थात बँधुवा मजदुर बन्न बाध्य भए। २०४७ सम्ममा पश्चिम तराईका दशौं हजार थारू परिवारहरू भूमिहीन थिए र *कमैया*का रूपमा काम गरिरहेका थिए।[15]

# ३.२ राष्ट्रिय निकुञ्जहरूको शासन व्यवस्था

आदिवासी समुदायहरूको जमिन र प्राकृतिक श्रोतमाथिको पहुँचमा सन् १९७० को दशकमा सुरू भएको संरक्षण कार्यले थप स्खलन हुन पुग्यो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (निकुञ्ज ऐन) कार्यान्वयन हुने बित्तिकै सन् १९७३ मा चितवन राष्ट्रिय निकुञ्ज स्थापना गरिएको थियो। निकुञ्ज निर्माण गर्नका लागि ठूलो सङ्ख्यामा थारूहरूलाई बलपूर्वक त्यहाँबाट अन्यत्र स्थानान्तरण गरिएको थियो र वनको प्रयोगमा निशेध गर्नका लागि सेनालाई खटाइएको थियो।[16] सन् १९८२ मा बर्दियाको शाही शीकार आरक्षलाई वन्यजन्तु आरक्षको रूपमा पुनर्वर्गीकरण गरिएको थियो र बबई उपत्यकासमेत समेट्ने गरी यसलाई बिस्तार गरिएको थियो। परिणामस्वरुप अन्दाजी ९,६०० मानिसहरूलाई यस ठाउँबाट सन् १९८४ मा अन्यत्र स्थानान्तरण गरिएको थियो। सन् १९८८ मा यसलाई राष्ट्रिय निकुञ्ज घोषणा गरिएको थियो।[17]

अहिले संरक्षित क्षेत्रले नेपालको झण्डै एक चौथाई भूभाग ओगेटेको छ।[18] यसमा १२ वटा राष्ट्रिय निकुञ्जहरू, एउटा वन्यजन्तु आरक्ष, एउटा शीकार आरक्ष, छवटा संरक्षित क्षेत्रहरूका साथै १३ वटा मध्यवर्ती क्षेत्रहरूसमेत पर्दछन्।[19] "स्थानीय जनतालाई निरन्तर रूपमा फाइदाजनक हिसाबमा वन पैदावरको प्रयोगका लागि सुविधा प्रदान गर्न" का लागि राष्ट्रिय निकुञ्ज ऐनअनुसार तोकिएको "राष्ट्रिय निकुञ्ज वा आरक्षको वरिपरीको क्षेत्रलाई मध्यवर्ती क्षेत्र भन्ने बुझिन्छ।[20]

---

[14] अर्जुन गुणरत्ने, द ट्याक्स म्यान कमेथ।दि इम्प्याक्ट अफ रेभिन्यु कलेक्सन अन सब्सिस्टेन्स स्ट्राटिजिज् इन चितवन थारू सोसाइटी", *स्टडिज् इन नेपाली हिस्ट्रि एण्ड सोसाइटि,* १९९६, १(१), पृष्ठ ५-३५।

15 जगन्नाथ अधिकारी एण्ड हरी ढुङ्गाना। २०१०। "द स्टेट एण्ड फोरेस्ट रिसोर्सेज: एन हिस्टोरिकल अन्यालिसिस् अफ पोलिसिज् अफेक्टिङ्ग म्यानेजमेन्ट इन दी नेपलिज् तराई, २९ (१)

16 म्याकलिन, जोआन, कन्जर्भेसन एण्ड दी इम्प्याक्ट अफ रिलोकेसन अन दी थारूज् अफ चितवन, नेपाल," हिमालय, १९९९, भोल्युम १९, नं.२

17 सुदिप जना थिङ, रोय जोन्स् र क्रिस्टिना बर्डसल जोन्ज्, "द पोलिटिक्स अफ कन्जर्भेसन: सोनाह, रिभरस्केप इन दी बर्दिया न्यासनल पार्क एण्ड बफर जोन, नेपाल", *कन्जर्भेसन एण्ड* सोसाइटी, २०१७, १५(३), पृष्ठ २९२-३०३, http://www.conservationandsociety.org/article.asp?issn=0972-4923;year=2017;volume=15;issue=3;spage=292;epage=303;aulast=Thing

[18]आइयुसिएनको परिभाषाअनुसार, "पर्यावरणीय सेवा र साँस्कृतिक मान्यताहरूसँग जोडिएको प्रकृतिको दीर्घकालीन संरक्षण हाँसिल गर्ने उद्दश्यका लागि कानुनी वा अन्य कुनै प्रभावकारी माध्यमबाट मान्यता प्रदान गर्ने, छुट्ट्याउने र व्यवस्थापन गर्ने गरी स्पष्ट रूपमा परिभाषित भौगोलिक स्थानलाई संरक्षित क्षेत्र भनिन्छ।" थप जानकारीका लागि हेर्नुहोस् iucn.org/theme/protected-areas/about

[19] राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण विभाग, dnpwc.gov.np/en/

[20] राष्ट्रिय निकुञ्ज ऐन, दफा २(ङ२), www.lawcommission.gov.np/en/archives/13505

प्राय सबै संरक्षित क्षेत्रहरू आदिवासी जनजातिहरूको पुर्ख्यौली थातथलोमा अवस्थित छन्।[21] यी संरक्षित क्षेत्रहरू तिनीहरूको व्यवस्थापन प्रणालीअनुसार फरक फरक रहेका छन्।[22]

निकुञ्ज ऐन, २०२९ संरक्षित क्षेत्रहरूको व्यवस्थापन गर्ने मूल कानुनको रूपमा रहेको छ। यो कानुनले शीकार गर्न, चरिचरण गर्न, रुख काट्न, कृषिकर्म गर्न वा वनको प्रयोग गर्न निषेध गरेको छ र राष्ट्रिय निकुञ्ज वा आरक्ष क्षेत्रमा सबै खाले निर्माणलाई निषेध गरेको छ। वनको प्रयोगमा गरिएको निषेध तराईका राष्ट्रिय निकुञ्ज र आरक्षहरूमा विशेषगरी कडा स्वरूपको छ जहाँ उच्च मूल्यको वन पैदावर र बङ्गाली बाघ, एकसिङ्गे गैंडा र एसियाली हात्ती जस्ता "मुख्य प्रजातिहरू" रहेका छन्।[23]

संरक्षित क्षेत्रहरूको समग्र व्यवस्थापनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (विभाग) जिम्मेवार रहेको छ। प्रत्येक संरक्षित क्षेत्रमा रहेको विभागको कार्यालयमा प्रमुखका रूपमा एकजना प्रमुख संरक्षण अधिकृत[24] रहेका हुन्छन्। यी सरकारी अधिकृतलाई बिना पुर्जी मानिसलाई गिरफ्तार गरी हिरासतमा राख्ने अधिकार रहेको हुन्छ।[25] झण्डै ६,७७८ नेपाली सेनाका सुक्षाकर्मीहरू ले देशभरीका १३ वटा संरक्षित क्षेत्रहरूमा सुरक्षा प्रदान गरेका छन्।[26] संरक्षित क्षेत्र आसपास बस्ने सयौं समुदायहरूमा निगरानी गर्ने र कानुन कार्यान्वयन गराउने फराकिलो अधिकार उनीहरूसँग रहेको हुन्छ। तर कानुनद्वारा उनीहरूको खास अधिकारक्षेत्रलाई परिभाषित गरिएको छैन। नेपालको संविधानले नेपाल सरकारलाई “नेपाली सेनालाई सङ्घीय कानुनबमोजिम विकास, निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्ने" अधिकार दिएको छ।[27] राष्ट्रिय निकुञ्ज ऐन एउटा सङ्घीय कानुन भएतापनि यसमा नेपाली सेना र राष्ट्रिय निकुञ्जको सुरक्षामा उसको जिम्मेवारीको बारेमा उल्लेख गरिएको छैन। बरू यो ऐनले नेपाल सरकारलाई “आवश्यक व्यवस्था गर्न" स्वेविवेकीय अधिकार प्रदान गरेको छ।[28] सैनिक ऐन, २०६३ मा पनि राष्ट्रिय निकुञ्जहरूको सुरक्षामा नेपाली सेनाको जिम्मेवारीका बारेमा कुनै व्यवस्था गरिएको छैन।

चितनवको मध्यवर्ती क्षेत्रमा गरिएको एउटा हालसालैको अध्ययनले भने संरक्षणमा नेपाली सेनाको भूमिका बढिरहेको र राष्ट्रिय निकुञ्जहरूमा सैनिकीकरण बढ्दो रहेको पाएको छ।[29] नेपाल सरकारले अनुमोदन गरेको एउटा “विशेष कार्यविधि"अनुसार राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीहरूसँगै प्राथिमक गस्ती गर्ने कार्यमा मात्रै नेपाली सेनाको जिम्मेवारी सीमित रहेको बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत बिष्णुप्रसाद श्रेष्ठले एम्नेस्टी इन्टरनेसनललाई बताए।[30] यदि नेपाली सेनाका सुरक्षाकर्मीले राष्ट्रिय निकुञ्जसम्बन्धी कानुन उल्लङ्घनको घटना फेला पारेमा त्यस्तो उल्लङ्घनकर्तालाई समाती तत्काल राष्ट्रिय निकुञ्जका अधिकारीहरूलाई बुझाउने उनीहरूको कर्तव्य रहेको हुन्छ।

सेनाका सुरक्षाकर्मीहरूलाई हतियार प्रयोग गर्ने अधिकार पनि दिइएको छ।राष्ट्रिय निकुञ्ज ऐन को दफा २४ (२) ले “अख्तियार प्राप्त अधिकारी"लाई वन्यजन्तुसम्बन्धी कसुर गरेको सन्दिग्ध कसैलाई गोली हान्ने अधिकार दिएको छ र

[21] स्टान स्टिभेन्ज्, निमा पाठक ब्रुम र टिलम्यान जेगर, "रिकग्नाइजिङ एण्ड रेस्पेक्टिङ्ग आइसिसिएज् ओभरल्याप्ड बाई प्रोटेक्टेड एरियाज्", २०१६ र आइसिसिए कन्सोर्टियमका लागि प्रतिवेदन, यहाँ उपलब्ध छः iccaconsortium.org

[22] सुदिप जना र नय शर्मा पौडेल, "रिडिस्कभरीङ इन्डिजिनस पिपल्ज् एण्ड कम्युनिटि कन्जर्भ्ड एरियाज् (ICCAs) इन नेपाल", फोरेस्ट याक्सन नेपाल, २०१०

[23] स्टान स्टिभेन्ज, "न्यासनल पार्क्स् एण्ड आइसिसिएज् इन दी हाइ हिमालयन रिजन अफ नेपाल: च्यालेन्जेज् एण्ड अपरच्युनिटिज्, *कन्जर्भेसन एण्ड सोसाइटी,* २०१३, भोल्युम ११, इस्यु १, पृष्ठ २९-४५, www.conservationandsociety.org/text.asp?2013/11/1/29/110946

[24] चिफ वार्डेन वा चिफ कन्जर्भेसन अफिसर पनि भनिने।

[25] सन् २०१७ सम्ममा राष्ट्रिय निकुञ्ज ऐनले संरक्षण अधिकृतलाई घटनाहरूमा फैसला गर्न सन्दिग्धहरूलाई १५ वर्षसम्म जेल सजाय गर्ने अधिकार दिएको थियो।

26 नेपाली सेनाको वेबसाइट, नेपाली आर्मी बियोन्ड प्राइमरी ड्युटिज्, nepalarmy.mil.np/page/bpd. सन् २०१४ को तुलनामा सेनाको यो कुल सङ्ख्या केही कम हो जुनबेला "७,६२७ सेनाका सुरक्षाकर्मीहरू १० राष्ट्रिय निकुञ्ज, ३ संरक्षित क्षेत्र र ६ वटा संरक्षित वनका १३८ नाकाहरूमा परिचालित थिए।” हर्नुहोस् nepalarmy.mil.np/viewnews/143

[27] धारा २६७ (४)

[28] दफा ३ ख (१)

[29] योगेश डङ्गोल, रोडेरिक पि. निउम्यान, “स्टेट मेकिङ् थ्रु कन्जर्भेसन: द केस अफ पोस्ट कन्फ्लिक्ट नेपाल”, *पोलिटिकल जियोग्राफि,* मार्च २०२१, भोल्युम ८५, पृष्ठ १०२३२७,www.sciencedirect.com/science/article/abs/pii/S0962629820303905?via%3Dihub

[30] १३ अक्टोबर २०२० (२०७७ असोज २७) मा भएको कुराकानी

यसरी “गोली चलाउँदा कसूरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्नेछैन"भनी व्यवस्था गरेको छ। यो व्यवस्थाले संविधानले प्रत्याभूत गरेको जीवनको अधिकारलाई उल्लङ्घन गरेको छ।

सम्बन्धित राष्ट्रिय निकुञ्जको अधिकारीले सबै कानुनी प्रकृयाहरूको जिम्मेवारी लिने व्यवस्था छ जबकी नेपाल प्रहरीको भूमिका फौजदारी अनुसन्धान गर्ने रहेको छ। सेना बाहेक राष्ट्रिय निकुञ्जको सुरक्षा व्यवस्था गर्न अरु कुनै पनि सशस्त्र सुरक्षा गार्डको व्यवस्था गरिएको छैन।[31]

चितवन राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्ज नेपालका प्रमुख संरक्षित क्षेत्रहरूमध्येका दुई हुन्। चितवन राष्ट्रिय निकुञ्ज युनेस्कोको एउटा विश्व संपदा क्षेत्र हो र नेपालको सबैभन्दा धेरै राजस्व आर्जन गर्ने संरक्षित क्षेत्र हो।[32] यो निकुञ्जको मध्यवर्ती क्षेत्रमा लगभग २,६०,३५२ मानिसहरूको बसोवास रहेको छ जसमा अधिकाँश थारू रहेका छन्।[33] चेपाङ, बोटे, कुमाल र मुसहर जस्ता अन्य आदिवासी समूहहरू पनि यो क्षेत्रमा बसोवास गर्दछन्। बर्दिया राष्ट्रिय निकुञ्ज तराईको सबैभन्दा ठूलो संरक्षित क्षेत्र हो र यसको मध्यवर्ती क्षेत्रको जनसङ्ख्या १,१४,२०१[34] रहेको छ। थारूका अलावा सोनाहा, राजी र कुमाल जस्ता साना आदिवासी समूहहरूले यो निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोवास गरेका छन्।

# ३.३ मध्यवर्ती क्षेत्रको व्यवस्थापन

स्थानीय जनताको दृष्टिकोणबाट मध्यवर्ती क्षेत्रसम्बन्धी नीति जबर्जस्तीयुक्त रहेको छ किनभने यसले संरक्षण अधिकृतको क्षेत्राधिकार निकुञ्ज बाहिरसम्म बढाएको छ।[35] मध्यवर्ती क्षेत्रसम्बन्धी नियमावलीले जनतालाई वन पैदावरको सीमित प्रयोगको अधिकार दिएको छ। प्रत्येक मध्यवर्ती क्षेत्रमा एउटा निर्वाचित मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति रहेको हुन्छ। तथापि, अन्तिम निर्णायक अधिकारी भने संरक्षण अधिकृत नै हुनेगर्दछन् जोसँग समितिको निर्णय उल्टाउने र समितिलाई नै विघटन गर्न सक्ने सम्मको अधिकार रहेको हुन्छ।[36]

निकुञ्ज ऐनले निकुञ्जको ३० देखि ५० प्रतिशत आय मध्यवर्ती क्षेत्रको विकास र संरक्षण गतिविधिहरूका लागि विनियोजन गर्ने व्यवस्था गरेको छ। तर अध्ययनहरूले यस्ता गतिविधिहरूले आदिवासी जनजातिहरूको प्राथमिकतालाई बिरलै संबोधन गरेको देखाएको छ।[37] तराईका राष्ट्रिय निकुञ्जहरूका मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिहरूमा निकुञ्जका कानुन र नियमावलीहरूबाट सबैभन्दा बढी प्रभावित आदिवासी समूहहरू र महिलाको प्रतिनिधित्वको अभाव रहेको छ।[38] आफ्नो पर्यावरण र श्रोतहरूको दीर्घकालीन व्यवस्थापनको बारेमा गहिरो ज्ञान भएपनि आदिवासी जनजाति समुदायहरूलाई संरक्षणसम्बन्धी नीतिहरू तय गर्ने अवसर दिइएको छैन।[39]

राष्ट्रिय निकुञ्ज ऐनको दफा ५ ले निम्न गतिविधिहरू गर्न गैरकानुनी हुने व्यवस्था गरेको छ:

- घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी खुवाउन,

---

[31] २०७७ असोज २७ मा भएको कुराकानी

[32] हाकाहाकी, संरक्षित क्षेत्रले ५८ प्रतिशत राजश्व वृद्धि भएको जानकारी २०७४ फालुगन ३ hakahakionline.com/en/804/protected-areas-report-58-percent-surge-in-revenue/

[33] चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन योजना, २०१३–२०१७

[34] बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन योजना, २०१६–२०२०

[35] जोम टि हेइनन् र जय मेहता, इमर्जिङ इस्युजे एण्ड प्रोसिज्युरल आस्पेक्ट्स अफ बफर जोन म्यानेजमेन्ट उइद केस स्टडिज् फ्रम नेपाल, जर्नल अफ इन्भाएरन्मेन्ट एण्ड डिभलप्मेन्ट, मार्च २०००, भोल्युम ९, पृष्ठ ४५–६७।

[36] हेर्नुहोस् मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को दफा १३ र १४

[37] ठाकुर सिलवालसमेत, "रेभिन्यु डिस्ट्रिब्युसन प्याटर्न एण्ड पार्क पिपल कन्फ्लिक्ट इन चितवन नेसनल पार्क, नेपाल", *वनको जानकारी,* मई २०१३

[38] संगिता थापा, "उइमिन एण्ड उड्ज: रिक्लेमिङ इक्वालिटि इन रिसोर्स गभर्नेन्स", जर्नल अफ फोरेस्ट एण्ड लाइभ्लिहुड, अगस्ट २०१६, भोल्युम १४ (१), पृष्ठ २८-४०

[39] रमेश कुमार सुनाम, दिपक विश्वकर्मा र कुमार बहादुर दर्जी, कन्जर्भेसन पोलिसि मेकिङ्ग इन नेपाल: प्रोब्लमटाइजिङ्ग दी पोलिटिक्स अफ सिभिक रिजिस्टन्स, *कन्जर्भेसन एण्ड सोसाइटि,* २०१५, अङ्क १३, इस्यु २, पृष्ठ १७९-१८८

- वन्यजन्तुको शीकार गर्न,
- जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरु आकार बनाउन वा भोग गर्न,
- कुनै भूभाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,
- रुख, बिरुवा, झाडी वा अन्य कुनै वन पैदावार काट्न, ढाल्न, हटाउन, छेक्न वा वन पैदावार सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरु कुनै प्रकारले हानि नोकस्नानी पुर्याउन वा वन पैदावर ओसारपसार गर्न,
- खानी खन्न, ढुङ्गा खन्न वा कुनै खनिज पदार्थ, ढङ्गा, कङ्कड, माटो वा अन्य यस्तै पदार्थ हटाउन,
- हातहतियार खरखजाना वा विष साथमा लैजान वा प्रयोग गर्न,

माछा मार्न, पशु चरण गर्न र वन पैदावर सङ्कलन गर्नमा लगाइएको यी बन्देजहरूले आदिवासी जनजातिहरूको जीविका र साँस्कृतिक जीवन जोखिममा पारेको छ। निकुञ्जका वन्यजन्तुहरूले उनीहरूको बालीनालीमा नियमित जसो आक्रमण गर्ने तथा उनीहरूको झुपडीहरूमा क्षति पुर्याउने गर्दछन्। निकुञ्जको सीमाना सरेर उनीहरूको जग्गालाई निकुञ्जभित्रै समाहित गरेपछि धेरैले आफ्नै जमिनमाथिको पहुँच गुमाएका छन्। अन्य कतिपयले भने नेपाली सेना र राष्ट्रिय निकुञ्जका अधिकारीहरूद्वारा भएको जबर्जस्ती निष्कासन, उत्पीडन, यौन दुर्व्यवहार, स्वेच्छाचारी हिरासत, यातना र अन्य स्वरुपका दुर्व्यवहार तथा गैरकानुनी हत्याका घटनाहरूलाई सामना गरेका छन्।[40] यस प्रतिवेदनमा दस्तावेजीकरण गरिएका घटनाहरूले देखाएजस्तै यस्ता मानवअधिकार उल्लङ्घनका घटनाहरू अक्सर चितवन र बर्दिया दुवै राष्ट्रिय निकुञ्जमा वर्तमान समयमा पनि कुनै पनि समाधान र उपचारबिना जारी रहेका छन्।

यसका अतिरिक्त एउटा स्वतन्त्र विज्ञमन्डलीले नोभेम्बर २०२० मा प्रकाशित गरेको प्रतिवेदनले प्रकृतिका लागि विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूले संरक्षणका प्रयासहरूमा सहयोग गर्ने क्रममा मानवअधिकारमा आधारित पद्धतिको अभाव रहेको इङ्गित गरेको छ। यो अनुसन्धानले सरकारको संरक्षणम्बन्धी प्रयासहरूका सवालमा डब्लुडब्लुएफले आफ्नो विद्यमान पद्धतिमाथि पुनरावलोकन गर्न आवश्यक रहेको कुरामाथि प्रकाश पारेको छ।[41] नेपाल र अन्य देशका संरक्षण क्षेत्रहरूमा आरोप लगाइएका मानवअधिकार दुर्व्यवहारका सम्बन्धमा डब्लुडब्लुएफले नेपाल र अन्य देशहरूमा खडा गरेको एउटा स्वतन्त्र विज्ञमण्डलीले "आदिवासीहरूको अधिकार र प्राकृतिक साधनमाथिको पहुँचको सवालमा संरक्षित क्षेत्रका रेन्जर र सेनाका संरक्षण इकाईलगायत सरकारविरुद्ध परेका उजुरीहरूको पुनरावलोकन र सुनुवाइका लागि एउटा स्वतन्त्र संयन्त्र" अवलम्वन गर्न डब्लुडब्लुएफलाई सिफारिस गरेको छ।[42] यो प्रतिवेदनले थप के पनि सिफारिस गरेको छ भने डब्लुडब्लुएफ नेपालले "सीमान्तकृत समुदाय र समूहहरूको मध्यवर्ती क्षेत्र व्यवस्थापन निकायहरूबाट भएको बहिष्करणलाई अन्त्य गर्नका लागि आवश्यक सुधारको पैरवी गर्नुपर्दछ र वर्तमान संरक्षणसम्बन्धी कार्य र संयन्त्रहरूले सुमदायका सबैको प्रतिनिधित्व र हित गरेको सुनिश्चत गर्नका लागि सक्दो प्रयास गर्नु पर्दछ"।[43]

---

[40] जगन्नाथ अधिकारी र शरद घिमिरे (संपादित), *वातावरणीय न्याय:श्रोत सँगालो*। मार्टिन चौतारी, २००३, काठमाडौं, नेपाल

[41] लाहुर्निप र राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ, नेपालको चितवन राष्ट्रिय निकुञ्जमा आदिवासी जनाजातिहरूको मानवअधिकार उलल्ङ्घन, फेब्रुअरी २०२०, यहाँ उपलब्ध छ: https://www.iwgia.org/images/publications/new-publications/2020/Violation_of_Indigenous_Peoples_Human_Rights_in_Chitwan_National_Park_of_Nepal.pdf र २२ मे २०१८ मा प्रकाशित *मेन इन ग्रिन*लगायत श्रद्धा घलेद्वारा लिखित श्रृङ्खलाबद्ध लेखहरू, यहाँ उपलब्ध छन्: http://kathmandupost.ekantipur.com/news/2018-05-22/men-in-green.html. डब्लुडब्लुएफका अलावा श्रद्धा घलेले जुलोजिकल सोसाइटि अफ लन्डन-नेपाल, प्राकृतिक श्रोत र प्रकृतिको संरक्षणका लागि अन्तर्राष्ट्रिय सङ्घ, युएसएआइडि र अन्यले पनि एउटा मानवअधिकार आधारित पद्धति नऔंल्याएको जनाउनुभएको छ।

[42] डब्लुडब्लुएफको संरक्षणसम्बन्धी कामका सन्दर्भमा सवालमा सञ्चार माध्यममा उठाइएको मानवअधिकार उलल्ङ्घनका आरोपहरूमाथि स्वतन्त्र विज्ञमण्डलीको स्वत्नत्र पुनरावलोकनसम्बन्धी प्रतिवेदन, इम्बेडिङ्ग ह्युमन राइट्स् इन नेचर कन्जर्भेसन: फ्रम इन्टेन्ट टु याक्सन, नोभेम्बर २०२०, पृष्ठ १२१, यहाँ रहेको छ: https://wwfint.awsassets.panda.org/downloads/independent_review___independent_panel_of_experts__final_report_24_nov_2020.pdf

[43] स्वतन्त्र विज्ञ मण्डलीको प्रतिवेदन, पृष्ठ ११

# ४. भूमिमा आश्रित आदिवासी जनजातिविरुद्धको मानवअधिकार उल्लङ्घन

## ४.१ निरन्तर जबर्जस्ती निष्कासनको त्रासमा बस्नुपर्ने अवस्था

एउटा ठूलो सङ्ख्याको आदिवासी जनजाति समुदायका मानिसहरूलाई राष्ट्रिय निकुञ्जहरू स्थापनाका क्रममा जबर्जस्ती निष्कासन गरिएको थियो।[44] त्यसैबेलादेखि धेरैजसो अव्यवस्थित आवासहरूमा बसोवास गर्दै आइरहेका छन्। मध्यवर्ती क्षेत्रमा बसोवास गरिरहेका कतिपयलाई प्राकृतिक श्रोतको पहुँचमा इन्कार गरिएको छ र उनीहरूको परम्परागत पेशाहरू जस्तै माछा मार्ने, पशु चराउने, स्थानान्तरण खेती गर्ने, खनी खोस्रेर सुन उत्खनन् गर्ने आदि अभ्यास गर्नबाट वञ्चित गरिएको छ। लगातारका बाढीहरूले आफ्नो जमिन कटान गरी राष्ट्रिय निकुञ्जको सीमानाभित्र पारिदिएपछि अन्यले आफ्नो भूमिमा पहुँच प्राप्त गर्न सकेका छैनन्।

बर्दिया जिल्लामा पुस्तौंदेखि आफ्नो स्वमित्वमा रहेको, भोगचलन गरेको वा आफूले खेती गरेको जमिनमा थारू किसानहरूलाई पहुँच दिइएको छैन। वैकल्पिक आवास र भूमिको उचित प्रवन्ध नगरिएको हुनाले उनीहरू सार्वजनिक जमिनमा अव्यवस्थित बसोवासी हुन पुगेका छन्।

एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रले बर्दिया र चितवनलगायत जिल्लामा राष्ट्रिय निकुञ्जका अधिकारीहरूले गरेका हालसालैका थुप्रै जबर्जस्ती निष्कासनका घटना र जबर्जस्ती निष्कासनका प्रयासहरूका बारेमा दस्तावेजीकरण गरेका छन्। नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वका साथै हालसालै लागू गरिएको आवासको अधिकारसम्बन्धी ऐनअन्तर्गतको कानुनी मापदण्डलाई प्राय बेवास्ता गरिएको छ।[45] सन् २०२१ अप्रिलसम्ममा यो ऐनको कार्यान्वयनका लागि कुनै नियमावलीहरू बनाइएको छैन।

[44] संयुक्त राष्ट्र सङ्घ, मानवअधिकार परिषद्, १२ औं सत्र, २००९, आदिवासी जनजातिहरूको मानवअधिकार र आधारभूत स्वतन्त्रताको अवस्थासम्बन्धी विशेष प्रतिवेदक जेम्स अनायाको प्रतिवेदन, UN Doc A/HRC/12/34/Add.3, p. 10-12, undocs.org/A/HRC/12/34/Add.3%26Lang=E
[45] आवासको ऐन २०७५, दफा ५ (४)

**जबर्जस्ती निष्कासन भनेको के हो?**

जबर्जस्ती निष्कासन भनेको कानुनी संरक्षण र अन्य सुरक्षात्मक व्यवस्थाहरू बिनै मानिसले बसोवास गरिराखेको घर वा जमिनबाट उनीहरूको इच्छाविपरित हटाउने कार्य हो। संयुक्त राष्ट्र सङ्घको मानवअधिकार आयोगले जबर्जस्ती निष्कासनको कार्यले मानवअधिकार, खासगरी आवासको अधिकारको घोर उल्लङ्घन हुन्छ भनी भनेको छ।[46] राज्यले बलको प्रयोग गरी गर्ने जुनसुकै निष्कासनलाई जबर्जस्ती निष्कासन भनिँदैन। उचित प्रकृया (due process) अवलम्वन नगरी गरिएका निष्कासनहरूलाई खासमा जबर्जस्ती निष्कासन भनेर बुझिन्छ। आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको कार्यान्वयनका लागि स्थापित निकाय आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले जबर्जस्ती निष्कासनलाई "व्यक्ति, परिवार र/वा समुदायलाई उनीहरूले ओगटेको वा बसोवास गरेको आवास र/वा जमिनबाट उचित कानुनी वा अन्य संरक्षणात्मक स्वरूपको व्यवस्था नगरी र सोमा पहुँच प्रदान नगरी इच्छा विपरित स्थायी वा अस्थायी रूपमा हटाउने कार्य" भनी परिभाषित गरेको छ।[47]

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुसार निष्कासनका सबै अन्य सम्भाव्य विकल्पहरूको अन्वेषण गरी उचित प्रकृयागत संरक्षणात्मक उपायहरूको व्यवस्था गरिसकेपछि अन्तिम अवस्थामा मात्रै जबर्जस्ती निष्कासनको कार्य गर्न सकिनेछ।

यस्ता सुरक्षात्मक उपायहरूमा निम्न कुराहरू पर्दछन्ः

- प्रभावितहरूसँग साँचो र वास्तविक परामर्शका लागि उचित अवसर;
- निष्कासन गर्नुअघि प्रभावितहरूलाई पर्याप्त र उचित सूचना;
- निष्कासन गर्न लागिएको प्रस्तावित जमिन कुन हो र सो जमिन वा आवासलाई निष्कासन गराई सकेपछि के प्रयोजनका लागि प्रयोग गरिने हो भन्ने बारेको जानकारी प्रभावित सबैलाई उचित समयमा उपलब्ध गराउने;
- निष्कासनका बेला सरकारी अधिकारी वा तिनका प्रतिनिधि उपस्थित हुनुपर्ने;
- निष्कासन गराउन लागिएकाहरू जोसुकैलाई उचित तरिकाले पहिचान गर्ने;
- प्रभावित जनसमुदायले स्वीकार गरेको अवस्था बाहेक खराब मौसमका बेला वा रातको समयमा निष्कासनको कार्य नगर्ने;
- कानुनी उपचारको व्यवस्था गर्ने;
- अदालतबाट उपचारको खोजी गरी राखेकाहरूलाई सम्भव भएसम्म कानुनी सहायताको व्यवस्था गर्ने।

सरकारहरूले निष्कासनका कारण कसैको पनि मानवअधिकार उल्लङ्घन नभएको तथा कोही पनि आवासविहीन नभएको सुनिश्चित गर्नुपर्दछ। निष्कासनअघि नै प्रभावित भएकाहरूलाई पर्याप्त आवास र सबै क्षतिहरूको क्षतिपूर्ति उपलब्ध गराइनुपर्दछ।[48]

## ४.१.१ चितवन राष्ट्रिय निकुञ्ज

चितवन राष्ट्रिय निकुञ्ज (सीएनपी) का अधिकारीहरूले २०७७ श्रावण ३ गतेका दिन चेपाङ आदिवासी जनजाति समुदायका १० घर परिवारलाई जबर्जस्ती हटाए।

---

[46] मानवअधिकार आयोग प्रस्ताव १९९३/७७, अनुच्छेद १

[47] सामान्य टिप्पणी नं. ७, अनुच्छेद ३

[48] जबर्जस्ती निष्कासनसम्बन्धी सामान्य टिप्पणी नं.७, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय समिति, अनुच्छेद १५ र १६

चेपाङहरू अत्यन्तै सीमान्तकृत आदिवासी समूहहरू हुन् जो पुस्तौंदेखि चितवनको जङ्गलमा बसोवास गर्दै आइरहेका छन्। २०६८ सालको जनगणनाअनुसार उनीहरूको जनसङ्ख्या ७० हजार हाराहारी रहेको छ। उनीहरू अर्ध फिरन्ते मानिसहरू हुन् जसको प्राथमिक जीविकोपार्जनमा शीकार गर्ने, सङ्कलन गर्ने र स्थानान्तरण खेती गर्ने आदि पर्दछन्। उनीहरूमध्ये धेरैले वर्तमान संरक्षणको सन्दर्भमा यी अभ्यासहरूलाई जारी राख्न सङ्घर्ष गरिरहेका छन्।[49] अधिकाँश चेपाङहरू गरिब भूमिहीन छन् र घुमेर खोजी ल्याउने खानामा भर पर्दछन्।[50]

निकुञ्जका अधिकारीहरूले २०७७ साल श्रावण ३ गते चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र माडी नगरपालिका वडा नं. ९ कुसुमखोलाको दुईवटा छाप्राहरू जलाइदिनुका साथै अन्य आठवटा छाप्राहरू ध्वस्त पारिदिएका प्रभावित चेपाङ परिवारले एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रलाई बताए।[51] मकवानपुर जिल्लामा आएको बाढी र पहिरोको कारण ती परिवारहरू सन् २०१७ देखि विस्थापित भएका थिए र त्यसबेलादेखि उनीहरू पुनर्आवासमा गएका थिए। वनमा आश्रित भएकाले उनीहरू चितवन राष्ट्रिय निकुञ्ज आसपासमा अनौपचारिक तवरमा बसेका थिए तर निकुञ्जको सीमा आसपास भने बसेका थिएनन्।

सन् २०१७ मा नगरपालिकाले तयार पारेको एक प्रतिवेदनका अनुसार यस क्षेत्रमा अनौपचारिक रूपमा बसोबास गर्ने भूमिहीन व्यक्तिहरूको १६० घर थियो। सन् २०१८ र २०१९ मा नगरपालिकाले उनीहरूमध्ये धेरैलाई राईटोल डाँडा, कृष्णनगरको सामुदायिक जंगलभित्रको नयाँ जग्गामा पुनर्वास गराएको छ। कुसुमखोलाका यी चाँडै निष्कासित हुने केवल १० घरहरूलाई मात्र पुनर्वास गराउन बाँकी रहेको थियो।[52]

निकुञ्जका अधिकारीहरू पहिला आफूले खेती गरेको जमिनमा सातवटा हात्ती चराउँदै र मकैको बालीलाई क्षति पुऱ्याउँदै आवास नजिक आएको एकजना पीडितले एम्नेस्टी इन्टरनेसनललाई बताए।[53] त्यसपछि उनीहरूले दुईवटा घरमा आगो लगाइदिए र हात्तीहरूलाई अन्य घरहरू कुल्चीकाल्ची पारी ध्वस्त पार्न लगाए। दश चेपाङ परिवारले आफ्नो घर गुमाए र उनीहरूको सामान, पैसा र परिचय पत्र पनि नष्ट हुन पुग्यो।[54]

गङ्गामाया चेपाङले हिमालय टेलिभिजनलाई भनिन्:

> **"हामीले उनीहरूलाई अब हामी कहाँ जाने भनेर सोध्यौं। हामीसँग सिरक डस्ना केही थिएन। उनीहरूले हामीलाई स्कूल देखाएर 'उ त्यहाँ गएर सुत' भने। हामीसँग लाउने लुगा पनि केही छैन भन्यौं। हामीले के खाने? हाम्रो सबै भाँडावर्तन पनि आगोले नष्ट गरिदिएको थियो। उनीहरूले 'तिमीहरूको आँसु हामीलाई नदेखाऊ' भने।"**[55]

---

[49] राई, एन.के., पिपल अफ दी स्टोन्ज्: दी चेपाङ्ज् अफ सेन्ट्रल नेपाल, १९८५, किर्तिपूर, सेन्टर फर नेपाल एण्ड एसिएन स्टडिज्, त्रिभुवन विश्वविद्यालय। यो पनि हेर्नुहोस्: ilo.org/global/about-the-ilo/mission-and-objectives/features/WCMS_083550/lang--en/index.htm

[50] नेपाल सरकार, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय। फेब्रुअरी २०२०। नागढुङ्गा-नौबिसे-मुगलिङ् (एनएमएम) अन्तर्गतका सडक र पुलहरू, रणनीतिक सडक कनेक्टिभिटि र व्यापार सुधार परियोजना (एसआरिएसटिआइपि) को इन्डिजिनस पिपल डिभलपमेन्ट प्लान (आइपिडिपि) सम्बन्धी अन्तिम प्रतिवेदन

[51] एम्नेस्टी इन्टरनेसनल नेपालले २०७७ श्रावण ५ मा पीडित चेपाङसँग गरेको फोन अन्तर्वार्ता

[52] काठमाण्डु पोष्ट, चितवन पार्क अथरिटि अक्युज्ड अफ बर्निङ्ग हट्स् अफ ल्याण्डलेस स्क्वाटर्ज् इन माडी, २० जुलाई २०२०, https://tkpo.st/3fQ9zgA

[53] दानबहादुर पुर्जासँग एम्नेस्टी नेपालले २०७७ श्रावण ५ मा गरेको सञ्चार ।

[54] हेर्नुहोस् इन्सेकको प्रतिवेदन (नेपालीमा मात्र) यहाँ उपलब्ध छ: http://inseconline.org/np/wp-content/uploads/2020/10/Kusum-Khola-Fact-Finding-Report-2077-Kartik.pdf

[55] हिमालय टेलिभिजन कार्यक्रमबाट लिइएको भनाई, निकुञ्ज अधिकारीहरूले घरमा आगो लगाइदिएपछि चेपाङ परिवारहरूको बिचल्ली, २०७७ श्रावण १०, https://www.himalayatv.com/2020/07/25/6856/

विद्यालयमा केही रात बिताएपछि प्रभावित व्यक्तिहरू सोही मध्यवर्ती क्षेत्रको वार्ड नं. ८ को नदी नजिकै क्षेत्रमा गैरसरकारी संस्थाहरूले राहत स्वरूप दिएको पाल हालेर अस्थायी आवास बनाएर बसिरहेका थिए। उनीहरूले कुनै सरकारी सहयोग प्राप्त गरेका थिएनन्। न त उनीहरूलाई कुनै क्षतिपूर्ति नै प्रदान गरिएको थियो।[56]

निकुञ्जका अधिकारीहरूले भने आवासमा तोडफोड र आगजनी भएको अस्वीकार गरेका छन्। "निकुञ्जका केही कर्मचारी र नेपाली सेनाका सुरक्षाकर्मीहरू उक्त आवास क्षेत्रमा गाउँलेहरूलाई ठाउँ खालि गर्न अनुरोध गर्न गएका थिए। तर उनीहरूले स्थानीयहरूले दाबी गरेजस्तो छाप्रामा आगो लगाएका छैनन्। मलाई जानकारी दिइएअनुसार केही झुपडीहरू भत्काइएको थियो ...कुसुमखोला र बाँदरझुलाका केही क्षेत्रका वस्तीहरू निकुञ्जको क्षेत्र अतिक्रमण गरेर निर्माण गरिएको छ। हामी ती क्षेत्रहरूलाई पुनः निकुञ्जमा ल्याउनका लागि पहल गरिरहेका छौं," निकुञ्जका प्रमुख संरक्षण अधिकृत नारायण रुपाखेतीले भने।[57]

पीडितहरूले भने आफूहरू स्थानान्तरण हुन तयार रहेको र सुक्खा मौसमको पर्खाइमा रहेको सञ्चार माध्यमलाई बताए।[58]

वडा नं. ९ का प्रमूख शिव हरी सुवेदीले भने: "वडा कार्यालय र नगरपालिकाले स्थानान्तरणका लागि उपयुक्त स्थानको खोजी गरिरहेका छन् तर यसको लागि समय लाग्छ ...राष्ट्रिय निकुञ्जले...यी सुकुमवासीलगायत स्थानीय समुदायहरू कोरोना महामारी र वर्षायामबाट हुने विपतबाट जोगिन प्रयत्नरत रहेको अवस्थामा एक हप्ते निष्कासनको सूचना दिने विकल्प रोजे।"[59]

चितवनका प्रमुख जिल्ला अधिकारी[60] नारायण प्रसाद भट्टराईले निकुञ्जका अधिकारीहरूले स्थानीय सरकारका अधिकारीहरूलाई जानकारी नगराइकनै कारबाही गरेको कुरा सञ्चार माध्यमलाई पुष्टी गरे।[61]

एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रको बुझाइ के रहेको छ भने निष्कासन गर्नु एक हप्ता अघि मौखिक सञ्चार मात्र भएको थियो र यो अन्तरार्ष्ट्रिय मापदण्ड र नयाँ आवासको अधिकारसम्बन्धी ऐन विपरित छ।[62] अनधिकृत रूख कटानीका साथै राष्ट्रिय निकुञ्ज क्षेत्रमा घर र बाटो निर्माण गर्ने योजनाका सवालमा स्थानीय अधिकारीहरू र राष्ट्रिय निकुञ्जका अधिकारीहरूका बीच विद्यमान विवादको पृष्ठभूमिमा यी जबर्जस्ती निष्कासनहरू हुन पुगेको पनि यी संस्थाहरूको बुझाइ रहेको छ।

एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रको मूल्याङ्कनमा यो एउटा जबर्जस्ती निष्कासनको स्पष्ट उदाहरण हो जुन अन्य सम्भाव्य विकल्पहरू र अन्य प्रकृयागत संरक्षण जस्तै पर्याप्त परामर्श, समुचित सूचना, सरकारी अधिकारीको उपस्थिति, प्रतिकूल मौसम अवस्था नभएको, पर्याप्त आवासको विकल्प वा क्षतिपूर्ति आदिको बारेमा अन्वेषण नगरिकनै गरिएको थियो (माथिको कोठा हेर्नुहोस्)। अन्तरार्ष्ट्रिय मानवअधिकार मापदण्डहरूविपरित हुनेगरी यो निष्कासनका कारण प्रभावित परिवारहरू आवासविहीन हुन पुगे।[63]

---

[56] चितवन माडी नगरपालिका वडा नं ९ का अध्यक्ष शिवहरी सुवेदीसँगको कुराकानी, २७ असोज २०७७

[57] काठमाण्डु पोष्ट, चितवन पार्क अथरिटि अक्युज्ड अफ बर्निङ्ग हट्स् अफ ल्याण्डलेस स्क्वाटर्ज् इन माडी, २० जुलाई २०२०, https://tkpo.st/3fQ9zgA

[58] काठमाण्डु पोष्ट, ह्वाई करेन्ट कन्जर्भेसन मोडेल्ज् आर फ्लअड, २३ जुलाई २०२०, https://tkpo.st/32Z3zPl

[59] काठमाण्डु पोष्ट, चितवन पार्क अथरिटि अक्युज्ड अफ बर्निङ्ग हट्स् अफ ल्याण्डलेस स्क्वाटर्ज् इन माडी, २० जुलाई २०२०, https://tkpo.st/3fQ9zgA

[60] सिडिओ (प्रजिअ) जिल्ला स्तरमा सङ्घीय सरकारको सबैभन्दा वरिष्ठ प्रतिनिधि हो।

[61] अनलाइन खबर, चेपाङहरूको निष्कासनको विषय अनुसन्धानका लागि मन्त्रालयले टोली चितवन पठायो, २४ जुलाई २०२०, यहाँ रहेको छ https://english.onlinekhabar.com/ministry-sends-team-to-chitwan-to-probe-eviction-of-chepagns.html

[62] आवासको अधिकार ऐन २०७५, दफा ५(४)

[63] आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय समिति, पर्याप्त आवासको अधिकार, जबर्जस्ती निष्कासनसम्बन्धी सामान्य टिप्पणी नं. ७, पृष्ठ १५ र १६

व्यापक सार्वजनिक आलोचनापछि वन तथा वातावरण मन्त्रालयले निकुञ्जका अधिकारीहरूद्वारा भएको कार्यको छानबिन गर्न तीन सदस्यीय टोली खटायो।[64] सन् २०२१ को अप्रिलसम्म एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रले पटक पटक अनुरोध गर्दा पनि छानबिनका नतिजाका बारेमा जानकारी प्राप्त गर्न सकेनन्। न त यसलाई सार्वजनिक नै गरिएको छ।

यस जबर्जस्ती निष्कासनको भत्सर्ना गर्दै र यसमा जिम्मेवारलाई जवाफदेही बनाउन माग गर्दै २०७७ श्रावण ६ गते एम्नेस्टी इन्टरनेसनल नेपालले एउटा सार्वजनिक वक्तव्य जारी गरेको थियो।[65]

सर्वोच्च अदालतको स्थगन आदेश[66] (stay order) को कारण चितवन राष्ट्रिय निकुञ्जका अधिकारीहरूले अहिलेसम्म थप निष्कासनको कार्य गरेका छैनन्। तथापि, निकुञ्जको क्षेत्र अतिक्रमण गरेर अन्य ४,००० यस्ता घरहरू बनाइएको अधिकारीहरूले ठानेका छन्। यसले भविष्यमा हुन सक्ने सम्भावित निष्कासनसम्बन्धी चासोलाई उजागर गर्दछ।[67]

यसैबीच राष्ट्रिय निकुञ्ज कार्यालयको आपत्तिको कारण माडी नगरपालिकाका अधिकारीहरूले वैकल्पिक आवास निर्माण कार्यलाई रोक्न बाध्य भएका छन्। नगरपालिकाले राष्ट्रिय निकुञ्ज कार्यालयको प्रवृत्तिप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ र निष्कासित चेपाङ परिवारका लागि निर्वाध रूपमा वैकल्पिक आवास निर्माण कार्यका लागि मार्ग प्रशस्त गर्न अदालतलाई अनुरोध गरेको छ।[68]

## ४.१.२ बारबर्दिया, बर्दिया राष्ट्रिय निकुञ्ज

सरकारले लागू गरेको कोभिड लकडाउनको समयमा सन् २०२० जुनमा बर्दिया राष्ट्रिय निकुञ्जको कार्यालयले स्वेच्छाचारी ढङ्गमा सात दिने सूचना जारी गर्दै बर्दिया जिल्लाको बारबर्दिया नगरपालिकाको वनक्षेत्रमा बसोवास गरिरहेका (प्राय थारू समुदायका) १४१ घर परिवारलाई वनक्षेत्र छाड्न वा जबर्जस्ती निष्कासनको सामना गर्न धम्की दियो।[69] त्यहाँ ती परिवारहरू कति लामो समयदेखि बसोवास गरिरहेका थिए र उनीहरूसँग कुनै वैकल्पिक आवासमा पहुँच छ वा छैन भन्ने कुराको पुष्टीसमेत नगरी उनीहरूले यस्तो सूचना जारी गरेका थिए। स्थानीय समुदायबाट विरोध भएपछि र राष्ट्रिय मानवअधिकार आयोगले स्थानीय निकायमा[70] हस्तक्षेप गरेपछि र सर्वोच्चमा मुद्दा दायर भएपछि (माथि हेर्नुहोस्) जबर्जस्ती निष्कासन रोकिएको थियो।

सन् २०२१ अप्रिलको सुरुवातसम्म यी परिवारले यस क्षेत्रमा बसोवासलाई निरन्तरता दिइराखेका छन्। सर्वोच्चमा विचाराधिन मुद्दाको नतिजालाई उनीहरूले कुरीबसेका छन्। एम्नेस्टी इन्टरनेसनल नेपाल र आत्मनिर्भर केन्द्रले यहाँको अवस्थालाई अनुगमन गरी राखेका छन्।

---

[64] आवासको अधिकार ऐन २०७५, दफा ५(४)। थप जानकारीका लागि कानुन र नीति अध्यायमा तल हेर्नुहोस्।

[65] काठमाण्डु पोष्ट, एम्नेस्टी कन्डेम्ज इन्फोर्स्ड इभिक्सन अफ इन्डिजिनस चेपाङ फेमिलिज् बाइ चितवन न्यासनल पार्क, ०६ श्रावण २०७७, यहाँ उपलब्ध छः https://kathmandupost.com/province-no-3/2020/07/21/amnesty-condemns-enforced-eviction-of-indigenous-chepang-families-by-chitwan-national-park-authority

[66] काठमाण्डु पोष्ट, रिट फाइल्ड याट सुप्रिम कोर्ट सिकिङ् इट्स् इन्टर्भेन्सन टु स्टप फोर्सफुल इभिक्सन्ज् अफ पिपल फ्रम डिफ्रेन्ट प्लेइसेज्, २०७७ श्रावण १२, यहाँ उपलब्ध छः https://kathmandupost.com/national/2020/07/27/writ-filed-at-supreme-court-seeking-its-intervention-to-stop-forceful-evictions-of-people-from-different-places

[67] काठमाण्डु पोष्ट, ह्वाई करेन्ट कन्जर्भेसन मोडल्ज् आर फ्लःड, ०८ श्रावण २०७७, यहाँ उपलब्ध छः https://tkpo.st/32Z3zPl

[68] राजु प्रसाद चापागाईं समेत (०७७ WO-००३८) मुद्दामा माडी नगरपालिकाको लिखित जवाफ । २०७७ असोज ९ मा निवेदकहरूद्वारा प्रतिलिपि प्राप्त ।

[69] २०७७ जेष्ठ १९ गते ठाकुरद्वारास्थित बर्दिया राष्ट्रिय निकुञ्जको कार्यालय द्वारा जारी सूचना ।

[70] २०७७ जेष्ठ २३ गते काठमाण्डुलाई आधार बनाई कार्यरत मानवअधिकार अधिवक्ता राजुप्रसाद चापागाईं र बर्दियाका भूमि अधिकारकर्मी होमेन्द्र थापाले राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षलाई अवस्थाको अनुगमन र अनुसन्धानका लागि बुझाइएको लिखत निवेदनको प्रति ।

## ४.१.३ मगराडी, बर्दिया राष्ट्रिय निकुञ्ज

२०७४ साल जेष्ठ ७ गते बर्दिया राष्ट्रिय निकुञ्ज ठाकुरद्वाराका सेनाले मगराडी गाउँ विकास समितिको झर्नियामा बसोवास गरिरहेका १०० भन्दा बढी थारू परिवारहरूको घरमा आगो लगाउँदै १०५ घर नष्ट पारिदिएका थिए। उक्त समुदाय र मानवअधिकार कर्मीहरूले थारू समुदायसँग विवादमा रहेको स्थानीय मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको उक्साहटमा नेपाली सेनाले सो कारबाही गरेको आरोप लगाएका छन्।[71]

सेना, जिल्ला भूमि अधिकार मञ्च (भूमि मञ्च) र स्थानीयबीच मध्यस्थता भएपछि यदि यी परिवारहरू "वास्तविक भूमिहीन" भन्ने एकिन भएमा र राजनीतिक दलहरूले सो पुष्टी गर्दै सिफारिस गरेमा मध्यवर्ती क्षेत्रमा उक्त समुदायलाई बसोवास गर्न दिन सेना सहमत भयो।

यही सहमतिमा आधारित भएर मिति २०७४ असार २९ गते मगराडीमा वन व्यवस्थापन समितिका प्रतिनिधि, वडा नागरिक मञ्चका प्रतिनिधि र स्थानीय नेताहरूको सहभागितामा एउटा सर्वपक्षीय छलफल आयोजना गरियो। यस क्षेत्रका "वास्तविक भूमिहीन" पहिचान गर्नका लागि एउटा समिति बनाउने निर्णय गरियो। सबै परिवारले प्रमाण (बिजुलीको बिल तिरेको रसिद वा मुचुल्का, स्थानीय प्रतिनिधि वा अधिकारी वा अन्य साक्षीसामु कबुल गरेको कबुलियतनामा) बुझाएकोमा केही समयपछि उक्त समितिले १०५ मध्ये ६४ परिवारलाई मात्रै "वास्तविक भूमिहीन" भनी पहिचान गर्‍यो।

यो विवादपछि झर्नियाका बाँकी ४१ परिवारहरूले अर्को क्षेत्रमा बसाईं सरेर आफ्नो पुर्ख्यौली जमिन मात्रै खेतीकर्म गर्दै अस्थायी टहराहरूमा बसोवास गर्न थालेका थिए।

## ४.१.४ गेरुवा, बर्दिया राष्ट्रिय निकुञ्ज

आधिकारिक हिसाबमा कर्णाली नदीको पश्चिमी शाखाको रूपमा रहेको गेरुवाको पश्चिम किनारले बर्दिया राष्ट्रिय निकुञ्जको सीमाना तय गर्दछ।[72] यद्यपि, वर्षाको बाढी आउने समयमा नदीले आफ्नो धार परिवर्तन गर्दछ र नदीको किनारा सार्दै जमिनलाई निकुञ्जको सीमानाभित्र पार्ने गर्दछ। परिणामस्वरूप निकुञ्ज नजिक बसोवास गरेका धेरै मानिसले आफ्नो जमिनमाथिको पहुँच गुमाएका छन्।

सन् १९८० को मध्यदेखि नै बारम्बार आएको बाढीपछि नदीले धार परिवर्तन गरेपछि राष्ट्रिय निकुञ्जका अधिकारीहरूले बर्दिया जिल्लाको गेरुवा गाउँपालिका वडा नं ४ र ६ का थारू समुदायका २७४ समेत गरी ३०० घरधुरीलाई उनीहरूको जग्गामा रोक लगाए।[73] यकिन तथ्याङ्क नभएपनि अन्य वडाका मानिसहरू पनि यसैगरी प्रभावित भएका छन्। यी मानिसलाई उनीहरूको भूमिमा पहुँच अस्वीकार गर्ने क्रममा उचित प्रक्रिया नअपनाउँदा उनीहरू वास्तविक तवरमा जबर्जस्ती निष्कासनमा परेका छन्।

सन् १९८३ मा जतिखेर गेरुवा नदीले वन्यजन्तु आरक्षको सीमानाको काम गरेको थियो। सो बेला एउटा ठूलो बाढीका कारण नदीले किनारा कटान गर्दै लागेपछि सयभन्दा बढी घरधुरीहरू विस्थापित भएका थिए। धेरैजसो उनीहरूले स्थानीय कटन (कपास) विकास समितिको कार्यालयको प्रयोग नगरिएको जमिनमा बसोवास गरेका थिए।

[71] चार जना गाउँलेहरूसँग गरिएको अन्तर्वार्ता, अक्टोबर २०२०

[72] २०४५ मंसिर २० को नेपाल राजपत्रले ऐनको दफा ३ बमोजिम बर्दिया राष्ट्रिय निकुञ्जको सीमाना निर्धारण गरेको छ। यसअघि यसलाई शाही बर्दिया वन्यजन्तु आरक्षका नाममा संरक्षित गरिएको थियो।

[73] एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्र गेरुवा गाउँपालिकाको अन्य वडाका घरपरिवारहरू पनि प्रभावित रहेको बारेमा सचेत छ तर यससवालमा विस्तृत विवरणहरू सङ्कलन गर्न सकिएन।

तर नेपाली सेनाले उनीहरूलाई त्यहाँबाट निष्कासन गरेको थियो। आफ्नो जीवन र जीवनयापन कर्मका लागि उनीहरू विभिन्न ठाउँमा भौंतारिन बाध्य भएका थिए।[74]

आफ्नो अनुभवलाई स्मरण गर्दै सन् १९८३ मा उक्त कपास समितिको जग्गामा बसेका केशव खड्काले भने:

> **"बर्दिया जिल्ला प्रशासन कार्यालयले हामीलाई त्यहाँ पठाएको थियो। हामी त्यहाँ बसोवास गरेका ३०० परिवार थियौं। केही हप्तापछि नेपाली सेनाले हात्ती प्रयोग गरेर त्यहाँ बसेकाहरूलाई लखेट्यो। मैले त्यो ठाउँ तीन महिनापछि छाडें। केही परिवार भने त्यहाँ छ महिनासम्म बसे। पछि उनीहरू बर्दिया जिल्लाको अन्य भागमा गएर बसे।"**[75]

अधिकारीहरूबाट उपलब्ध गराइनुपर्ने सुरक्षित वैकल्पिक आवास वा क्षतिपूर्तिको अभावमा यी परिवारका धेरैलाई आफ्नो जीवनलाई पुनर्निर्माण गर्ने प्रयास गरिरहेको अस्थायी स्थानहरूबाट पनि बारम्बार निष्कासित गरिएको छ।

गेरुवाका पाँच वडामा बसोवास गरिरहेकाहरू विशेषगरी वडा नं ४ र ६ का मानिसहरूले आफ्नो जमिनमाथिको पहुँच गुमाएका छन्। वडा नं ४ कार्यालयका अधिकारीहरूका अनुसार सन् १९८३ देखि १९८९ को अवधिमा वडा नं ४ को मात्रै १४४ घरधुरीले आफ्नो जमिनमाथिको पहुँच गुमाएका छन्।[76] जसमा ९६ घरधुरी थारू समुदायका रहेका छन् र अन्य प्रभावितहरूमा भने अन्य सीमान्तकृत समूहहरू जस्तै मगर (आदिवासी जनजाति) र दलित परिवार रहेका छन्।

वडा नं ६ कार्यालयले राष्ट्रिय निकुञ्जलाई पठाएको पत्रअनुसार उक्त वडाका १५१ घरपरिवारले आफ्नो जमिनमाथिको पहुँच गुमाएका छन्।[77] तीमध्ये १३० परिवार थारू समुदायका रहेका छन्। वडा नं ४ मा जस्तो नभएर वडा नं ६ का घरपरिवारले गुमाएका अधिकांश जग्गा भने ऐलानी (दर्ता नगरिएको सरकारी जग्गा अर्थात स्वामित्वको मान्यता प्राप्त नभएको जग्गा) रहेको छ। ३१ घरपरिवार (१६ थारू घरपरिवारसमेत गरेरर) सँग मात्र जग्गाधनीको प्रमाणपत्र रहेको छ र अन्यसँग कुनै पनि कागजी प्रमाण रहेको छैन।[78]

राष्ट्रिय निकुञ्जका अधिकारीहरूले यो जग्गा निकुञ्जको सीमाभित्र परेको र त्यसैले राष्ट्रिय निकुञ्ज कानुनअन्तर्गत सबै कानुनी प्रतिबन्धहरू त्यस्ता जग्गामा लागू हुने दाबी गरिरहेका छन्। अर्थात कसैलाई पनि त्यहाँ बसोबास गर्न वा प्राकृतिक सम्पदा सङ्कलन गर्नका लागि भ्रमण गर्न वा वा "कुनै भू-भाग कब्जा गर्न, सफा गर्न, आवादी गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न" वर्जित छ।[79] एम्नेस्टी इन्टरनेसनलको स्थलगत अध्ययनका क्रममा निकुञ्ज प्रवेशमा रोक लगाउनका लागि उक्त क्षेत्रमा तारबारले घेरिएको पाइयो र यसरी घेरिएको स्थलमा पटकपटक आएको बाढीका कारण मानिसहरू विस्थापित भएको भूमि पनि समावेश गरेको पाइयो। निकुञ्जको सीमावर्ती तारबारमा थुप्रै सिसिटिभि क्यामेराहरू जडान गरेर राखिएको पनि पाइयो।[80]

---

[74] नेपाल राजपत्र, २०४५ मंसिर २० ।

[75] शेर बहादुर खड्कासँगको अन्तर्वार्ता, वडा नं. ६, गेरुवा, २७ असार २०७७

[76] वडा कार्यालयले उपलब्ध गराएको वडा नं ४ का प्रभावित घरधुरीहरूको सूची, २९ वैशाख २०७६

[77] गेरुवा वडा नं ६ का अध्यक्ष टेकबहादुर चौधरीसँगको अन्तर्वार्ता, २०७६ भाद्र ०६

[78] २०७४ श्रावण ३१ गतेको पत्र, पत्र नं २०७६/०७७


[79] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको दफा ५

[80] काठमाण्डु पोष्ट, बर्दिया राष्ट्रिय निकुञ्ज वन्यजन्तु संरक्षणका लागि प्रविधिमा निर्भर, २२ अक्टोबर २०२०, यहाँ उपलब्ध छ: https://tkpo.st/3mfQHdX



↑ गेरुवा गाउँपालिका वडा नं. ४ मा बर्दिया राष्ट्रिय निकुञ्जमा प्रवेशमा रोक लगाउन राखिएको तारबार। गेरुवा नदीले धार परिवर्तन गरेपछि निकुञ्जमा पर्न गएको स्थानीयको व्यक्तिगत जग्गा यही तारभित्र रहेको छ।

दशकौंसम्म आफ्नो भूमिमा पहुँच नपाए पनि यी गेरुवावासीहरूले मालपोत (भूमि राजस्व कर) भने तिरी नै राखेका छन्।[81] आफ्नो भूमिमाथिको पहुँचलाई सुरक्षित राख्नको लागि त्यसो गरेको उनीहरूले बताएका छन् किनभने क्षतिपूर्ति दाबी गर्नको लागि मालपोत भुक्तानी गरिएको रसिद प्रस्तुत गर्नु आवश्यक हुन्छ (तल हेर्नुहोस्)। एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रलाई गाउँवासीहरूले थुप्रै मालपोतका रसिदहरू देखाएका छन्।



गेरुवा गाउँपालिकाको कार्यालय
गेरुवा, बर्दिया
मालपोत विवरण

रसिद नं. 10029

ठेली नम्बर ..........
जग्गा धनिको नम्बर ..........
बुझाएको मिति ..........
२० ........ साल देखि २०७४ ........ साल सम्म

जग्गा धनिको नाम थर वतन :-

| १ क्र स. | २ क्षेत्र | ३ वार्ड नम्बर | ४ कित्ता नम्बर | ५ क्षेत्रफल | ६ किसिम | मालपोत विवरण: आ.व....... सम्मको रु. पै. | आ.व....... सम्मको रु. पै. | आ.व....... सम्मको रु. पै. | चालु आ.व.को रु. पै. | जम्मा | जरिवाना | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

बुझाउनेको नाम थर
वतन सही छाप
तयार गर्नेको सही छाप
बुझ्नेको सही छाप
प्रमाणित गर्नेको सही छाप
मिति : ..........

द्रष्टव्य :- यो रसिद २ प्रति हुनेछ कार्वन राखेर लेख्नु पर्छ।
पहिलो प्रति (सेतो) म.ले.प.को निमित्त कार्यालयमा सुरक्षित राख्नु पर्छ र दोस्रो प्रति (पहेलो) बुझाउनेलाई दिनु पर्छ।

↑ स्थानीय एक आदिवासी परिवारले गेरूवा गाउँपालिकालाई तिरेको मालपोत रसिद

[81] दफा २१ : सुक्खा वा अन्य दैवी प्रकोपले बाली हुन नसकेमा मालपोत मिन्हा हुने : (१) कुनै वर्ष सुक्खा वा असिना परी वा सलह लागी वा बाढी आई वा अरु कुनै दैवी प्रकोपले कुनै क्षेत्रमा मुख्य बाली नोक्सानी भएमा आवश्यक जाँचबुझ गरी आंशिक वा पूरा मालपोत मिन्हा दिनुपर्ने लागेमा आफ्नो रायसहित मालपोत कर्यालयले नेपाल सरकारमा जाहेर गर्नेछ । (२) उपदफा (१) बमोजिम जाहेर भई आएमा वा कुनै तवरले त्यस्तो अवस्थाको जानकारी नेपाल सरकारलाई भएमा आवश्यक देखिए जति मालपोत नेपाल सरकारले मिन्हा गनेछ ।

"हाम्रो आफ्नो जमिनको प्रयोगबाट वञ्चित भए पनि हामीले सामान्य रूपमा मालपोत तिर्दै आएका छौं। हामीलाई आशा छ कि एक दिन हाम्रो जग्गाको पहुँच पुनःस्थापित हुनेछ", एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रले आयोजना गरेको समूह छलफलका एक सहभागीले भने।[82] यदि आफ्नो जग्गामा पहुँच पुनर्स्थापित गर्न नसकिने हो भने पर्याप्त क्षतिपूर्ति (प्रचिलत बजार मूल्यअनुसार) पाउन चाहेको धेरै सहभागीले बताए।

गेरुवा गाउँपालिका वडा नं ४ का अध्यक्षले मालपोत सङ्कलन गर्न असहज महसुस हुने गरेको बताए। उनले भनेः "राष्ट्रिय निकुञ्ज भित्र पर्न गएको जग्गामा खेती गर्न नसकेपनि वडा कार्यालयले जग्गा कर सङ्कलन भने गरिरहेका छ किनभने उनीहरू [विस्थापितहरू] जग्गाधनीसम्बन्धी कानुनी स्थिति यथावत राख्न चाहन्छन्।"[83]

"जग्गा नदी खोलाले काटेमा वा बालुबुर्ज भएमा वा पहिरो गएमा वा पहिरोले पुरी मुख्य बाली हुन नसकेमा" मालपोत ऐनले मालपोतलाई मिन्हा वा पूर्ण छूट दिने व्यवस्था गरेको छ। यो प्रावधान प्रभावित किसानहरूले सम्बन्धित मालपोत कार्यालयमा आवेदन दिएको अवस्थामा लागू हुन्छ। पीडित व्यक्तिहरूले यस सुविधाका लागि अहिलेसम्म आवेदन दिएका छैनन् किनकि उनीहरू मालपोत रसिद प्राप्त गर्न चाहन्छन् जुन उनीहरूको आफ्नो जग्गामा फिर्ता जान वा पूर्ण क्षतिपूर्ति प्राप्त गर्न आवश्यक हुन्छ।[84]

अन्य समुदायको तुलनामा थारू र विपन्न समुदायहरू जस्तै दलितहरूमा प्रतिकूल असर पुगेको अन्तर्वार्तामा सहभागीहरूले बताए किनभने अन्यत्र बसाईं सरेर अलि राम्रो जीवन प्राप्त गरेका समुदायको तुनलामा थारूहरूले आफ्नो पुर्खाहरूले रोजेर बसोवास गरेको ठाउँ छाडी बिर्सेर जान सकेनन्। एकजना पीडित र समुदायको जमिनमाथिको पहुँच पुनःस्थापनामा सक्रिय अभियन्ता माधव चौधरील भने:

> **"हाम्रो जमिनमाथिको पहुँच भविष्यमा प्राप्त हुनेछ भन्ने आशाका साथ हामीले यो ठाउँमा बसेको दशकौं भइसकेको छ।"**[85]

गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिं के.सि.ले एम्नेस्टी इन्टरनेसनलसँगको अन्तर्वार्तामा अहिले आफ्नो जमिन बर्दिया राष्ट्रिय निकुञ्जको सीमानाभित्र पर्न गएकोले सो जमिनमा पहुँच प्राप्त गर्न नसकेकाहरूको समस्या संबोधनका लागि यहाँको कार्यालयले प्रदेशका अधिकारी र वकिलहरूसँग छलफल गरिरहेको दाबी गर्नुभयो। तथापि, यो अवस्था समाधानको पहिलो ठोस कदमका रूपमा गर्नुपर्ने कुरा जमिनमा यसरी पहुँच गुमाएका किसानहरूको विस्तृत अभिलेख कायम गर्ने कार्य भने गाउँपालिकाले अहिलेसम्म गर्ने सकेको छैन।[86] यो सीमा समस्याको समाधान के हुन सक्ला भन्ने प्रश्नको जवाफमा गाउँपालिकाका प्रमुख र वडा नं. ४ का अध्यक्ष अम्बर बहादुर चलाउनेले भन्नुभयो की सबैभन्दा पहिले त राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागले राष्ट्रिय निकुञ्जको क्षेत्र गाउँपालिकागत हिसाबमा

---

[82] गेरुवाका प्रभावित किसानसँग गरिएको लक्षित समूह छलफल, २०७६ भाद्र ६

[83] गेरुवा वडा नं. ४ का अध्यक्ष अम्बर बहादुर चलाउनेसँगको अन्तर्वार्ता, २०७६ भाद्र ६

[84] दफा २०: नदीकाट, बालुबुर्ज भएमा वा पहिरो गएमा मालपोत मिन्हा दिने : (१) मालपोत लाग्ने कुनै जग्गा कुनै वर्ष नदी खोलाले काटेमा वा बालुबुर्ज भएमा वा पहिरो गएमा वा पहिरोले पुरी मुख्य बाली हुन नसकेमा सम्बन्धित जग्गावालाले तोकिएको म्यादभित्र तोकिएको ढाँचामा विवरण खोली मालपोत कार्यालयमा दर्खास्त दिनु पर्नेछ । तर, बाली लागेको जग्गाको हकमा उपदफा (२) बमोजिम जाँचबुझ हुनुभन्दा अगावै सो बाली काट्नु हुँदैन । (२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्तमा उल्लेखित कुराहरूको जाँचबुझ गर्न मालपोत कार्यालयको प्रमुखले तीस दिनमभर आफैं गई वा डोर खटाई जाँचबुझ गर्न गराउनु पर्नेछ । सो बमोजिमको जाँचबुझ गर्दा गराउँदा सो वर्ष मालपोत मिन्हा गर्नु पर्ने देखिएमा कति प्रमतशतसम्म मालपोत मिन्हा दिनु पर्ने हो मालपोत कार्यालयले यकीन गरी मिन्हा दिई मालपोत विभागमा सात दिनभित्र जानकारी दिनु पर्नेछ । (३) उपदफा (२) बमोम्जमको जाँचबुझबाट कुनै जग्गा सधैंको मनममत्त वेसाबूद वा बेकम्मा भएको देखिएमा सो जग्गाको लगत कट्टा गर्न मालपोत कार्यालयले नेपाल सरकारमा जाहेर गर्नेछ र नेपाल सरकारले मुनासिव देखेमा सो जग्गाको लगत कट्टा गर्न मालपोत कार्यालयलाई आदेश दिनेछ ।

[85] महादेव चौधरीसँगको अन्तर्वार्ता, वडा नं ४, गेरुवा गाउँपालिका, बर्दिया, २०७६ भाद्र ६

[86] अन्तर्वार्ता, २१ असार २०७७

छुट्ट्याउनुपर्छ, राष्ट्रिय निकुञ्जभित्र पर्न गएको जमिनको लगत सङ्कलन गर्नु पर्दछ र यसरी दुःख पाएका किसानहरूको आफ्नो जमिनमाथिको पहुँच पुनःस्थापनासमेत गरी उनीहरूको समस्या समाधान गर्नुपर्दछ।[87]

# ४.२ जीविकाको अधिकार तथा सामाजिक र आर्थिक अधिकारमा प्रभाव

आइएलओ महासन्धि १६९ लाई सन् २००७ मा अनुमोदन गरेसँगै नेपालले आदिवासी समुदायको जीविकाको श्रोत र प्राकृतिक श्रोत साधनमाथिको पहुँचलाई संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। तथापि वास्तविकता एकदमै फरक छ। सन् २०१९ मा प्रकाशित राष्ट्रिय मानवअधिकार आयोगको एउटा प्रतिवेदनले आइएलओ महासन्धि १६९ लाई नेपालले कार्यान्वयन गर्न नसकेको निष्कर्श निकालेको छ।[88]

भूमिमा पहुँचको विषयलाई पर्याप्त खाद्य अधिकारसँग जोड्दै खाद्य अधिकारसम्बन्धी विशेष प्रतिवेदकले टिप्पणी गरेका छन् की "खाद्य अधिकारको सम्मान गर्ने, रक्षा गर्ने र परिपूर्ति गर्ने दायित्वअनुसार राज्यले व्यक्तिहरूलाई आफ्नो खाद्यान्न जोहो गर्न सन्दर्भमा उत्पादनमूलक संसाधनको पहुँचबाट वञ्चित गर्न सक्ने खालका उपायहरू नलिने (सम्मान गर्ने दायित्व), अन्य पक्षबाट यस्तो पहुँचमाथि हुन सक्ने अतिक्रमणलाई रोक्नुपर्ने (संरक्षण गर्ने दायित्व) र जनताको खाद्य सुरक्षा र जनजीविका सुनिश्चित गर्नका लागि आवश्यक स्रोत र साधनमाथिको पहुँच र उपयोगलाई मजबुत पार्ने (परिपूर्ति गर्ने दायित्व) कार्य गर्नुपर्दछ।"

वनमा आश्रित आदिवासी मानिसहरू बसोवास गरिरहेका क्षेत्रमा कार्यरत अभियन्ताहरूले सरकारको संरक्षणसम्बन्धी दृष्टिकोण असन्तुलित बनेको र त्यसले "जनावरको पक्षमा बढी वकालत गरेर मानिसलाई उपेच्छा गरेको" गुनासो गरेका छन्।[89]

आदिवासी जनजाति र स्थानीय समुदायद्वारा सह-व्यवस्थापन गरिएको र समुदायको स्वामित्वमा रहेको संरक्षण क्षेत्रहरूमा गरिएको अध्ययनले संरक्षणसम्बन्धी परिणाम हाँसिल गर्नमा राज्यद्वारा मात्र सञ्चालित संरक्षण क्षेत्रभन्दा यस्ता संरक्षण क्षेत्रहरूको औसत सफलता बढी हुने गरेको देखाएको अवस्थामा समेत यस्तो भएको छ।[90]

यी निकुञ्जहरूको व्यवस्थापन र संरक्षणलाई निर्दिष्ट गर्ने कानुन र संयन्त्रहरूले शीकार गर्ने, पशु चरण गर्ने, रुख काट्ने, जमिनमा खेतिपाती गर्ने वा वनको प्रयोग गर्ने कार्यमा बन्देज लगाएका छन् जसले आदिवासी जनजातिहरूको जीवन पद्धतिमाथि गम्भीर प्रभाव पार्नुका साथै नाटकीय परिवर्तनसमेत ल्याइदिएको छ। मध्यवर्ती क्षेत्रको वनमा पहुँच पाएका मध्यवर्ती क्षेत्रमा बसोवास गरेकाहरूका अलावा[91] आदिवासी जनजातिहरूलाई राष्ट्रिय निकुञ्जमा भ्रमण गर्नबाट

[87] गेरुवा गाउँपालिका वडा नं ४ का अध्यक्ष अम्बर बहादुर चलाउनेसँगको अन्तर्वार्ता, ६ भाद्र २०७६, गेरुवा गाउँपालिकाका प्रमुख जम्मान सिं केसीसँगको अन्तर्वार्ता, २१ असार २०७७

[88] मानवअधिकार आयोग, आइएलओ महासन्धि नं १६९ को कार्यान्वयनको अवस्थासम्बन्धी प्रतिवेदन, मार्च २०१९, https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/ILO_169_Implimentation_Report_English_NHRC_Jestha_2076.pdf

[89] नेपालका आदिवासीहरूको मानवअधिकारसम्बन्धी वकिल समूह (लाहुर्निप) सँगको बैठक: अधिवक्ता शङ्कर लिम्बु र भिम राई, ३१ श्रावण २०७५। यो पनि हेर्नुहोस्, जगन्नाथ अधिकारी र शरद घिमिरे। *अ बिब्लियोग्राफी अन इन्भाएरन्मेन्टल जस्टिस् इन नेपाल,* मार्टिन चौतारी, २००२, काठमाण्डु, नेपाल।

[90] राइट्स् एण्ड रिसोर्सेज् इनिसिएटिभ, कर्नर्ड बाई प्रोटेक्टेड एरियाज्, जुन २०१८, www.rightsandresources.org/wp-content/uploads/2018/06/Cornered-by-PAs-Brief_RRI_June-2018.pdf

[91] चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र व्यवस्थापन योजना, २०१३-२०१७ chitwannationalpark.gov.np/index.php/document-repository/publications-chitwan-national-park/28-management-plan-printed/file

निषेध गरिएको छ जसका कारण उनीहरूले खाद्यान्न[92], आवास र ओषधिमुलोको[93] परम्परागत श्रोतमाथि पहुँच प्राप्त गर्न सकेका छैनन्। बरू उनीहरू खेती गर्न, टिनको छानाका लागि पैसा जोहो गर्न, चौपाया चराउन र आधुनिक महङ्गो स्वास्थ्य सेवा प्रणालीको प्रयोग गर्न बाध्य भएका छन् जसले खाद्य असुरक्षा र स्वास्थ्य र आवासको समस्याहरू पैदा हुन पुगेको छ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत आदिवासी जनजातिहरू परम्परागत रूपमा निर्भर रहेका वन र प्राकृतिक स्रोतमाथिको पहुँचमा प्रतिबन्ध लगाउन अन्यायपूर्ण हुन सक्छ र यसो गर्नु खाद्यान्नको पहुँचबाट वञ्चित पारिए सरह हुन सक्छ।[94]

सोनाहा जातिका मानिसहरूको दु:खले आदिवासी जनजातिहरूको जनजिविकामा पर्न गएको प्रभावलाई स्पष्ट पारेको छ।[95] बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा झण्डै १२०० को सङ्ख्यामा रहेका माछा मार्ने अल्पसङ्ख्यक सोनाहा समुदायले माछा मार्ने, आहारा खोज्ने र कर्णाली नदीमा सुन उत्खनन् गर्दै अर्ध घुमन्ते जीवन जिउने गरेका छन्।[96]

बर्दिया राष्ट्रिय निकुञ्जको निर्माणपछि सोनाहाहरूलाई पुस्तौंदेखि आफ्नो जीविका धान्न सहयोग गरिरहेको गेरुवा नदीमा माछा मार्न प्रतिबन्ध लगाइयो। बाँच्नका लागि आवश्यक सामग्रीहरू सङ्कलन गरेकोमा सशस्त्र रक्षकहरूले उनीहरूलाई सताउने र कुट्ने काम गरे। थुप्रै भूमिहीन सोनाहा परिवारहरू बँधुवा मजदुर हुन बाध्य भए र अन्य धेरै भारततिर बसाईं सरे।[97]

सन् २००८ मा सोनाहा समुदाय र नागरिक समाजका अभियन्ताहरूको लगातारको अथक दबाबपछि बर्दिया निकुञ्ज प्रशासनले सोनाहा समुदायलाई मध्यवर्ती क्षेत्रमा (मध्यवर्ती क्षेत्र बाहिरका सोनाहाहरू यसमा समेटिएनन्) माछा मार्न अनुमति दियो। यो अनुमति थुप्रै बन्देजका साथ दिइएको थियो: जस्तै सोनाहाहरूले वर्षको तोकिएको अवधिमा मात्र माछा मार्न सक्दथे; माछा मार्न गएको बेलामा इजाजत पत्र सँगै लानुपर्दथ्यो; रातको समयमा माछा मार्न पाइन्नथ्यो (माछा मार्ने उपयुक्त समय भने राति नै हो); निश्चित खालका माछा मार्ने उपकरणहरू मात्र लान अनुमति दिइन्थ्यो; घरको एकजना सदस्यलाई मात्र इजाजत दिइन्थ्यो र जसको नाममा इजाजत छ उसलाई मात्र माछा मार्न अनुमति दिइन्थ्यो। तैपनि, माछा मार्ने इजाजत प्राप्त गर्नु सोनाहाको लागि महत्वपूर्ण उपलब्धी थियो।

तर केही महिनापछि मनाउ गाविसका दुईजना सोनाहाहरूलाई गैंडा चोरी शिकारी गरेको आरोपमा गिरफ्तार गरियो। यो घटनापछि निकुञ्जले मध्यवर्ती क्षेत्रका सबै सोनाहा समुदायलाई माछा मार्न दिइँदै आएको अनुमति खारेज गर्यो।

---

[92] लाम एलएम, पल एस. डिस्प्युटेड ल्याण्ड राइट्स् एण्ड कन्जर्भेसन लेड डिस्प्लेसमेन्टः अ डबल ह्वाम्मी अन दी पुर, कन्सर्भाट सोक [अनलाइन श्रृङ्खला] २०१४ [३० असोज २०७७ मा उद्धृत गरिएको]; १२: पृष्ठ ६५-७६, conservationandsociety.org/text.asp?2014/12/1/65/132132

[93] विभिन्न रोगब्याधीको रोकथाम र उपचारका लागि वनस्पतिमा अलौकिक शक्ति रहेको भन्ने उनीहरूको बलियो विश्वाशसमेतबाट थारूहरूले औषधिजन्य वनस्पतिसम्बन्धी परम्परागत ज्ञान हाँसिल गरेका भए पनि यो ज्ञानलाई जोगाई राख्न चुनौतीपूर्ण हुँदै गइरहेको भनिएको छ । हेर्नुहोस्, कल्पना घिमिरे र ऋषि बस्ताकोटी, ट्रेडिसनल नलेज अफ थारू अफ नेपाल अन मेडिसिनल प्लान्ट्स् एण्ड हेल्थकेयर सिस्टम्ज्, डिसेम्बर २००७, researchgate.net/publication/269580487_Traditional_knowledge_of_Tharu_of_Nepal_on_medicinal_plants_and_healthcare_systems

[94] राज्यसँग वातावरणीय संरक्षण र आर्थिक विकास तथा अन्य मानवअधिकारको प्रवर्धन जस्ता अन्य सामाजिक लक्ष्यहरू बीच सन्तुलन कायम गर्ने स्वविवेक हुन्छ। तर जुन सन्तुलन कायम गरिन्छ त्यो अनुचित हुनु हुँदैन वा त्यसले मानवअधिकारको अनुचित र अनुमान गर्न सक्ने खालको हनन्को नतिजा दिनु हुँदैन। सन्तुलन उचित छ कि छैन भनेर जाँच्न विभिन्न पक्षहरूलाई हेर्न सकिन्छ। जस्तै वातावरणीय संरक्षणको स्तर प्रक्रियागत दायित्वहरू पूरा गर्नका लागि भएका निर्णय प्रक्रियाको उपज हो कि होइन, यो पश्चगमनकारी छ वा छैन र यो गैरविभदेमा आधारित छ वा छैन। अन्तमा राज्यहरूले उनीहरूले अवलम्वन गरेका मापदण्डहरूलाई पालना गर्नुका साथै कार्यान्वयन गर्नु पर्दछ। हेर्नुहोस्, जनता वन कार्यक्रम, आदिवासी जनजाति तथा संयुक्त राष्ट्र सङ्घ निकायहरू। संयुक्त राष्ट्र सङ्घ सन्धि निकायहरूको निर्णयहरूको सँगालो, मानवअधिकार परिषद्को विशेष कार्यविधि र आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी विज्ञ संयन्त्रको सुझाव। भोल्युम ७, २०१५-२०१६, पृष्ठ ६७, www.forestpeoples.org/sites/default/files/publication/2017/03/cos-2015-16.pdf

[95] उनीहरूको आफ्नो अलग्गै भाषा, संस्कृति र परम्परागत जन्मभूमि भएपनि उनीहरू कानुनी रूपमा मान्यता प्राप्त ५९ आदिवासी जनजाति सूचीमा समेटिएका छैनन्।

[96] मौखिक कथनहरूले के सङ्केत गर्दछ भने उनीहरू नेपालको एकीकरण पूर्वदिखि कर्णालीको तल्लो भागमा बसोवास गरिरहेका थिए। सुदिप जना थिङ समेत, "दी पोलिटिक्स अफ कन्जर्भेसन: सोनाह, रिभरस्केप इन दी बर्दिया न्यासनल पार्क एण्ड बफर जोन, नेपाल", *कन्जर्भेसन एण्ड सोसाइटी,* २०१७, भोल्युम १५, अङ्क ३, पृष्ठ २९२-३०३, http://www.conservationandsociety.org/article.asp?issn=0972-4923;year=2017;volume=15;issue=3;spage=292;epage=303;aulast=Thing

[97] सुदिप जना थिङ समेत

लामो सङ्घर्षपछि भर्खरै मात्र माछा मार्नका लागि अनुमति प्राप्त गरेका सोनाहा समुदायको लागि यो सामूहिक दण्ड एउटा ठूलो प्रहार थियो।"[98] सोनाहाहरूले आफ्नो माछा मार्न पाउने अधिकारका लागि सङ्घर्ष जारी राखेका छन्। सन् २०१७ मा पारित गरिएको राष्ट्रिय निकुञ्ज ऐनको पाँचौं संशोधनमा मध्यवर्ती क्षेत्रका स्थानीयलाई आफ्नो परम्परागत जीविकासम्बन्धी कार्य गर्न दिने प्रावधान रहेको भएपनि[99] यो लेखिरहँदासम्म उनीहरूलाई अझै माछा मार्ने अनुमति दिइएको छैन।

वैकल्पिक जीविकाको अभाव, आर्थिक कठिनाइ र घरायसी खर्च पुरा गर्न नसक्ने आदि कारण आफ्नो जमिनबाट निष्कासित धेरेजसो आदिवासी जनजातिहरू बटैयादार बन्न बाध्य भएका छन् र उनीहरूले अरूको जमिनमा खेतीकिसानी गरी उब्जनी भएको फसलको हाराहारी पचाश प्रतिशत हिस्सा पाउँदछन्।[100]

बटैया तराई क्षेत्रमा प्रचलनमा रहेको एउटा परम्परागत स्वरूपको अधियाँदारी हो।[101] थारूलगायतका भूमिहीन किसानहरूका लागि सदियौंदेखि बटैयादारी व्यवस्था जनजीविकाको एउटा मुख्य आधार बन्न पुगेको छ। आत्मनिर्भर केन्द्रको अनुमानित आङ्कलनअनुसार नेपालका चौथाई घरपरिवार आफ्नो जीविकाको लागि बटैया प्रणालीमा निर्भर रहेका छन्।[102]

मानवअधिकारको दृष्टिकोणबाट खासगरी नेपालको संविधानले प्रत्याभूत गरेको शोषणविरुद्धको हक[103] को दृष्टिकोणबाट हेर्दा यसको ठूलो अर्थ हुने भएपनि नेपालमा बटैयादारी प्रथालाई कानुनी मान्यता भन्दा पनि सामाजिक मान्यताले सञ्चालन गरेको छ। यो अभ्यासलाई निर्देशित गर्नका लागि राज्यले अवलम्वन गरेको कुनै निर्दिष्ट औपचारिक कानुनी संयन्त्र पनि छैन। बाँके र बर्दिया जिल्लामा अन्तर्वार्ता लिइएका किसानहरूले जमिनदारहरूबाट आफू बारम्बार शोषणमा परेको र उनीहरूलाई बिना पारिश्रमिक घरायसी काम गर्न वा घाँस दाउरा सङ्कलन गर्न लगाइएको बताए।

गेरुवा ४ का दशरथ थारूको सगोलको परिवारले १२ बिघा (८.१३ हेक्टर)[104] जमिन राष्ट्रिय निकुञ्जमा गुमायो र अहिले उनका परिवारका सबै घरधुरीहरू बटैयादारीमा निर्भर छन्। वडा नं. ४ को आफ्नो सानो काठको घर देखाउँदै उनले भने:

> **"२०४० सालमा विस्थापित भएपछि हामी अन्त्यमा यहाँ आएर बसोवास गर्न थाल्यौं। निकुञ्ज क्षेत्रमा पर्न गएको मेरो जमिनबाट ढुङ्गासम्म टिप्न दिइएन। अहिले म एक बिघा र १५ कट्ठा[105] जमिनमा खेती गरिरहेको छु।"[106]**

---

[98] श्रद्धा घले, २७ मार्च २०१८।

[99] पाँचौ संशोधन विधेयकको दफा ५.२ मा निकुञ्ज नजिकका स्थानीय बासिन्दालाई "परम्परागत रूपमा उपभोग गर्दै आएको बाटो, रैथाने चरिचरन, खानेपानी, सिँचाइ तथा तटबन्धको प्रयोग गर्न" र "परम्परागत रूपमा सङ्कलन गर्दै आएको सागसब्जी तथा कन्दमुल सङ्कलन र माछा मार्नका लागि वातावरण, वन तथा वन्यजन्तुलाई प्रतिकूल असर नपर्ने गरी" अनुमति दिने व्यवस्था उल्लेख गरिएको छ।

[100] समूह केन्द्रित छलफल, गेरुवा ६ भाद्र २०७६, र क्रान्तिपुर, बाँके मा ७ भाद्र २०७६ मा भएको छलफल

[101] सामुदायिक आत्मिनर्भर केन्द्र, लोकल्ली प्रिजेन्ट ल्याण्ड टिनुअर टाइपोलोजी इन नेपाल: अ स्टडी रिपोर्ट, मई २०१८, शब्दावली

[102] सामुदायिक आत्मिनर्भर केन्द्र, ल्याण्ड टिनुअर एण्ड आग्रारियन रिफर्म्र्ज् इन नेपाल २०११, पृष्ठ २५, यहाँ उपलब्ध छ: https://csrcnepal.org/wp-content/uploads/2019/07/2dpV2BZ0IsM4luC-cB_L2A00gEbYm-U.pdf
यो अनुमान १६ जिल्लाका २५,१९९ घरधुरीको १४३,१२५ जना व्यक्तिहरू संलग्न एउटा अध्ययनमा आधारित छ। *बटैयालाई अधिया भनेर पनि बुझिन्छ।*

[103] धारा २९। शोषणविरुद्धको हक : (१) प्रत्येक व्यक्तिलाई शोषणविरुद्धको हक हुनेछ। (२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन। (३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन।

[104] १ बिघा = ६,७७२.६३ वर्ग मि = ०.६८ हेक्टर

[105] २० कट्ठा = १ बिघा

[106] अन्तर्वार्ता, गेरुवा, २०७६ भाद्र ०६

# ४.३ वन्यजन्तुबाट बाली नष्ट

वन्यजन्तुबाट हुने बालीनालीको नष्ट राष्ट्रिय निकुञ्ज आसपास बस्ने मानिसहरूले भोगेका एउटा सबैभन्दा जबर्जस्त र व्यापक समस्या हो।[107] तर राष्ट्रिय निकुञ्ज आसपास बस्नेहरूका लागि भने वन्यजन्तुको सङ्ख्यामा भएको वृद्धिको अर्थ उनीहरूको बालीनाली र संरचनाको विनास, पशु चौपायको क्षति, र कहिलकाहीं त मानवीय चोटपटक र जीवनको क्षतिसमेत हुन पुगेको छ। वन्यजन्तुबाट बालीनालीको क्षति राष्ट्रिय निकुञ्ज आसपास बस्ने मानिसहरूले सामना गरिरहेको एउटा सबैभन्दा जबर्जस्त र व्यापक समस्या हो।[108]

बर्दिया राष्ट्रिय निकुञ्जमा बाघ, गैंडा र हात्ती संरक्षित जनावरहरूको सङ्ख्या पछिल्ला वर्षहरूमा वृद्धि भइरहेको छ।[109] बर्दियाका किसानहरूले संरक्षित वन्यजन्तुहरूले बारम्बार बालीनाली, भण्डार गरेर राखेको अन्न, गाई वस्तु, घर गोठलगायतका संरचना ध्वस्त पार्ने गरेको गुनासो गरे। गेरुवा गाउँपालिका वडा नं ४ को वासिन्दा सुनि थारूले एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रलाई भन्नुभयो:

> **"हात्ती, भालु, मृग र बाँदरहरूले खेतमा आएर बारम्बार बालीनाली नाश गर्छन्। यदि खेतमा बाली छैन भने हात्तीले आएर हाम्रो घरै नष्ट गरिदिन्छन्। तीनपटक हात्तीले त्यस्तो गरिसके। मलाई जम्मा एक हजार रुपैयाँ क्षतिपूर्ति दिइयो। एकातिर आफ्नै जमिनमा पहुँच नुहने अनि अर्कोतिर जङ्गली जन्तुले पटक पटक दिएको दुःखले हाम्रो जीवन कठिन भएको छ।"**[110]

कहिलकाहीं त जनावरहरूले मानिसलाई पनि आक्रमण गर्दछन्। सन् २०२० को अक्टोबर-नोभेम्बरमा पाँच जना थारू वासिन्दाहरूलाई बाघले आक्रमण गरी मारेको जनाइएको छ।[111]

वन्यजन्तुको प्रभाव खासगरी थोरै जमिन हुने वा जमिनै नहुनेहरूका लागि एकदमै गम्भीर रहेको छ। गेरुवा गाउँपालिका वडा नं. ४ का गुरीलाल थारूको दुई बिघा र दश कट्टा (झण्डै १.७ हेक्टर) जमिन राष्ट्रिय निकुञ्जमा पर्न गयो। उहाँले भन्नुभयो :

> **"हामीले राष्ट्रिय निकुञ्जभित्र हाम्रो सबै जमिन गुमाएकोले अरू जमिनमा हामी जीविको पार्जनका लागि बटैयादारीमा खेती गर्दछौं। तर उक्त**

---

[107] हिमालयन टाइम्स्, टाइगर पपुलेसन नियर डबल इन नेपाल, ३ अगस्ट २०२०, thehimalayantimes.com/nepal/tiger-population-near-double-in-nepal

[108] जगन्नाथ अधिकारी र शरद घिमिरे।२००२। *अ बिब्लिओग्राफी अन इन्भाएरन्मेन्टल जस्टिस् इन नेपाल।* मार्टिन चौतारी, काठमाण्डु, पृष्ठ ७९

[109] डब्लुडब्लुएफ, ग्रुथ अफ टाइगर इन बर्दिया, tigers.panda.org/news_and_stories/stories/tiger_survey_in_bardia_national_park/

[110] सुनी थारूसँगको अन्तर्वार्ता, २०७६ भाद्र ०६।

[111] हिमायलयन टाइम्स्, टाइगर किल्स् फाइभ इन अ मन्थ इन बर्दिया, २० नोभेम्बर २०२०, thehimalayantimes.com/nepal/tiger-kills-five-in-a-month-in-bardiya

**जमिनबाट उत्पादन हुने बालीमा एक तिहाई त जनावरले नै नष्ट गरिदिन्छन्, आधि जमिनदारलाई बुझाउनुपर्दछ, बाँकी एक तिहाईले मैले कसरी जीवन धान्नु ?"**[112]

केही वर्षअघिसम्म उनले एकदमै थोरै (रु.१,०००) रकम बालीको क्षतिपूर्तिस्वरूप निकुञ्जबाट पाउने गर्दथे। तर केही समययता उनी निकुञ्जका अधिकारीहरूसमक्ष यस्तो क्षतिपूर्ति दाबी गर्न गएका छैनन् किनभने प्रकृया एकदमै लामो छ र क्षतिपूर्तिको मात्रा एकदमै थोरै छ। यसका अतिरिक्त जमिनमा स्वामित्व नभइकन किसानहरूले हानिको क्षतिपूर्ति दाबी गर्न पनि सक्दैनन्।[113]

राष्ट्रिय निकुञ्ज ऐनको दफा ३ (घ) ले सरकारको दायित्व "राहत" प्रदान गर्नमा मात्र सीमित गरेको छ र पर्याप्त क्षतिपूर्ति प्रदान गर्ने दायित्वलाई बेवास्ता गरेको छ।[114] राहत निर्देशिकाअनुसार वन्यजन्तुका कारण बालीनालीको क्षतिपूर्ति बेहोरेका किसानले बीस हजार रूपैयाँसम्मको राहत प्राप्त गर्न सक्दछन्। यद्यपि बर्दिया निकुञ्जमा यसरी प्रदान गरिने कुनै पनि राहत मानवअधिकारमा आधारित हुनु भन्दा पनि साङ्केतिक मात्र रहेको छ। बर्दिया राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृतका अनुसार उनको कार्यालयले ५०० आवेदनहरू प्राप्त गरेको थियो तर जम्मा ४५ जनाले मात्र राहत प्राप्त गर्न सके किनभने प्रायजसोले पर्याप्त कागजातहरू (जग्गा धनीको प्रमाणपत्र, र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको सिफारिस पत्रसमेत) बुझाउन सकेनन्। जग्गामा स्वामित्व नभएकाहरू - जसमा थुप्रै आदिवासी जनजाति र दलितहरूसमेत पर्दछन् – राहत प्राप्त गर्नका लागि योग्य समेत पनि छैनन्।

राहत प्रदान गरिएकै अवस्थामा पनि यो तत्कालै दिइँदैन। राहतका लागि निवेदन दिने प्रकृया लामो र जटिल छ। यसका लागि निवेदकहरूले एउटा फारम भर्नुपर्छ, जग्गा धनीको प्रमाण पत्र, जग्गाको फोटो र क्षतिसम्बन्धी विवरणलगायतका कागजातहरू उपलब्ध गराउनुपर्दछ र त्यसलाई मध्यवर्ती क्षेत्र व्यवस्थापन समितमा लिएर जानुपर्छ। समितिले उक्त कागजातहरू अध्ययन गरेर प्रमाणीकरणका लागि वडा कार्यालयमा पठाउँदछ र वडा कार्यालयको प्रमाणीकरणपछि राष्ट्रिय निकुञ्जको कार्यालयमा पठाउँदछ। हामीले कुरा गरेका स्थानीयहरूले एकदमै थोरै मात्राको राहत, झण्झटिलो प्रकृया, प्रमाणीकरण र भुक्तानीमा हुने ढिलासुस्ती (वर्षमा एकपटक मात्र वितरण गरिन्छ) र निश्चित प्रकारका जनावरहरू (जस्तै बाँदर)बाट बारम्बार हुने क्षतिमा राहतको अभावका बारेमा गुनासो गरे।[115]

# ४.४ स्वेच्छाचारी गिरफ्तारी र हिरासत, यातना तथा अन्य दुर्व्यवहार र बलको अत्यधिक प्रयोग

आदिवासी जनजातिहरूलाई राष्ट्रिय निकुञ्ज र आरक्षहरूको क्षेत्रमा प्रवेश गरेको कारण बारम्बार गिरफ्तार गर्ने र हिरासतमा राखे गरिएको छ। उनीहरूमध्ये धेरैले पार्कमा तैनाथ सेनाका कर्मचारीहरूको दुर्व्यवहार र यातनासमेत भोग्नुपरेको। परिणामस्वरूप केहीको मृत्यु भएको छ।

[112] राम अवतार थारूसँगको अन्तर्वार्ता, वडा नं ४, गेरुवा गाउँपालिका, २०७६ भाद्र १२ गते

[113] श्रद्धा घले, दी टाइगर एण्ड दी फार्मर, काठमाण्डु पोष्ट, १० अप्रिल २०१८, kathmandupost.ekantipur.com/news/2018-04-10/the-tiger-and-the-farmer.html

[114] दफा ३ घ को व्यवस्था: राष्ट्रिय निकुञ्ज तथा आरक्ष भन्दा बाहिर वन्यजन्तको आक्रमणमा परी धनजनको क्षति भएमा त्यस्तो क्षतिबापत तोकिएबमोजिम राहत दिइनेछ ।

[115] प्रभावित किसानहरूसँगको लक्षित समूह छलफल, वडा नं. ४, गेरुवा गाउँपालिका, २०७६ भाद्र १२ गते

सेनाले महिनामा करिब ४०० जनालाई गिरफ्तार गर्ने गरेको चितवन राष्ट्रिय निकुञ्जमा खटाइएको नेपाली सेनको इकाई बटुक दल गणका प्रमुख अरुण श्रेष्ठले सन् २०२० को जुलाईमा बताए।[116]

नेपालमा वन्यजन्तुसम्बन्धी अपराधमा थुनामा परेकाहरूको जनसङ्ख्यामा आदिवासी जनजाति सुमदायका मानिसहरूको प्रतिनिधित्व धेरै रहेको थुप्रै अध्ययन र प्रतिवेदनहरूले सङ्केत गरेका छन्।[117] अधिकारीहरूले अक्सर वन्यजन्तुसम्बन्धी अपराधमा संलग्न शक्तिशाली निकायहरूको सट्टा गरिब र न्यून आय भएकाहरूलाई गिरफ्तार गर्ने गरेको आलोचकहरूले भन्ने गरेका छन्।[118] नेपालमा वन्यजन्तुको व्यापारमा संलग्न भएको आरोपमा जेल सजायँ भोग्ने अधिकांश व्यक्तिहरू आदिवासी जनजाति समुदायका र खासगरी चेपाङ, थारू र तामाङ समुदायको रहेको कुरा एउटा भर्खरै सम्पन्न अध्ययनले पुष्टी गरेको छ। उनीहरूमध्ये धेरैजसो गरिबीको रेखामुनि रहेका घरपरिवारका रहने गरेका छन्। यस्तो सजायले उनीहरूको जीविकोपार्जन र बालबालिकाहरूको शिक्षामा नकारात्मक असर पारेको छ, परिवारका सदस्यहरूले श्रीसम्पत्ति बेच्न वा बसाई सर्न बाध्य हुनुपरेको छ, श्रीमतीसँग टाढा हुनुपरेको छ वा पारपाचुके गर्नुपर्ने भएको छ र यसले गहिरो सामाजिक कलङ्क पैदा गराएको छ।[119]

भरतपुरमा रहेको एउटा गैरसरकारी संस्था मध्यवर्ती क्षेत्र जनअधिकार महासङ्घ (प्रभात किरण सेवा समिति) को अभिलेखअनुसार सन् २०१५ को जनवरी-फेब्रुअरीसम्ममा वन्यजन्तुसम्बन्धी अपराधहरूमा १५१ जना मानिसहरूलाई चितवन जिल्ला कारागारमा थुनामा राखिएको थियो। सन् २०१४ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले वन्यजन्तुसम्बन्धी अपराधमा १४२ जनालाई हिरासतमा लिएको थियो। यसमध्ये आरोपित ७३ जनालाई झुठो आरोप लगाइएको थियो। १४२ मध्ये ६४ जना चेपाङहरू थिए र अन्य चाहिँ कुमाल, बोटे र थारू समुदायका आदिवासी जनजातिहरू थिए।[120] यो संस्थाले सन् २०१८ अप्रिलदेखि २०२० अप्रिलसम्म ४४ जना महिला र १५२ जना पुरुषका माछा मार्ने जाली खोसिएको, डुङ्गा नष्ट गरिएको, कुटपिट गरिएको र स्वेच्छाचारी ढङ्गमा हिरासतमा लिइएको सम्बन्धी १९६ वटा उजुरीहरूलाई अभिलेख गरेको छ।[121]

बर्दिया जिल्लाको गेरुवाका थारू समुदायका मानिसले (माथि हेर्नुहोस्) नेपाली सेनाका अधिकारीहरूद्वारा विभेदजन्य व्यवहार र प्रताडना हुने गरेको गुनासो गरे। सीमाना पार गरेर कानुनी हिसाबमा आफ्नो स्वामित्वमा रहेको तर अहिले बर्दिया राष्ट्रिय निकुञ्जभित्र पर्न गएको जग्गामा गएकै कारण एकजना भूतपूर्व बडघर दिपेन्द्र थारूले सेनाले आफूलाई गिरफ्तार गरेर ब्यारेकमा लगेको गुनासो गरे। "मेरो आफ्नो स्वामित्वको जमिनमा पाइला टेक्दा मैले के अपराध गरेको थिएँ?", उहाँले एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रलाई भन्नुभयो।

दैनिक जसो घाँस दाउरा गर्न वनमा प्रवेश गर्नुपर्ने भएकोले निकुञ्ज आसपास बस्ने महिलाहरू मानवअधिकार उल्लङ्घनको जोखिममा रहेका छन्। २०६९ वैशाख ३० गते नेपाली सेनाका एकजना सिपाहीले चितवनको राष्ट्रिय निकुञ्जअन्तर्गतको बेल्सार सामुदायिक वनमा एकजना भूमिहीन महिलालाई कुटपिट गर्नुका साथै यौनजन्य हिसाबमा आक्रमण गरे।[122] सेनाका जवानहरूले स्थानीय महिलाहरूसँग "विवाह" गरेर आफ्नो दुई वर्षे पोष्टिङ्ग सकिएपछि बेपत्ता

---

[116] काठमाण्डु पोष्ट, चेपाङ युवाको मृत्युमा नेपाली सेनाका सुरक्षाकर्मीमाथि आरोप लगाइयो, २५ जुलाई २०२०, tkpo.st/3f0axFU

[117] उकेश राज भुजुसमेत २००९। "रिपोर्ट अन दी फ्याक्ट्स् एण्ड इस्युज् अन पोचिङ् अफ मेगा स्पेसिज् एण्ड इलिगल ट्रेड इन दियर पार्ट्स् इन नेपाल," ट्रान्स्पेरेन्सी इन्टरनेसनल नेपाल। यो पनि हेर्नुहोस्: रोशन सेढाईं, "थ्रि जेनेरेसन्ज् अफ राइनो पोचिङ्, प्रजाज् स्टिल डर्ट पुअर", २० मार्च २०१७, myrepublica.nagariknetwork.com/news/16769/

[118] काठमाण्डु पोष्ट, स्मल फिस एण्ड स्केपगोट्स्, ३ अप्रिल २०१७, kathmandupost.com/opinion/2017/04/03/small-fish-and-scapegoats

[119] कुमार पौडेल, गेरी आर पटर एण्ड ज्याकोब फेल्प्स्। फेब्रुअरी २०२० (अनलनाइनमा उपलब्ध छ: १५ डिसेम्बर २०१९) । 'कन्जर्भेसन इन्फोर्स्मेन्टः इन्साइट्स् फ्रम पिपल इन्कार्सिरेटेड फर वाइल्डलाइफ फर क्राइम्ज् इन नेपाल'। कन्जर्भेसन साइन्स् एण्ड प्राक्टिस्, भोल्युम २, इस्यु २।

[120] काठमाण्डु पोष्ट, स्मल फिस एण्ड स्केपगोट्स्, ३ अप्रिल २०१७, , www.kathmandupost.com/opinion/2017/04/03/small-fish-and-scapegoats

[121] एम्नेस्टी इन्टरनेसनल नेपाललाई उपलब्ध गराइएको दस्तावेज, डिसेम्बर २०२०

[122] बिपुलेन्द्र अधिकारी। २९ मे २०१२। "इन्क्वायरी इन्टु यालिजिड् रेप् बाइ सोल्जर्स्," *रिपब्लिका*, myrepublica.com/archive/61197/Inquiry-into-alleged-rape-by-soldier

भएका घटनाहरू पनि छन् जसका कारण महिलाहरू विवाहित सम्बन्ध भन्दा बाहिरबाट जन्मिएका बालबालिकाहरू हुर्काउन र सामाजिक कलङ्कको शीकार हुन पुगेका छन्।[123]

सन् २०१० मा नेपालस्थित मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल) ले सुरक्षाकर्मीहरूद्वारा भएको अत्यधिक र कतिपय अवस्थामा अनधिकृत बलको प्रयोगका सवालमा एउटा सरोकारको सारसङ्क्षेप प्रकाशन गरेको थियो। यसमा छवटा घटनाहरूलाई दस्तावेजीकरण गरिएको थियो जसमा उच्चायुक्तको कार्यालयले बर्दिया र चितवन राष्ट्रिय निकुञ्ज तथा पर्सा वन्यजन्तु आरक्षमा गस्ती गर्ने नेपाली सेनाबाट घातक बलको गैरकानुनी प्रयोग भएको विश्वसनीय आरोपहरू प्राप्त गरेको थियो। उच्चायुक्तको कार्यालय लेख्छ:

> **सेना र राष्ट्रिय निकुञ्जका अधिकारीहरूले पीडितहरू चोरी शीकारी गर्ने व्यक्तिहरू भएको र उनीहरूलाई आत्मरक्षाको क्रममा मारिएको दाबी गर्दै उनीहरूको मृत्युलाई वैधानिकता दिएका छन्। यी सबै मुद्दाहरूमा गरिएका यी दाबीहरूमाथि शङ्का पैदा हुने खालका प्रमाण रहेको छ र यसले स्वतन्त्र छानबिनको माग गर्दछ। यी मुद्दाहरूमा सेनाले प्रहरी अनुसन्धानमा सहयोग पुर्याएको छैन र सम्बन्धित व्यक्तिहरूलाई सोधपुछका लागि प्रहरीसमक्ष उपस्थित समेत गराएको छैन। १२ वर्षिया बालिकासहित तीनजना महिलाको हत्या गरिएको (–) बर्दिया राष्ट्रिय निकुञ्जको मुद्दामा सेना र राष्ट्रिय निकुञ्जका अधिकारीहरूले पीडितका परिवारहरूलाई फौजदारी उजुरी फिर्ता लिन दबाब दिएर फौजदारी जवाफदेहिता अवरोध गर्नमा सक्रिय भूमिका खेले। संशोधित सैनिक ऐनमा यस्ता मुद्दाहरूको अनुसन्धान र अभियोजन गर्ने विषयलाई स्पष्ट रूपमा नागरिक अधिकारीहरूको क्षेत्राधिकारभित्र राखेको भएपनि यसमा सहयोग गर्न सेना पछि हटिरहेको छ। यी घटनाहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा रहेका कमजोरीहरूलाई पनि उजागर गरेका छन्। यसले**

[123] काठमाण्डु पोष्ट, मेन इन ग्रिन, २२ मे २०१८,
kathmandupost.ekantipur.com/news/2018-05-22/men-in-green.html
छबिलाल न्यौपाने र चित्र बहादुर माझी, *संरक्षित क्षेत्रका द्वन्द्व*, माझी मुसहर बोटे कल्यान सेवा समिति, नवलपरासी र प्रभात किरन सेवा समाज, चितवन, २०१७ ।

## ज्यानमाथि कुनै खतरा नहुँदाको अवस्थामासमेत बन्दुकको प्रयोगलाई अनुमति दिएको छ।[124]

पछिल्ला केही वर्षहरूमा नेपाली सेनाद्वारा घातक बलको अत्यधिक प्रयोग गरिएको बारे कमैमात्रामा समाचारमा आएको भएपनि यातना (कहिलेकाहीँ मृत्युसमेत भएको), बलात्कार र अन्य मानवअधिकार उल्लङ्घनका समाचारहरू अझै पनि नियमित रूपमा आइरहेका छन्। तल व्याख्या गरिएझैं हत्या गरिएका व्यक्तिका परिवारहरू न्यायको पर्खाइमा रहेका छन् र उनीहरूलाई अझै प्रभावकारी उपचार प्रदान गरिएको छैन।

प्रभावकारी उपचारको अधिकारलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आइसिसिपिआर), आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि (आइसिइएससिआर) र जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि (सर्ड) लगायत नेपाल पक्ष राष्ट्र भएका धेरै मानवअधिकार सन्धिहरूमा समावेश गरिएको छ। सन् २००५ मा संयुक्त राष्ट्रसङ्घको महासभाले अनुमोदन गरेको अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको घोर उल्लङ्घन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्तहरूमा यो अधिकारलाई खँदिलो बनाइएको छ।[125] यसका मुख्य पाँच अवयवहरू छन्ः परिपूरण, क्षतिपूर्ति, पुनरागमन, पुनर्स्थापना, सन्तुष्टी र पुनः नदोहोरिने प्रतिबद्धता। सन्धिहरूको कार्यान्वयनको अनुगमन गर्ने धेरैजसो सन्धि निकायहरूले खास खास उल्लङ्घनहरूका सवालमा कस्तो उपचार प्रदान गर्नुपर्दछ भन्ने बारेमा विस्तृत रूपमा व्यख्या गरेका छन्।

यातना, दुर्व्यवहार र गैर न्यायिक हत्याका पीडित धेरैलाई जाहेरी दरखास्त (जाहेरी वा एफआइआर, फौजदारी अनुसन्धानका लागि औपचारिक उजुरी) दायर गर्न गम्भीर कठिनाईहरू रहेको छ। यस्तो उजुरी फौजदारी कार्यविधि संहिताअनुसार स्थानीय प्रहरीमा दर्ता गर्नु पर्ने भएकोले यसले ठूलो चुनौती खडा गर्छ। प्रहरीले बारम्बार जाहेरी दर्ता गर्न अस्वीकार गर्दछ वा जाहेरी स्वीकार्नुअघि जाहेरीका विषयवस्तु परिवर्तन गर्न जाहेरवालहरूमा दबाब दिन्छ।[126]

## ४.४.१ चितवन - राजकुमार चेपाङः दुर्व्यवहार र यातनाका कारण मृत्यु

२०७७ असार २ गते राप्ती नगरपालिका वडा नं. २ का २६ वर्षीय राजकुमार चेपाङ र अन्य छजना (तीन जना चेपाङ पुरुष, दुईजना चेपाङ महिला र आदिवासी राई समुदायको एक जना) नदीमा घुँगी (शङ्खेकिराको एउटा प्रजाति जसलाई मिठो मानेर खाने गरिन्छ) खोज्न भनी चितवन राष्ट्रिय निकुञ्जभित्र प्रवेश गरेका थिए। सेनाका एकजना सिपाहीले उनीहरूलाई गिरफ्तार गरे र निकुञ्जभित्र यातना दिए। उनीहरूलाई सोही दिन छाडिएको थियो। राजकुमार

---

124 उच्चायुक्तको कार्यालय-नेपाल, तराईमा भएका गैरन्यायिक हत्याका आरोपहरूको अनुसन्धान, उच्चायुक्तको कार्यालय-नेपालको सरोकारको सारसङ्क्षेप, जुलाई २०१०, पृष्ठ ९, nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/Investigating%20Allegations%20of%20Extra-Judicial%20Killings%20in%20the%20Terai.pdf

125 उच्चायुक्तको कार्यालय। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको घोर उल्लङ्घन र अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका पीडितहरूका लागि उपचार र परिपूरणको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त र निर्देशिकाहरू। १६ डिसेम्बर २००५ को महासभाको प्रस्तावना ६०/१४७। https://www.ohchr.org/en/professionalinterest/pages/remedyandreparation.aspx

126 उच्चायुक्तको कार्यालय-नेपाल, तराईमा भएका गैरन्यायिक हत्याका आरोपहरूको अनुसन्धान, उच्चायुक्तको कार्यालय-नेपालको सरोकारको सारसङ्क्षेप, जुलाई २०१०, nepal.ohchr.org/en/resources/publications/Investigating%20Allegations%20of%20Extra-Judicial%20Killings%20in%20the%20Terai.pdf

चेपाङको परिवारको अनुसार घर फर्किएपछि कुटाईका कारण उनी बिरामी परे। उनलाई अस्पतालमा भर्ना गरियो तर २०७७ असार ८ गते उनको निधन भयो।

यातना खेपेर जीवित रहन सफल एकजना सन्तोष चेपाङले भने:

> **"जब नेपाली सेनाको सिपाहीले हामीलाई भेट्टायो त्यतिखेर हामीहरू एउटा सानो खोलामा घुँगी सङ्कलन गरिरहेका थियौं। सुरूमा त उनले हामीलाई केही प्रश्न सोधे। हामीले निकुञ्ज प्रवेश गरेकोमा माफी माग्यौं। हामीमध्ये एकजनालाई उनले "उ त्यहाँ" जानु भनी भने, उनलाई पानीमा लम्पसार परेर सुत्न भने र उनले घुँडासम्म लगाएको बुटले लात्ति हिर्काउन थाले। त्यसपछि ती सिपाहीले मलाई त्यहाँ जान भने। मलाई पनि त्यसैगरी पिटे। धेरै नराम्रोसँग पिटे। दुईजना महिलाबाहेक हामी सबैलाई २०-२५ मिनेटसम्म कुटिरहे। जब महिलाहरूले हामीलाई नपिट्न अनुनय गरे ती महिलाहरूमाथि गालि गलोज गरे। त्यसपछि हामीलाई काठको मुढा बोक्न लगाई निकुञ्जको प्रशासनसम्म हिँडाइयो। हामीलाई बाटोमा पुनः कुटपिट गरियो। जब हामी बोल्न खोज्थ्यौं सिपाहीले हामीलाई बोल्न पनि दिएन। निकुञ्जका अधिकारीहरूले हाम्रो फोटो लिए र नाम दर्ता गरे। शुरूमा अधिकारीहरूले प्रतिव्यक्ति एक हजार रुपैयाँ तिर्न भने। तर हामीले त्यति धेरै पैसा नभएको भनी अनुरोध गर्‍यौं। प्रति व्यक्ति पाँच सय रूपैयाँ तिर्न राजि भयौं। घर फर्कने क्रममा राजकुमार राम्ररी हिँड्न सकिरहेका थिएनन्। हामीले उनलाई हिँड्न सहयोग गयौं। उनको अवस्था झन खराब हुँदै गयो र यसले उनको मृत्यु नै हुन पुग्यो।"**[127]

राजकुमारसँगै खोलामा गएका सन्तलाल प्रजाले दुईजना महिला बाहेक उनी र उनका साथीहरूलाई सिपाहीले पिटेको बताए। उनीहरूलाई गर्हुङ्गाे काठको मुढा ओसार्न र १०० पटकसम्म पुसअप गर्न लगाइएको पनि उनले बताए।[128]

---

[127] एड्भोकेसी फोरम र तराई मानवअधिकार रक्षक सञ्जाल, थुनामा भएका मृत्युका घटनाहरूमा अनुसन्धान गर्न माग गर्दै कानुन, न्याय तथा मानवअधिकार समितिका अध्यक्षलाई बुझाइएको ज्ञापन पत्र, २०७७ असोज ६

[128] काठमाण्डु पोष्ट, नेपाल आर्मी पर्सोनल ब्लेम्ड फर डेथ अफ चेपाङ युथ, २४ जुलाई २०२०, tkpo.st/3f0axFU

राजकुमारको मृत्यु भएपछि उनका परिवारले २०७७ साल श्रावण ८ गते चितवन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त (जाहेरी) बुझाए।[129] जाहेरीमा राजकुमारका बुबाले उनको छोरालाई सेनाले यातना दिएको र त्यसैका कारण मृत्यु भएको दाबी गरे।

२०७७ श्रावण १२ गते काठमाडौं, महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा राजकुमार चेपाङको मृत शरीरको शव परीक्षण गरिएको थियो। शव परीक्षणपश्चात परिवारले श्रावण १८ गते शव बुझ्यो र सामुदायिक परम्पराअनुसार दाहसंस्कार गर्यो।[130] शव परीक्षण प्रतिवेदन प्रहरी र परिवारलाई बुझाइएको थियो।[131] रगत र तन्तुको थप परीक्षण क्रमशः राष्ट्रिय विधिविज्ञान प्रयोगशाला र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भइरहेको जनाउँदै शव परीक्षण प्रतिवेदनले मृत्युको कारण नखुलेको निष्कर्श दिएको छ। तर यसले ढाडको देब्रे माथिल्लो भागमा "गहिरो गरी दरफराएको रातो भाग" र ढाडको तल्लो भागमा "दुई वटा रेखाकार रूपमा रहेका खैरो दरफराएको भाग"का साथै ढाडमा तीनवटा बाहिरी चोट रहेको जनाएको छ।[132] बाहिरी चोटसँग मिल्नेगरी ढाडको आन्तरिक परीक्षणले ४x२ से.मी. आकारको दुई वटा र ४x४ से.मी. आकारको एउटा चोट फेला पार्यो।[133]

राष्ट्रिय मानवअधिकार आयोगले पनि राजकुमार चेपाङको मृत्युमा अनुसन्धान गर्यो तर यो प्रतिवेदन लेख्दै गर्दासम्मको समयमा आयोगका अनुसन्धान निचोडलाई सार्वजनिक गरिएको छैन।[134]

नेपाली सेनाले अनुसन्धान शुरू गरेको जनाएको छ। २०७७ श्रावण ९ गते जारी गरिएको प्रेस विज्ञप्तिमा सेनाले "अनुसन्धान प्रकृयाको जिम्मेवारी पाएका सरकारी निकायहरूलाई पूर्ण सहयोग गर्ने प्रतिबद्धता" जनाएको छ।"[135]

अधिकारीहरूले पहिला कानुनी कारबाहीको प्रकृया छाडेमा अदालत बाहिरबाट केही आर्थिक सहयोग दिने प्रस्ताव गरे। जिल्ला प्रशासन कार्यालयमा मिति २०७७ श्रावण १६ गते भएको बैठकमा चितवन राष्ट्रिय निकुञ्जका अधिकारीहरूले सात लाख रुपैयाँ र राप्ती नगर कार्यालयले तीन लाख रुपैयाँ राजकुमार चेपाङको परिवारलाई प्रदान गर्ने प्रतिबद्धता गरेका थिए।[136] केही ढिलाई भएको भएपनि सन् २०२१ अप्रिलसम्ममा राप्ती नगरपालिकाले र राष्ट्रिय निकुञ्जको कार्यालयले दिन्छु भनी कबोलेको रकम उपलब्ध गराएका छन्। राजकुमारसँगै सेनाको हिरासतमा कुटिइएका सन्तोष चेपाङलगायतका अन्य छ जनाले अहलेसम्म न त यस्तो आर्थिक सहयोग रकम प्राप्त गरेका छन् न त अन्य कुनै स्वरूपको परिपूरण नै प्राप्त गरेका छन्।[137]

व्यापक जनदबाबपछि मात्र अधिकारीहरूले फौजदारी अनुसन्धान गरेका थिए। पछि, २०७७ असोज ४ गते नेपाली सेनाका एक सिपाहीलाई हत्याको आशंकामा गिरफ्तार गरियो।[138] ०७७ असोज २७ मा चितवन जिल्ला अदालतले

[129] दी रेकर्ड, बेल्ड आउट बाई ब्लड मनी, ५ अगस्ट २०२०, recordnepal.com/wire/features/bailed-out-by-blood-money/

[130] दी रेकर्ड, बेल्ड आउट बाइ ब्लड मनि, ५ अगस्ट २०२०, recordnepal.com/wire/features/bailed-out-by-blood-money/

[131] एड्भोकेसी फोरम र तराई मानवअधिकार रक्षक सञ्जाल, हिरासतमा भएका मृत्युहरूमा अनुसन्धान गर्न माग गर्दै व्यवस्थापिका संसदको कानुन, न्याय तथा मानवअधिकार समितिमा बुझाइएको ज्ञापन पत्र, २२ सेप्टेम्बर २०२०।

[132] २०७७ साल असार २८ गतेको शव परीक्षण प्रतिवेदन, पृष्ठ २।

[133] शव परीक्षण प्रतिवेदन, पृष्ठ ४।

[134] काठमाण्डु पोष्ट, न्यासनल ह्युमन राइट्स् कमिसन टेक्स् सिरिअस् एक्सेप्सन टु दी फोर्सफुल इभिक्सन याण्ड किलिङ अफ अ युथ बाई चितवन न्यासनल पार्क अथरिटिज्, २७ जुलाई २०२०, यहाँ उपलब्ध छः kathmandupost.com/province-no-3/2020/07/24/national-human-rights-commission-takes-serious-exception-to-the-forceful-eviction-and-killing-of-a-youth-by-chitwan-national-park-authority

[135] एम्नेस्टी इन्टरनेसनल नेपालद्वारा सन्तोष वल्लभ पौडेलसँग भएको कुराकानी, २०७७ असोज ३०।

[136] काठमाण्डु पोष्ट, अग्रिमेन्ट टु प्रोभाइड रुपिज् वन मिलियन याज अ रिलिफ टु राज कुमारज् फेमिलिज्, २ अगस्ट २०२०, यहाँ उपलब्ध छ : tkpo.st/30hHg5x

[137] राप्ती नगरपालिका, चितवनका सन्तोष चेपाङसँगको कुराकानी, २०७७ असोज २८ गते।

[138] काठमाण्डु पोष्ट, नेपाल आर्मी सोल्जर हेल्ड अन चार्ज अफ असल्टिङ्ग चेपाङ युथ इन चितवन नेसनल पार्क इन जुलाई, ३० सेप्टेम्बर २०२०, tkpo.st/3mZ5JG9 र १३ अक्टोबर २०२० मा एड्भोकेसी फोरमका कार्यकारी निर्देशक ओम प्रकास सेन ठकुरीसँगको कुराकानी।

उनलाई मुद्दा फछ्र्यौट नभइन्जेसम्मका लागि थुनामा पठाउने आदेश दियो।[139] अदालतले २०७८ असार २८ मा उनलाई नौ महिना कैद तथा रु.२,००० जरिवानासहितको सजाय हुने फैसला गर्यो। अदालतले उनलाई पीडितको परिवारलाई दुई लाख रुपैयाँ क्षतिपूर्ति तिर्न पनि आदेश दियो।[140] त्यसपछि उनी तुरुन्तै रिहा भएका थिए र उनले तिर्ने जरिवाना घटाएर दुई हजार रुपैयाँ बनाइएको थियो किनभने त्यतिबेलासम्म उनले नौ महिना भन्दा बढी समय जेलमा बिताइसकेका थिए। फैसलाको अध्ययनले के देखाउँछ भने ती सिपाहीलाई मुलुकी अपराध संहिता ऐनको दफा १८२ (३) अन्तर्गत (हेलचेक्र्याईँले भएको मृत्यु) अनुसार सजायँ तोकिएको छ र अदालतमा प्रमाण दिँदा उनीसँग घुँगी सङ्कलन गर्न गएका एकजना बाहेक सबैले आफूहरूलाई कुटपिट नगरिएको र सिपाहीले "गाली" मात्र गरेको बताएका छन्। एकजना साक्षीले राजकुमार चेपाङलाई नदीमा "हातपात" गरीएको, पानीमा उठबस गर्न लगाएको र हातले कुटपिट गरेको बताएका छन्। यो लेख्दै गर्दासम्म यस निर्णयविरूद्ध कुनै पनि पुनरावेदन दायर गरिएको छैन। २०७८ श्रावण १४ मा एम्नेस्टी इन्टरनेसनल नेपालसँग टेलिफोन कुराकानीको क्रममा चितवन जिल्लाका सरकारी वकिलले पुनरावेदन गर्ने सम्भावना रहेको बताए। फैसला भएको ७० दिन भित्र पुनरावेदन दायर गर्न आवश्यक छ। एम्नेस्टी इन्टरनेसनल नेपाल र आत्मनिर्भर केन्द्रले यस मुद्दालाई नजिकबाट अनुगमन गर्न जारी राख्ने छन्।

## ४.४.२ चितवन - शिखाराम चौधरीः दुर्व्यवहार र यातनाका कारण मृत्यु

निकुञ्जबाट उनको छोराले चोरी शीकारी गरी ल्याएको भनिएको गैंडाको सिङ् लुकाएको आशङ्कामा चितवन राष्ट्रिय निकुञ्जका रेन्जरहरूले सन् २००६ जुनमा शिखाराम चौधरीलाई गिरफ्तार गरेका थिए। रेन्जरहरू शिखारामको घरमा आएर खानतलासी गर्दा सिङ त फेला पारनेन् तर अदालतमा अभियोजनका लागि बुझाइएको कागजातअनुसार उनीहरूले शिखारामलाई भने हिरासतमा लिए।[141]

हिरासतकै क्रममा उनको मृत्यु भयो। शव परीक्षणमा उनको सातवटा करङ भाँच्चिएको देखियो र उनको शरीरभरी "निल डाम र चोट" देखिएको थियो। "छातिको पछाडि र देब्रे भागमा अत्यधिक दबाव" मृत्युको कारण रहेको जनाइएको थियो जसका कारण शिखारामले श्वास फेर्न सकेका थिएनन्।[142] सातजना प्रत्यक्षदर्शीहरूले उनलाई लगातार कुटपिट गरिएको कुरा पुष्टी गरे। वार्डेनसहितका तीनजना निकुञ्जका अधिकारीहरूलाई सुरूमा गिरफ्तार गरी हत्याको अभियोग लगाइएको थियो।[143] २०६३ साल फागुन २२ गते गिरफ्तार गरेको नौ महिनापछि उनीहरूविरुद्धको मुद्दा अगाडि बढाउनु हुन्न भन्ने मन्त्रिपरिषद्को निर्णयपछि निकुञ्जका अधिकारीहरूमाथि लगाइएको अभियोग अदालतमा फिर्ता लिइयो।[144] शिखाराम चौधरीको मृत्युमाथिको अनुसन्धानलाई रोकिएकोमा सरकारले कुनै स्पष्टीकरण प्रदान गरेन।

---

[139] अनलाइनखबर, सोल्जर अक्युज्ड अफ राज कुमार चेपाङ डेथ अरेस्टेड, १४ अक्टोबर २०२०, www.onlinekhabar.com/2020/10/903128

[140] काठमाण्डु पोष्ट, आर्मी म्यान कन्भिक्टेड डेथ अफ म्यान इनसाइड चितवन पार्क, १४ जुलाई २०२१, www.kathmandupost.com/province-no-3/2021/07/14/army-officer-convicted-in-death-of-man-inside-chitwan-park

[141] बजफिड न्युज, डब्लुडब्लुएफ फण्ड्ज् गार्डज् हु टर्चर्ड याण्ड किल्ड पिपल, ४ मार्च २०१९, buzzfeednews.com/article/tomwarren/wwf-world-wide-fund-nature-parks-torture-death यो पनि हेर्नुहोस्, फ्याक्ट फाइन्डिङ्ग मिसन रिपोर्ट, फेब्रुअरी २०२०, भायोलेसन्ज् अफ इन्डिजिनस पिपल्ज् ह्युमन राइट्स् इन चितवन न्यासनल पार्क अफ नेपाल सब्मिटेड टुः इन्डिपेन्डेन्ट प्यानेल अफ एक्सपर्ट्स् – डब्लुडब्लुएफ इन्डिपेन्डेन्ट रिभिउ सब्मिटेड बाई लयर्ज् असोसियसन फर ह्युमन राइट्स् अफ नेपलिज् इन्डिजिनस पिपल (लाहुर्निप) न्यासनल इन्डिजिनस उइमिन फेडरेसन (एनआइडब्लुएफ), iwgia.org/images/publications/new-publications/2020/Violation_of_Indigenous_Peoples_Human_Rights_in_Chitwan_National_Park_of_Nepal.pdf

[142] बजफिडन्युज, डब्लुडब्लुएफ फन्ड्ज् गार्डज् हु ह्याभ टर्चर्ड एण्ड किल्ड पिपुल, ४ मार्च २०१९ (माथि हेर्नुहोस्)

[143] हिमालयन टाइम्स, वाइल्डलाइफ वार्डेन्ज् सस्पेन्डेड, १४ जुन २००६, thehimalayantimes.com/nepal/wildlife-wardens-suspended/

[144] काठमाण्डु पोष्ट, नेपाली पार्क अफिसियल्ज् टर्चर्ड अ म्यान टु डेथ। देन दी गभर्नेमेन्ट एण्ड दी वर्ल्ड वाइड फन्ड फर नेचर रिवार्डेड देम, ३ मार्च २०१९, https://kathmandupost.com/investigations/2019/03/03/nepals-park-officials-who-beat-and-tortured-a-man-were-rewarded-by-the-government-and-the-world-wide-fund-for-nature

यो घटनामा गाउँलेले दश लाख रुपैयाँ बराबरको क्षतिपूर्तिको माग गरे। परिवारले छ लाख रुपैयाँ प्राप्त गरेको पुष्टी गरे।[145] अनुसन्धान अघि बढ्न नसकेको हुँदा शिखारामको मृत्युको कारण अप्रमाणित अवस्थामा रहेको छ।[146]

## ४.४.३ बर्दियाः स्वेच्छाचारी गिरफ्तारी र हिरासत

निकुञ्जका सशस्त्र सुरक्षाकर्मीहरूले अक्सर कुटपिट गर्ने, गाली गलोज गर्ने, हँसिया र माछा मार्ने उपकरण जफत गर्ने, स्वेच्छाचारी ढङ्गमा पक्राउ गर्ने र जरिवाना तिराउने गरेको बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र आसपासका गाउँलेहरूले सन् २०१८ मा पत्रकारहरूलाई बताए। अनुमतिबिना छाना छाउने खर सङ्कलन गरेको वा माछा मारेको पाइएमा यस्तो गर्ने गाउँलेहरूलाई कहिलेकाहीँ सेनाको पोष्ट आसपासमा घाँस काट्ने, सरसफाई गर्ने, ब्यारेकका भित्ताहरूमा रङ्ग लगाउने आदि सेनाको काम धन्दा गर्न बाध्य पारिन्छ।[147]

झर्निया, मगराडी गाविसका थारू गाउँले र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिबीचको विवादको सन्दर्भमा सन् २०१७ को मईमा २० जनालाई गिरफ्तार गरी हिरासतमा राखेको बारेमा एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रले विस्तृत रूपमा दस्तावेजीकरण गरेका छन् (माथि हेर्नुहोस्)। २०७४ वैशाख २७ मा बर्दिया राष्ट्रिय निकुञ्जमा खटिएका सेनाका सुरक्षाकर्मीहरूले सात जना थारू महिला र १३ जना पुरूषलाई निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने मगराडी गाविस वडा नं. ६ को झर्निया र सित्रोनेला वस्तीबाट गिरफ्तार गरे। उनीहरूलाई २५ दिनसम्म हिरासतमा राखियो र त्यस क्षेत्रका सबै १०५ थारू घरपरिवारले उक्त ठाउँ छाडेको सुनिश्चित गर्न उनीहरू सहमत नभएसम्म धम्काउने कार्य जारी राखियो। उनीहरूलाई अन्तमा रु.२८,२५० प्रतिव्यक्ति धरौटीमा २०७४ असार १ गते रिहा गरियो। तर उनीहरूले दुई वर्षसम्म राष्ट्रिय निकुञ्जको कार्यालयमा दुई दुई महिनाको अन्तरालमा तारेख धाउनुपरेको थियो।[148]

गिरफ्तार गरिएकामा सामुदायिक अभियानकर्मीहरू केशुराम थारू, हरिराम थारू र सुन्दरलाल थारू तथा ग्रामीण भूअधिकार मञ्चकी अध्यक्ष आशा रानी थारू थिए। आशा रानीलाई वनको रूख काटेको र मध्यवर्ती क्षेत्रमा गैरकानुनी तवरमा बसोवास गरेको आरोप लगाइएको थियो। आशा रानीलाई सात दिनपछि रिहा गरिएको थियो। अन्यलाई भने २५ दिनसम्म थुनामा राखिएको थियो। धरौटी रकम तिर्नका लागि उनीहरूले ऋण लिनु परेको थियो। ऋणदाताले ऋणमा ३६ प्रतिशत ब्याज असुले। उनीहरू यो धरौटी रकम तिर्न सङ्घर्ष गरिरहेका छन्।[149]

[145] एम्नेस्टी इन्टरनेसनल नेपाल, दुईवटा परिवारसँग भएको कुराकानी, डिसेम्बर २०१८

[146] डब्लुडब्लुएफले गठन गरेको स्वतन्त्र विज्ञमण्डलको प्रतिवेदन, (माथि हेर्नुहोस्), पृष्ठ ११५। "डब्लुडब्लुएफले एउटा सार्वजनिक वक्तव्य जारी गरेर कमजोर निर्णय क्षमता प्रदर्शन गरेको देखिएको पाइयो। विज्ञप्तिले सन्दिग्धहरूको रिहाईलाई "स्वागत" गरेको छ र मृतक र उनको परिवारप्रति वा शिखाराम चौधरीको मृत्यु भएको घटनाका सन्दर्भमा न्याय वा जवादेहिताका लागि कुनै सरोकार व्यक्त गरेको छैन।" भन्ने कुरा विज्ञमण्डलको अध्ययनले पाएको छ। (पृष्ठ ११८)

यो पनि हेर्नुहोस् हिमालयन टाइम्स, वाइल्डलाइफ वार्डेन्ज् सस्पेन्डेड, १४ जुन २००६, माथि हेर्नुहोस्।

[147] काठमाण्डु पोष्ट, मेन इन ग्रिन, २२ मे २०१८, kathmandupost.ekantipur.com/news/2018-05-22/men-in-green.html

[148] आशा रानी थारू, केशुराम थारू र हरिराम थारूसँगको अन्तर्वार्ता, नोभेम्बर २०२०

[149] आशा रानी थारू, केशुराम थारू र हरिराम थारूसँगको अन्तर्वार्ता, नोभेम्बर २०२०

# ५. कानुन र नीति

माथिका घटना सन्दर्भहरूले सङ्केत गरेझैं नेपालको संरक्षण कानुन र नीतिहरूले आदिवासी जनजातिहरूको सीमान्तीकरण र उनीहरूको मानवअधिकार उल्लङ्घनमा प्रत्यक्ष योगदान पुर्याएका छन्। यस्तो गर्नमा सहयोग पुर्याउने कानुनका ती प्रवाधानहरूलाई तल सङ्क्षेपमा प्रस्तुत गरिएको छ।

## ५.१ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (राष्ट्रिय निकुञ्ज ऐन)[150] संरक्षित क्षेत्रहरूको व्यवस्थापनलाई निर्दिष्ट गर्ने एउटा मूख्य कानुन हो। संरक्षित क्षेत्रहरूमा बस्ने मानिसका आवश्यकतालाई विचारै नगरी वन्यजन्तु संरक्षणमा ध्यान केन्द्रित गरेकोमा यस ऐनको लामो समयदेखि आलोचना हुँदै आएको छ।[151] स्थानीय सामुदायिक सदस्यहरू, अभियन्ताहरू र संरक्षित क्षेत्रका निर्वाचित प्रतिनिधिहरूले यो ऐनलाई यदि पुरै विस्थापन गर्न नमिल्ने भए यसलाई पर्याप्त मात्रामा संशोधन गर्न माग गर्दै आइरहेका छन्।[152] यद्यपि पाँचौं संशोधन भइसक्दापनि यो कानुन आधारभूत रूपमा अपरिवर्तित नै रहेको छ।

यस कानुनका मूख्य प्रावधानहरू निम्नबमोजिम रहेका छन्ः

- यो ऐनअन्तर्गत नेपाल सरकारले कुनै क्षेत्रलाई "त्यसको चार किल्लासमेत खोलिएको सूचना नेपाल राजपत्रमा प्रकाशित गरी" राष्ट्रिय निकुञ्ज घोषणा गर्न सक्दछ।[153] नेपालले अनुमोदन गरेको आइएलओ महासन्धि १६९, आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र र जैविक विविधतसासम्बन्धी महासन्धिमा उल्लेख गरिएको स्वतन्त्र र पूर्व सूचित सहमतिको व्यवस्था यस कानुनमा रहेको छैन।

- नयाँ घोषणा गरिएको संरक्षित क्षेत्रमा बसोवास गरिरहेका मानिसहरूको अधिकारलाई ध्यान दिइएको छैन। राष्ट्रिय निकुञ्जमा आफ्नो समावेश हुन गएकोमा त्यस्ता जग्गा धनीहरूलाई ऐनमा क्षतिपूर्तिको कुनै व्यवस्था गरिएको छैन।[154]

[150] यो ऐनले वन्यजन्तु संरक्षण ऐन २०१५ (सन् १९५८) लाई प्रतिस्थापन गरेको थियो ।

[151] नया शर्मा पौडेल, सुदिप जना र जैलाव कुमार राई। डिसेम्बर २०११। "कन्टेस्टेड लः स्लो रेस्पन्स टु डिमान्ड्स् फर रिफर्मुलेटिङ प्रोटेक्टेड एरिया लिगल फ्रेमवर्क इन नेपाल।" फोरेस्ट याक्सन नेपाल। छलफल पत्र नं. ११.५।

[152] काठमाडौ पोष्ट, माडी वार्ड चिफ अन हङ्गर स्ट्राइक अगेन्स्ट न्यासनल पार्क ल, २१ फेब्रुअरी २०२०, kathmandupost.com/province-no-3/2020/02/21/madi-ward-chief-on-hunger-strike-against-national-park-law, र माडी लोकल्ज् प्रेस फर अमेन्डमेन्ट टु दी याक्ट, kathmandupost.com/national/2018/04/15/madi-locals-press-for-amendment-to-act

[153] राष्ट्रिय निकुञ्ज ऐन, दफा ३.१

[154] यो जग्गा प्राप्ति ऐन, २०३४ को प्रावधान विपरित छ जसले क्षतिपूर्तिको व्यवस्था गरेको।

- यो कानुनले (दफा ५) शीकार खेल्न, घरपालुवा पशुपंक्षीलाई चराउन, रुख काट्न, आवादी गर्न वा वनको प्रयोग गर्न तथा राष्ट्रिय निकुञ्ज वा आरक्षमा भवन निर्माण गर्नमा प्रतिबन्ध लगाएको छ।[155]

- माथि उल्लिखित प्रतिबन्धहरूको उल्लङ्घन भएको अवस्थामा ऐनको दफा २४ ले यदि कसुर गर्ने व्यक्ति उम्कने वा भाग्ने मनासिब आधार देखिएमा "अधिकार प्राप्त अधिकारीलाई" बिना पक्राउ पूर्जी नै गिरफ्तार गर्ने अधिकार प्रदान गरेको छ। यसरी गिरफ्तार गरिएको व्यक्तिलाई कानुनी कारबाहीका लागि मुद्दा हेर्ने अधिकारीसमक्ष बाटोको म्यादबाहेक २४ घण्टाभित्र उपस्थित गराउनुपर्दछ।[156]

- यो कानुनले कसुर गर्ने व्यक्तिलाई गोली चलाउनुको “विकल्प नभएको" अवस्थामा यसरी गोली चलाउँदा सो व्यक्तिको यदि मृत्यु नै भएपनि गोली हान्ने अधिकारीलाई उन्मुक्ति मिल्ने प्रावधानको व्यवस्था गरेको छ।[157]

- ऐनको पाँचौं संशोधनले वन्यजन्तु अपराधमा प्रमाणित ठहरिएका अभियुक्तहरूलाई जरिवाना र कैद सजाय थप गरेको छ।[158] निश्चित जनावार[159] विरुद्धको अपराधमा हुने सजायमा अहिले पाँच लाखदेखि दश लाखसम्मको जरिवाना[160] वा पाँच देखि १५ वर्षसम्मको जेल सजाय वा दुवैको व्यवस्था रहेको छ। अन्य वन्यजन्तुको अपराधमा एक लाखदेखि पाँच लाखसम्म जरिवाना वा एकदेखि दश वर्षको जेल सजाय वा दुवै सजायको व्यवस्था गरेको छ।

- अन्तर्राष्ट्रिय कानुनअनुसार आवश्यक मानिएको आफ्नो पुर्ख्यौली भूमिमा रहेको संरक्षित क्षेत्रको संरक्षणका सवालमा आदिवासी जनजातिको स्वतन्त्र, पूर्व र सुचित सहमति प्राप्त गर्नका लागि ऐनले प्रभावकारी सहभागितालाई सहजीकरण गर्दैन।[161]

- राष्ट्रिय निकुञ्ज ऐनले वन्यजन्तुका कारण क्षति बेहोरेका वा बाढी वा भूक्षेयका कारण आफ्नो जमिन राष्ट्रिय निकुञ्ज वा आरक्ष वा मध्यवर्ती क्षेत्रमा पर्न गएको अवस्थामा सम्बन्धित जग्गाधनीलाई क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था राखेको छ। तर क्षतिपूर्तिसम्बन्धी प्रकृया लामो र झन्झटिलो छ। यो क्षतिपूर्ति राष्ट्रिय निकुञ्जले मध्यवर्ती क्षेत्रका लागि छुट्ट्याएको रकम र मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको प्राथमिकतामा निर्भर रहेको छ।[162] जग्गा धनी प्रमाणपत्र नभएकाहरू, जसमा धेरैजसो आदिवासी जनजाति र दलितहरू पर्दछन्, यस्तो क्षतिपूर्ति प्राप्त गर्न अयोग्य हुन्छन्।

---

155 राष्ट्रिय निकुञ्ज ऐन, दफा ५

156 न्याय आयोग, lawcommission.gov.np/en/archives/13348

157 बजफिडनिउज्, डब्लुडब्लुएफ फन्ड्ज् गार्डज् हु ह्याभ टर्चर्ड एण्ड किल्ड पिपल, ४ मार्च २०१९, यहाँ उपलब्ध छ https://www.buzzfeednews.com/article/tomwarren/wwf-world-wide-fund-nature-parks-torture-death यो प्रतिवेदनमा स्वतन्त्र विज्ञ मण्डली (विचार उद्धृत गरिएको) ले डब्लुडब्लुएफले "मानवअधिकारको मापदण्डविपरित हुने" गरी दफा २४ को कुनै पनि प्रयोग प्रयोगको विषयलाई विरोध गर्नुपर्ने सम्बन्धमा स्पष्ट पार्न सिफारिस गरेको छ ।

158 पाँचौं संशोधन विधेयकको दफा १३ हर्नुहोस्।

159 यी जनावरमा गैडा, बाघ, हात्ती, मृग, पाटे चितुवा, हिम चितुवा पर्दछन्।

160 पहिले जरिवाना रकम रु. पचास हजारदेखि एक लाख थियो। निकुञ्ज ऐनको दफा २६ हर्नुहोस्।

161 आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्र, २००७ को धारा २९, ३१, ३२।

162 दफा ३ (ग) मा यस्तो व्यवस्था गरिएको छ: मध्यवर्ती क्षेत्रभित्रका कुनै वासिन्दाको घर जग्गा बाढी पहिरोको कारणबाट राष्ट्रिय निकुञ्ज वा आरक्षको प्राकृतिक सिमानाभित्र पर्न गई त्यस्तो वासिन्दाको घरवास उठेमा दफा १६ग. बमोजिम गठित उपभोक्ता समितिको सिफारिसमा सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षले दफा २५क. बमोजिम स्थानीय जनताको सामुदायिक विकासको लागि छुट्ट्याइएको रकम मध्येबाट निजलाई मुनासिव माफीकको क्षतिपूर्ति दिइनेछ ।" दफा २५ ले निकुञ्ज, आरक्ष वा संरक्षित क्षेत्रमा सङ्कलित ३० देखि ५० प्रतिशत कोषलाई सामुदायिक विकासमा खर्च गर्ने व्यवस्था गरेको छ ।

# ५.२ वन ऐन, २०७६

केही अघि लागू भएको वन ऐन, २०७६[163] ले सरकारलाई राष्ट्रिय वनक्षेत्रका रूपमा घोषणा गर्ने अधिकार दिएको छ र राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षभन्दा अन्यत्र रहेको "राष्ट्रिय वनक्षेत्र"[164] को भूस्वामित्व नेपाल सरकारमा[165] रहने व्यवस्था गरेको छ।

यस कानुनअनुसार:

- कुनै पनि वन क्षेत्रको जग्गालाई बसोवास र पुनर्आवास उद्देश्यका लागि प्रयोग गर्न सकिँदैन।[166]
- वनक्षेत्रको जग्गा जोत्ने, खन्ने, आवाद गर्ने, वा घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अन्य तवरमा अतिक्रमण गर्ने कुनै पनि कार्य बढीमा पाँच वर्षसम्म कैद वा रू. एक लाख जरिवाना वा दुवै सजाय हुने कसूर रहेको छ।[167]
- अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको विपरित हुनेगरी आदिवासी जनजातिको भूमिअधिकार संक्षणका लागि कानुनमा कुनै प्रावधानहरू राखिएका छैनन् वा वन ऐनअन्तर्गतको वनक्षेत्रमा बसोवास गरिरहेका मानिसहरूको जबर्जस्ती निष्कासनविरूद्ध कुनै व्यवस्था गरिएको छैन।[168]
- अधिकारीहरूलाई वनक्षेत्रमा बनाइएका घर वा छाप्राहरू हटाउनका लागि अधिकार दिइएको छ तर यसरी निष्कासन गर्नुपर्दा अपनाउनुपर्ने प्रकृया तोकिएको छैन।
- नेपाल सरकारले प्रदान गरेको लिज वा अन्य कुनै आधारमा बाहेक कुनै पनि व्यक्तिलाई वनक्षेत्रमा कुनै पनि हक प्राप्त छैन।[169]
- यो ऐनले वन पैदावरलाई[170] हटाउने, ओसापसार गर्ने, बेचबिखन गर्ने तथा रूख विरूवा वा तिनको हाँगा काट्ने[171] जस्ता विविध गतिविधिहरूलाई निषेध गरेको छ। परम्परागत ओषधीमूलो र जडीबुटी सङ्कलन गर्ने कुरामा कुनै अपवादको व्यवस्था छैन।[172]

# ५.३ आवासको अधिकार ऐन, २०७५

यस ऐनको दफा ५(४)मा निष्कासनसम्बन्धी प्रकृयाको व्यवस्था गरिएको छ। जसमा विशेषगरी निम्न प्रकृया पर्दछन्:

- कुनै पनि निष्कासनको कार्य गर्नुपूर्व पूर्व परामर्श, सूचना र आवासबाट हटाइने व्यक्ति र परिवारको पहिचान गर्ने कार्य गरिएको हुनुपर्दछ।

---

[163] वन ऐन, २०७६ (२०१९) ले वन ऐन २०४९ (१९९३) लाई प्रतिस्थापन गरेको छ ।
[164] वन ऐन,२०७६ (२०१९), दफा २ 2(त) ले "राष्ट्रिय वन" मा निजी वनबाहेकका सबै वनलाई समावेश गरेको छ ।
[165] ऐजन, दफा ३
[166] ऐजन, दफा १२ र दफा ४९ (ग)
[167] ऐजन, दफा ५० (३)
[168] वन ऐन, ५० (३)
[169] ऐजन, दफा ८
[170] ऐजन । ऐनको दफा २ (द) मा परिभाषा गरिएअनुसार "वन पैदावर" मा काष्ठ र गैर काष्ठ सबै पैदावरहरू समावेश हुन्छन् ।
[171] ऐजन, दफा ४९ ।
[172] ऐजन ।

- हटाउने समय र स्थानमा अधिकार प्राप्त अधिकारी वा निजको प्रतिनिधिको उपस्थिति रहेको हुनुपर्दछ। रातको समयमा निष्कासन गर्ने कार्यलाई वर्जित गरिएको छ।

- यदि निष्कासन गरिने व्यक्तिहरू जेष्ठ नागरिक, बिरामी, अपाङ्गता भएका व्यक्ति, बालबालिका, असहाय, असक्त, गर्भवती महिला रहेछन् भने विशेष ध्यान पुर्याउनुपर्दछ।

- अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअन्तर्गत आवश्यक पर्ने प्रकृयागत प्रत्याभूतिहरू जस्तै प्रमाणिकरण, निष्कासनको निर्णयको सुनुवाइका लागि कुनै एउटा संयन्त्रमा पहुँच, आफै वासस्थानको प्रवन्ध गर्न नसक्नेहरूलाई वैकल्पिक आवासको व्यवस्था र क्षतिपूर्ति आदिका बारेमा यस कानुनमा कुनै व्यवस्था गरिएको छैन।[173]

- जबर्जस्ती निष्कासनविरूद्धको संरक्षण स्वामित्वमा आधारित छ किनकि निष्कासनविरुद्ध "क्षतिपूर्ति प्राप्त गर्ने अधिकार" र “पुनर्आवास सुविधा" प्राप्त गर्ने अधिकार “आफ्नो स्वामित्वमा रहेको जमिनमा" निर्मित आवास सुविधाबाट निष्कासित भएकाहरूलाई मात्र उपलब्ध छ। यो प्रावधानले जमिन र आवासको पहुँचका सवालमा पहिल्यैदेखि सीमान्तकृत पारिएका आदिवासी जनजाति, दलित, गरिबीमा रहेका मानिस र आफू बसोवास गरिरहेको जमिनमाथि कानुनी रूपमा मान्यता प्राप्त अधिकार नभएका सुविधाबाट वञ्चित समूहहरूलाई थप बहिष्करणमा पारेको छ;[174]

- यो कानुनअन्तर्गत सरकारी नियमावलीहरू अझै जारी हुन बाँकी छ। सूचना दिने अवधि, परामर्शको विधि र अन्य विवरणलगायतको विस्तृत आवश्यकताहरूलाई यी नियमावलीले स्पष्ट पार्ने अपेक्षा लिइएको छ।

यो लेखिरहँदा राष्ट्रिय निकुञ्ज ऐन र अन्य कानुनहरूलाई नेपालको संविधान, २०७२ अनुरूप बनाउन र तिनलाई आवासको अधिकारसम्बन्धी ऐन तथा अन्य हालसालै जारी गरिएका कानुनहरूसँग एकरूपता हुने गरी संशोधन गर्न आवश्यक रहेको छ।

# ५.४ मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ र मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६

सन् १९९३ मा पारित भएको राष्ट्रिय निकुञ्ज ऐनको चौथो संशोधनले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई मध्यवर्ती क्षेत्र स्थापना गर्ने अधिकार दिएको छ जसमा मध्यवर्ती क्षेत्रलाई निकुञ्ज वा आरक्ष वरिपरीको क्षेत्र जहाँ नियमित र लाभदायक हिसाबमा स्थानीयले वन पैदावरको प्रयोग गर्न मिल्नेछ भनी परिभाषित गरिएको छ। २०५२ सालमा लागू गरिएको मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावलीमा निम्न प्रावधानहरू रहेका छन् :

- यो नियमावलीले राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृतलाई मध्यवर्ती क्षेत्रमा सबै प्रकारका संरक्षण र विकासका कार्यक्रमहरूको व्यवस्थापकीय अख्तियारी प्रदान गरेको छ।[175]

173 एम्नेस्टी इन्टरनेसनल, सबैका लागि पर्याप्त आवास: आवासको अधिकारसमबन्धी ऐन, २०७५ को विश्लेषण, पृष्ठ १९ : https://www.amnesty.org/download/Documents/ASA3104962019ENGLISH.pdf

174 ऐजन।

175 हेर्नुहोस्, उदाहरणका लागि, बर्दिया राष्ट्रिय निकुञ्ज व्यवस्थापन योजना, २०१६-२०२०, यहाँ उपलब्ध छ: http://www.bardianationalpark.gov.np/index.php/en/component/docman/cat_view/5-downloads?orderby=dmdate_published&ascdesc=DESC

- नियमावलीको भाग ४ ले सामुदायिक विकास र श्रोतको समुचित प्रयोगमा सहयोग पुर्याउनका लागि संरक्षण अधिकृतलाई उपभोक्ता समिति गठन गर्ने र दर्ता गर्ने अधिकार दिएको छ।

- भाग ५ ले निषेधित कार्यहरूको सूची उल्लेख गरेको छ।

- भाग ८ ले क्षतिपूर्तिको प्रकृयालाई उल्लेख गरेको छ। यसमा वन्यजन्तुका कारण मानवीय जीवन, घरपालुवा पशु चौपाया वा बालीको क्षतिमा कुनै क्षतिपूर्तिको व्यवस्था गरिएको छैन।

- राष्ट्रिय निकुञ्ज ऐन र २०५२ सालको नियमावलीले निर्दिष्ट गरेका बाहेक यी निर्देशिकाहरूले विभिन्न खालका समितिहरू खडा गरेका छन्। यसमा मध्यवर्ती क्षेत्र विकास परिषद्को व्यवस्था रहेको छ जसअन्तर्गत वडा तहमा उपभोक्ता समूहहरू बनाउन सकिन्छ र गाउँ तहमा उपभोक्ता समूहका प्रतिनिधिहरू सम्मिलित उपभोक्ता समितिहरू बनाउन सकिन्छ।

# ५.५ अन्य सान्दर्भिक कानुन र नियमावलीहरू

- जग्गा प्राप्ति ऐन, २०३४ ले सरकारलाई सार्वजनिक कामका लागि मुआब्जा दिने गरी जुनसुकै ठाउँको जतिसुकै जग्गा पनि प्राप्त गर्ने अधिकार दिएको छ।[176]
- जलश्रोत ऐन, २०४९ (१९९२) ले उपलब्ध सम्पूर्ण जलश्रोतको स्वामित्व राज्यमा निहित रहेको घोषणा गरेको छ।[177]
- जलचर संरक्षण ऐन, २०१७ (१९६०) ले इजाजत प्राप्त नगरीकन नदीमा माछा मार्न निषेध गरेको छ। यस्तो इजाजतको व्यवस्थाले आदिवासी माछा मार्ने समुदायहरू थारू, बोटे, माझी, मुसहर, सोनाहा र मलाहको जीवनयापनमा प्रतिकूल असर पारेको छ।[178]
- मालपोत ऐन, २०३४ ले भूमि राजस्व वा मालपोतको सङ्कलन र जग्गा आवाद गर्नेसम्बन्धी व्यवस्थालाई सुद्धृढ बनाएको छ। यो ऐनले मालपोतलाई राजस्व तथा "जग्गाधनीले नेपाल सरकारलाई तिर्नुपर्ने अन्य कुनै पनि राजस्व" को रूपमा परिभाषित गरेको छ। दर्ता नगरिएको जग्गामा आवाद गरिएमा सजाय हुने व्यवस्था रहेको छ।[179]

[176] जग्गा प्राप्ति ऐन, २०३४, दफा ३
[177] जलश्रोत ऐन, २०४९ (सन् १९९२), दफा ३
[178] ऐजन दफा ३, ४ र ५
[179] मालपोत ऐन, २०३४, दफा २९ ।

# ६. उपचारको अधिकारको उल्लङ्घन

माथि उल्लेख गरिएका मानवअधिकार उल्लङ्घनका सवालमा कुनै पनि पीडितले पर्याप्त क्षतिपूर्ति वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेका अन्य कुनै पनि उपचारहरू प्राप्त गर्न सकेका छैनन्।

## ६.१ जबर्जस्ती निष्कासनको उपचार

नेपालको अन्तराष्ट्रिय मानवअधिकार दायित्वअन्तर्गत जबर्जस्ती निष्कासन गरिएका मानिसहरूलाई पर्याप्त वैकल्पिक आवास र क्षतिपूर्तिलगायतका प्रभावकारी उपचारहरू प्रदान गर्नुपर्दछ। आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको आधिकारिक व्याख्या गर्ने विज्ञ निकाय आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिले सरकारहरूले पर्याप्त आवासको अधिकारलाई सम्मान गर्नुपर्दछ भन्ने कुरा उल्लेख गरेको छ। यसमा जबर्जस्ती निष्कासन गर्ने कार्यबाट टाढा रहने, जमिनदार वा घरबेटी जस्ता तेश्रो पक्षबाट हुने आवासको अधिकारमाथिको हस्तक्षेपबाट मानिसलाई संरक्षण प्रदान गर्ने र पर्याप्त आवासको अधिकारलाई पूर्ण रूपमा प्राप्त गर्नका लागि उचित कानुनी, प्रशासनिक, न्यायिक, संवर्धनात्मक, बजेटगत र अन्य उयायहरूलाई अवलम्वन गर्ने कुराहरू पर्दछन्। सरकारहरूले सबैका लागि आवश्यक न्यूनतम तहको आवासको सुविधा उपलब्ध गराउने कुरामा प्राथमिकता दिनुपर्दछ र यसो गर्दा श्रोतहरूको विनियोजन गर्ने क्रममा सबैभन्दा जोखिममा रहेका समूहहरूलाई प्राथमिकतामा राख्नु पर्दछ। समितिले राज्यका निकायहरूलाई आफूलाई प्रभाव पार्ने निर्णयहरूमा जनताको परामर्श र सहभागिताको अधिकारलाई प्रत्याभूत गर्न र यदि यी कुनै पनि अधिकारहरू उल्लङ्घन भएमा प्रभावकारी उपचार प्रदान गर्न आह्वान गरेको छ।[180]

यद्यपि यो अनुसन्धानको क्रममा एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रले अनुसन्धान गरेका घटनाहरूमा अधिकारीहरू जबर्जस्ती निष्कासन गर्ने कार्यबाट टाढा रहन तथा जबर्जस्ती निष्कासनबाट मानिसलाई संरक्षण गर्न विफल मात्र भएनन् यस्ता जबर्जस्ती निष्कासनका घटनामा प्रभाकारी उपचार उपलब्ध गराउनसमेत उनीहरू विफल भएका छन्।

नेपालको संविधान, २०७२ ले नेपालमा सङ्घीय व्यवस्थाको सूत्रपात गर्यो। यो संविधानले सबै राष्ट्रिय निकुञ्ज र आरक्षहरूलाई केन्द्र सरकारको क्षेत्राधिकारमा राखेको छ।[181]

---

180 आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समिति, सामान्य टिप्पणी नं ४, पृष्ठ ९ र सामान्य टिप्पणी नं ७, पृष्ठ १३

181 नेपालको संविधान, २०७२, अनुसूची-५ (धारा ५७ उपधारा १ र धारा १०९ सम्बन्धी), सङ्घको अधिकारको सूची," नं.२७)

संविधानको धारा ३७ अन्तर्गत जबर्जस्ती निष्कासनविरुद्ध संरक्षण गर्ने तथा आवासको अधिकार सुनिश्चित गर्ने दायित्व सङ्घीय सरकारमा निहित रहेको छ। प्रदेश र स्थानीय सरकारहरूको भूमिका परिपूरक रहेको छ। सबै तीन तहका सरकारहरूमा “अधिकारको सम्मान गर्ने" जिम्मेवारी रहेको छ जसको अर्थ हुन्छ ती सरकारहरूले मानिसको आवासको अधिकारलाई हानि पुर्याउने हिसाबमा कुनै पनि कार्य गर्नु हुन्न। त्यसैगरी यी सरकारहरूले सङ्घीय, प्रादेशिक र स्थानीय कानुनबमोजिम यो अधिकारको “संरक्षण" र “परिपूर्ति" गर्ने दायित्व पनि पूरा गर्नुपर्दछ। कुनै पनि कानुनी जिम्मेवारी पूरा गर्ने सवालमा सङ्घीय सरकारले प्रदेश र स्थानी सरकारसँग समन्वय गर्नुपर्ने जिम्मेवारी पनि रहेको छ।

यसका अलावा काठमाडौंमा अधिकारीहरूसँगको अन्तर्वार्ताको क्रममा के स्पष्ट भयो भने राष्ट्रिय निकुञ्जबाट प्रभावित भएका आदिवासी जनजाति समुदायहरूलाई प्रभावकारी उपचार उपलब्ध गराउने सवालमा केन्द्र सरकारमा सीमित राजनीतिक इच्छाशक्ति रहेको छ। सङ्घीय र स्थानीय सरकारमा विद्यमान रहेको आफ्नो क्षेत्राधिकार र दायित्वसम्बन्धी भ्रम[182] र आवासको अधिकारसम्बन्धी ऐन जस्ता मूख्य नयाँ कानुनसम्बन्धी नियमावली अझै अवलम्वन नगरिनुले पनि केही हदमा यस्तो भएको हुनसक्दछ।

२०७७ श्रावण १२ गते मानवअधिकार अधिवक्ता र अधिकारकर्मीहरूको एउटा समूहले चितवनका चेपाङ र बर्दियाका थारूलगायत अनौपचारिक क्षेत्रमा बसोवास गरिरहेकाहरूलाई जबर्जस्ती निष्कासनको कार्यबाट संरक्षणका लगि विभिन्न आदेशहरूको माग राख्दै सर्वोच्च अदालतमा एउटा सार्वजनिक सरोकारको मुद्दा दायर गरे। यो रिट निवेदनले निष्कासित गराइएकाहरू (२०७७ श्रावण ३ मा चितवनको कुसुम खोलाबाट चितवन राष्ट्रिय निकुञ्जका अधिकारीहरूद्वारा गरिएको जबर्जस्ती निष्कासनका पीडितहरू)लाई प्रभावकारी उपचारको पनि माग गरेको थियो।[183] अदालतलाई गरिएको एउटा मूख्य मागमा वैकल्पिक आवासको व्यवस्था नगरी कुनै पनि अधिकारीलाई कुनै पनि निष्कासनको कार्य नगर्ने आदेश रहेको थियो। कुसुमखोलाका चेपाङ परिवारहरूको जबर्जस्ती निष्कासनको सवालमा निवेदकहरूले अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूबमोजिम उनीहरूको उचित पुनर्आवास (हेर्नुहोस् परिभाषा माथि), पर्याप्त क्षतिपूर्ति र जबर्जस्ती निष्कासन गर्ने कार्यमा संलग्न रही पीडितहरूलाई आवासविहीन बनाउन तथा उनीहरूलाई आफ्नो जीविकाबाट वञ्चित पार्न जिम्मेवार रहेका व्यक्तिहरूका हकमा फौजदारी जवाफदेहिता कायम गर्न माग गरेका थिए। खाद्य अधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐन, २०७५[184] र मुलुकी अपराध संहिता ऐन, २०७४[185] लाई उद्धृत गर्दै निवेदकहरूले गृह मन्त्रालयललाई चेपाङ परिवारलाई जबर्जस्ती निष्कासन गर्ने कार्यमा जिम्मेवारहरूका विरुद्ध फौजदारी अनुसन्धान गरी अभियोजन गर्ने आदेश दिन अदालतलाई अनुरोध गरेका थिए।

भोकबाट मुक्त हुने तथा खाद्यान्न अभावका कारण जीवन जोखिममा रहने अवस्थाबाट सुरक्षित रहने कुरालाई प्रत्याभूत गर्ने संविधानको धारा ३६ बमोजिम हुनेगरी खाद्य अधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ४० (ङ) ले कसैलाई आवासविहीन बनाएर आधारभूत जीवनयापनबाट वञ्चित बनाउने कार्यलाई अपराधीकरण गरेको छ जसलाई दफा ४२(ग) मा बढीमा पाँच वर्षको कैद वा रू. पाँच लाख जरिवानाको व्यवस्था गरिएको छ। त्यस्तै मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा २८५(३)(घ) मा "कसैको घर, कार्यलाय वा सम्पत्तिमा आगो लगाई वा बिष्फोटक पदार्थ प्रयोग गर्ने" कार्य गरेमा दुई देखि पाँच वर्ष कैद र बीस देखि पचास हजार रुपैयाँ जरिवाना हुने व्यवस्था रहेको छ।

उक्त निवेदनमा २०७७ श्रावण १५ गते भएको पहिलो सुनुवाइपछि सर्वोच्च अदालतले चितवन राष्ट्रिय निकुञ्ज कार्यालयलगायत सम्बन्धित सबै अधिकारीहरूका नाममा कुसुमखोलामा अनौपचारिक रूपमा बसोवास गरिरहेका चेपाङ

---

[182] हेर्नुहोस्, उदाहरणको लागि, डिमोक्रेसी रिसोर्स सेन्टर नेपाल। “दी इन्टररिलेसनसिप बिट्‌इन थ्रि लेभल्ज् अफ गभर्नमेन्ट इन नेपाल्ज् फेडरल स्ट्रक्चर" अक्टोबर २०२०। डिआरसिएन, ललितपुर, नेपाल। यो पनि हेर्नुहोस्: www.kathmandupost.com/politics/2019/05/28/confusion-grips-three-tiers-of-government-over-division-of-royalties-from-natural-resources

[183] *राजुप्रसाद चापागाईंसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रिट निवेदन नं. ०७७-WO-००३८*

[184] दफा ४० (ङ) र दफा ४२ (ग)

[185] दफा २८५ (३) (घ)

परिवारहरूलाई जबर्जस्ती निष्कासन नगर्न अन्तरिम आदेश जारी गर्‍यो।[186] २०७७ असोज १२ मा अदालतले राष्ट्रिय मानवअधिकार आयोगलाई चेपाङ परिवारहरूको जबर्जस्ती निष्कासनसम्बन्धी अनुगमन प्रतिवेदन एक हप्ताभित्र बुझाउन आदेश जारी गर्‍यो। अदालतले चितवन जिल्ला अदालतका श्रेस्तेदारलाई थप आदेश जारी गर्दै घटनास्थल गएर निष्कासित परिवारहरू कहाँ बसिरहेका छन्, माडी नगरपालिकाले कहाँ वैकल्पिक आवासको निर्माण गरिरहेको थियो, र उक्त निर्माण क्षेत्र मध्यवर्ती क्षेत्र वा निकुञ्ज क्षेत्र कहाँ पर्ने रहेछ भन्ने कुराको विस्तृत विवरण सङ्कलन गर्न भनेको थियो। सन् २०२१ को जनवरीसम्ममा मानवअधिकार आयोग र चितवन जिल्ला अदालतका श्रेस्तेदारले अनुरोध गरेअनुसारको जानकारी बुझाइसकेका छन्। यो मुद्दाको अन्तिम सुनुवाइको मिति २०७८ जेष्ठ २ गतेका लागि तोकिएको थियो। तर कोभिडविरुद्धको निषेधाज्ञा जारी भएकोले स्थगित भएको छ।[187]

२०७७ श्रावण १५ गते अदालतले कुसुमखोलाका चेपाङ परिवारलाई कुनै जबर्जस्ती निष्कासन कार्य नगर्नु भनी अदालतले गरेको आदेशलाई पालना गर्ने बाहेक अधिकारीहरूले भविष्यमा जबर्जस्ती निष्कासन रोक्ने सवालमा कुनै उपायहरू लिएका छैनन्।

# ६.२ भूमिमा भएको क्षतिको उपचार

राष्ट्रिय निकुञ्ज ऐनले मध्यवर्ती क्षेत्रमा बसोवास गरिरहेकाहरूले यदि आफ्नो घर वा जमिन राष्ट्रिय निकुञ्जको सीमाभित्र पर्न गएमा क्षतिपूर्ति प्राप्त गर्न सक्ने व्यवस्था गरेको छ। तथापि बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा बसोवास गरिरहेका जनताहरूले आफ्नो जमिनमाथिको पहुँच गुमाएको ४० वर्ष बितिसक्दा पनि आफ्नो क्षति भएको जमिनबापत कुनै क्षतिपूर्ति पाएका छैनन्। धेरैका लागि आफ्नो जमिनलाई फिर्ता लिनु महत्त्वपूर्ण हुन्छ तर यो सम्भव नभएको अवस्थामा प्रदान गरिने क्षतिपूर्तिले उनीहरूले गुमाएको जमिनको मूल्यलाई प्रतिविम्वित गर्नुपर्दछ। आफ्नो परिवारको जमिनमाथिको पहुँचलाई पुर्नस्थापित गर्न सङ्घर्षरत वडा नं ६ गेरुवाका शेर बहादुर खड्काले भने:

> **"हामीले प्रदेश र सङ्घका सम्बन्धित सांसदहरूलाई धेरैपटक भेटेर कुरा सुनायौं। यो समस्या संबोधनका लागि उहाँहरूले केही गर्नुभएको छैन। अब सङ्घर्ष गर्नुबाहेक हामीसँग अरू विकल्प छैन – मार्च २०२० मा राष्ट्रिय निकुञ्ज कार्यालयले [एउटा अनौपचारिक कुराकानीमा] सानो क्षतिपूर्ति (जमिनको मूल्याङ्कनको ३० देखि ५० प्रतिशत) मा हामी सहमत भएको चाह्यो तर हामीले त्यसमा सहमति जनाएनौं। चितवन राष्ट्रिय निकुञ्जले प्रभावित भएकाहरूलाई जुन दरले क्षतिपूर्ति दिएको छ त्यही दरमा हामीलाई पनि उनीहरूले क्षतिपूर्ति दिनुपर्ने हाम्रो चाहना रहेको छ।"[188]**

---

[186] काठमाण्डु पोष्ट, सुप्रिम कोर्ट अर्डर्ज् अल टिएर्ज् अफ गभर्नमेन्ट टु रिफ्रेन फ्रम इभिक्टिङ्ग स्क्वाटर्ज् फ्रम दियर शेल्टर, ३० जुलाई २०२०, tkpo.st/30bamDu

[187] चितवन जिल्ला अदालतका रजिस्ट्रारसँगको कुराकानी, २०७७ असोज २७। मानवअधिकार आयोगका कानुनी शाखाका प्रमुख श्याम बाबु काफ्लेसँगको कुराकानी, २०७७ असोज २८।

[188] गेरुवा वडा नं. ६ का शेरबहादुर खड्कासँगको अन्तर्वार्ता, २०७६ भाद्र ६; २०७७ असोज २७

सन् २००६ मा जग्गा धनीको प्रमाणपत्र भएका ६७ जना किसानहरूले संयुक्त रूपमा राष्ट्रिय निकुञ्जका कारण आफ्नो जग्गा गुमाउनु परेकोले क्षतिपूर्तिका लागि सर्वोच्च अदालतको ढोका ढक्ढकाएका थिए *(भुखाली थारू वि. बर्दिया राष्ट्रिय निकुञ्ज समेत)।*[189] जग्गा सरेको कारणले किसानहरूले भोग्नु परेको हानिलाई सर्वोच्च अदालतले मान्यता दिएपनि उनीहरूको रिट निवेदनलाई भने खारेज गरिदिएको थियो।

२०६३ वैशाख ५ गते अधिकारीहरू (राष्ट्रिय निकुञ्ज कार्यालय, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग)को नाममा क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिइराख्नु नपर्ने भनी निर्णय गर्‍यो किनकी ती अधिकारीहरूले आफ्नो लिखित जवाफमा यदि दाबी गरिएको क्षतिपूर्ति पुष्टी गर्न आवश्यक सबै कागजातहरू(जस्तै जग्गा धनी प्रमाणपत्र र कर तिरेको रसिद) उपलब्ध गराएमा आफूहरू क्षतिपूर्ति प्रदान गर्न तत्पर रहेको जनाएका थिए।[190]

तथापि, अदालतलाई बुझाएको लिखित जवाफको विपरित अधिकारीहरूले (खासमा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय)ले यस्तो कुनै क्षतिपूर्ति प्रदान गरेन। यस विषयमा प्रश्न गर्दा उनीहरूले एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रलाई राष्ट्रिय निकुञ्जले आर्जन गरेको आय स्थानीय स्तरमा उक्त समस्याको संबोधन गर्नका लागि अपर्याप्त भएकोले क्षतिपूर्ति प्रदान गर्न सम्भव नभएको बताए।

गेरुवाको वडा नं. ४ मा बस्नुहुने सुनी थारूले एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रलाई भन्नुभयो:

> **"हामीले बर्दिया जिल्ला प्रशासन कार्यालयमा उजुरी हालेका थियौं। हामी राष्ट्रिय निकुञ्जको कार्यालय पनि गयौं। हाम्रो जमिनको अवस्थाका बारेमा वडा कार्यालयबाट एउटा सिफारिस पनि ल्यायौं। अदालतमा मुद्दा हाल्नका लागि चन्दा पनि सङ्कलन गयौं। अदालतमा मुद्दा हाल्न एकजना वकिललाई जिम्मेवारी पनि सुम्पियौं। तर समस्या ज्युँकात्युँ छ। मेरा तीनैजना छोराहरू अधिया गर्छन्... मेरा छोरीहरूले सानैमा बिहे गरे। म अहिले मेरो कान्छो छोरासँग बस्छु।"**[191]

सन् २०२० नोभेम्बरमा बर्दिया राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृतले क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा कुनै योजना नरहेको बताए।[192] क्षतिपूर्तिसम्बन्धी कानुनी व्यवस्थामा समस्या निहित रहेको निकुञ्जका अधिकारीहरूको विचार छ[193]

[189] वर्ष २०६२ (२००५) को रिट नं. २८७७

[190] सर्वोच्च अदालतको निर्णय, २०६३ वैशाख ०५

[191] सुनि थारूसँगको अन्तर्वार्ता, २०७६ भाद्र ०६

[192] विष्णु प्रसाद श्रेष्ठसँगको कुराकानी, २०७७ कार्तिक २४

[193] "मध्यवर्ती क्षेत्रभित्रका कुनै वासिन्दाको घर जग्गा बाढी पहिरोको कारणबाट राष्ट्रिय निकुञ्ज वा आरक्षको सिमानाभित्र पर्न गई त्यस्तो वासिन्दाको घरवास उठेमा उपभोक्ता समितिको सिफारिसमा सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षले स्थानीय जनताको सामुदायिक विकासको लागि छुट्ट्याइएको रकममध्येबाट निजलाई मुनासिब माफिकको क्षतिपूर्ति दिइनेछ।" भन्ने व्यवस्था रहेको राष्ट्रिय निकुञ्ज ऐनको दफा ३(ग) र निकुञ्जका अधिकारीहरूलाई निकुञ्ज, आरक्ष वा संरक्षित क्षेत्रबाट आर्जन भएको कोषको ३० देखि ५० प्रतिशत स्थानीय विकासका लागि खर्च गर्ने अधिकार प्रदान गरेको ऐनको दफा २५ का बारेमा उनीहरूले चर्चा गरेका हुन्।

र ऐनमा नेपाल सरकारद्वारा यस्तो क्षतिपूर्तिका लागि बजेट विनियोजन गर्ने व्यवस्था हुनेगरी संशोधन गरिनुपर्ने उनीहरूले तर्क गरेका छन्।[194]

चितवन राष्ट्रिय निकुञ्जको अवस्था हल्का फरक छ जसले यस्तै खाले क्षतिहरूमा क्षतिपूर्ति प्रदान गर्ने केही प्रयासहरू गरेको छ। २०६७ (सन् २०१०) सालमा एउटा सर्वेक्षणको माध्यमबाट प्रभावित जग्गाधनीहरू र निकुञ्जमा सर्न गएको जग्गाको सूची तयार गरिएको थियो। यो सूचीको आधारमा चितवन राष्ट्रिय निकुञ्जले प्राथमिकताका आधारमा प्रभावित मानिसहरूलाई क्षतिपूर्ति उपलब्ध गराएको जनाएको छ।[195] आर्थिक वर्ष २०७६/७७ (२०१९/२०२०) मा यस प्रयोजनका लागि निकुञ्जले आफ्नो आर्जित आयबाट पचास लाख रुपैयाँ (युएस डलर ४२,४३०) विनियोजन गरेको थियो। अर्को आर्थिक वर्ष (२०७७/७८,सन्२०२०/२०२१)मा जमिनको क्षतिस्वरूप उपलब्ध गराउने क्षतिपूर्तिका लागि एक करोड रूपैयाँ (युएस डलर ८४,८५०) विनियोजन गरेको छ।

प्रभावित मानिसहरूलाई क्षतिपूर्ति भुक्तानी गरेपछि भूस्वामित्व पनि चितवन राष्ट्रिय निकुञ्जमा स्थानान्तरण भयो। सन् २०२० को जुनसम्ममा थप एक सय बिघा (६,७७,२०० वर्ग मि.) जमिन चितवन राष्ट्रिय निकुञ्जको स्वामित्वमा स्थानान्तरण गरिएको छ।[196]

कुनै राष्ट्रिय निकुञ्जका लागि पर्याप्त र अन्यका लागि एकदमै थोरै रकम हुनुको कारणबारे प्रश्न गर्दा बर्दिया राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृतले राजस्वको प्रमूख श्रोत पर्यटन भएको तर बर्दिया निकुञ्जमा पर्यटनको विकास चितवनमा जस्तो नभएको बताए।[197]

निकुञ्जको सीमानाभित्र पर्न गएको जमिनलाई पुनर्दाबी गर्ने अधिकारसम्बन्धी कानुनी संरक्षणको अभाव, बाढी वा पहिरोका कारण जमिन निकुञ्ज क्षेत्रमा सर्न गएकाहरूको हकमा पर्याप्त क्षतिपूर्ति प्रदान गर्ने सवालमा सरकारको स्पष्ट जिम्मेवारीको अभाव, र राष्ट्रिय निकुञ्ज ऐनअन्तर्गतको क्षतिपूर्तिको उपचारका लागि स्थानीय स्तरमा आर्जित आयमा पूर्ण रूपमा निर्भर रहनुपर्ने कारणले हजारौं व्यक्तिहरू विशेषगरी आदिवासी समुदायका मानिसहरूलाई प्रतिकूल असर पारेको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपसचिव विष्णु प्रसाद श्रेष्ठले यस्तो क्षतिहरूमा क्षतिपूर्ति प्रदान गर्नका लागि नेपाल सरकारलाई नै जिम्मेवार बनाउनेगरी ऐनमा संशोधन नगरेसम्म उचित उपचार प्रदान गर्न नसकिने बताए। सन् २०१७ मा राष्ट्रिय निकुञ्ज ऐनको पाँचौं संशोधनका बारेमा विचार गर्दा विभागले जमिनको क्षतिका सवालमा क्षतिपूर्तिको प्रावधानलाई संशोधन गर्न प्रस्ताव गरेको तर अर्थ मन्त्रालयको विरोधका कारण उक्त प्रयास असफल भएको उनले बताए।"[198]

गेरूवा गाउँपालिकाका निर्वाचित प्रतिनिधिहरूले आफ्नो सरोकारहरूलाई निकुञ्जका अधिकारीका साथै प्रदेश र सङ्घका सांसदहरूसमक्ष उठाउँदै आइरहेको दाबी गरेका छन्। सन् २०१७ मा भएको गेरुवा गाउँपालिकाको पहिलो सभाले यो समस्यालाई समाधान गर्नका लागि निकुञ्जको सीमाना छुट्ट्याउन सर्वेक्षण गर्नुपर्ने माग सहितको प्रस्ताव पारित गरेको थियो।[199] तथापि, पालिका र राष्ट्रिय निकुञ्ज कार्यालयबीच आक्कलझुक्कलका बैठक बाहेक कुनै ठोस प्रगति भएको

---

[194] संरक्षण अधिकृत अन्नाथ बरासँगको अन्तर्वार्ता, २०७६ असोज ०७; मध्यवर्ती क्षेत्र परिषद्का अध्यक्ष नेत्र राज आचार्यसँगको अन्तर्वार्ता, २०७७ असार १९; राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपसचिव विष्णु प्रसाद श्रेष्ठसँगको अन्तर्वार्ता, २०७७ असार १५

[195] चितवन राष्ट्रिय निकुञ्जको वार्षिक प्रतिवेदन (२०१८/२०१९) ले नदीजन्य कटानका कारण प्रभावित भएका १९ घरपरिवारले उनीहरूको जमिन चितवन राष्ट्रिय निकुञ्जको स्वामित्वमा स्थानान्तरण गरेपछि क्षतिपूर्ति प्राप्त गरेको देखाउँदछ। यसरी प्रभावित भएका १९ मध्ये १३ घरपरिवारहरू आदिवासी जनजातिहरू (छ थारू, छ कुमार र एक जना तामाङ) रहेका छन्। एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रले यो जानकारीलाई पुष्टी गर्न सकेका छैनन्।

[196] संरक्षण अधिकृत नारायण रूपाखेतीसँगको अन्तर्वार्ता, २०७७ असार १५; संरक्षण अधिकृत विष्णु ढकालसँगको अन्तर्वार्ता,२०७७ असार १५। चितवन राष्ट्रिय निकुञ्जको वार्षिक प्रतिवेदन (२०१८/२०१९) पनि हेर्नुहोस्।

[197] बर्दिया राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत अन्नाथ बरासँगको अन्तर्वार्ता, २०७६ असोज ०७

[198] उपसचिव र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रवक्ता विष्णु प्रसाद श्रेष्ठसँगको अन्तर्वार्ता, २०७७ असार १५

[199] गेरुवा गाउँ पालिकाका अध्यक्ष जम्मान सिं केसिसँगको अन्तर्वार्ता, २०७७ असोज २७

छैन।[200] यसका अलावा, राष्ट्रिय निकुञ्जका अधिकारीहरू स्थानीय अधिकारीप्रति जवाफदेही छैनन्। उनीहरू प्रभावित आदिवासी जनजातिहरूप्रति जवाफदेही हुने त कुरै छाडौं। बरू उनीहरूले केन्द्र तहको वन तथा वातावरण मन्त्रालय मातहतको सरकारी निकाय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा रिपोर्ट गर्दछन्। बर्दिया जिल्ला प्रशासन कार्यालयका एक अधिकारीले राष्ट्रिय निकुञ्जले जिल्लामा वास्तविक समानान्तर सरकारको रूपमा काम गर्ने गरेको धारणा राखे।[201]

२०७६ श्रावण ४ गते एम्नेस्टी इन्टरनेसनल नेपाल, न्याय तथा अधिकार संस्था नेपाल(जुरी-नेपाल), आत्मनिर्भर केन्द्र र राष्ट्रिय भूमिअधिकार मञ्चका एक प्रतिनिधिमण्डलले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई वनमा आश्रित आदिवासी जनजातिहरूको अधिकार उल्लङ्घनविरुद्ध कार्य गर्न र गेरुवा नदीले धार परिवर्तन गरेका कारण बर्दिया निकुञ्जभित्र पर्न भएको आफ्नो जमिनामा उनीहरूलाई निर्वाध पहुँच प्रदान गर्न अनुरोध गर्दै एउटा पत्र बुझाएको थियो। उक्त पत्रमा प्रस्ताव गरिएका मूख्य उपायहरू निम्न रहेका थिए: क) स्थानीयले भोगिरहेका समस्याहरूको समग्र मूल्याङ्कनका लागि एउटा उच्चस्तरीय विज्ञमणडल बनाउने ख) स्थानीयहहरूको आफ्नो जमिनमाथिको पहुँच सुनिश्चित गर्ने र ग) आफ्नो जमिनमा पहुँच प्राप्त गर्न नसकेका कारण बेहोर्नु परेको क्षतिमा पर्याप्त क्षतिपूर्ति प्रदान गर्ने।[202] स्थानीयहहरूले भोगेका मानवअधिकार उल्लङ्घनको अनुगमन गरी सरकारलाई सीफारिस गर्न आह्वान गर्दै एउटा अलग्गै ज्ञापनपत्र राष्ट्रिय मानवअधिकार आयोगलाई बुझाइएको थियो। सन् २०२० अक्टोबरमा आयोगका पदाधिकारीहरूको म्याद सकिने बेलामा यस ज्ञापनपत्रको प्रतिजवाफस्वरुप आयोगले कुनै कार्य गरेको थाह हुन आएको छैन।[203]

# ६.३ भूमिसम्बन्धी समस्या समाधान आयोग

०७६ माघमा संशोधन गरी ल्याइएको भूमिसम्बन्धी ऐन, २०२१ को नयाँ दफा ५२ ख (६) को अधिनमा रहेर सरकारले २०७६ साल चैतमा तीन वर्षे कार्यकालसहितको "भूमीसम्बन्धी समस्या समाधान आयोग" स्थापना गर्यो। यो व्यवस्थाले "भूमिहीन सुकुमवासी"हरूको पहिचान गरी उनीहरूलाई जग्गाको स्वामित्व प्रदान गर्ने तथा "अव्यवस्थित बसोवासी"हरूको पहिचान गरी उनीहरूलाई जग्गाको स्वामित्व प्रदान गर्ने लक्ष राखेको छ।[204]

भूमि आयोगले नेपालका ७५३ पालिकाहरूमध्ये ७४३  वटासँग प्राथमिकताको आधारमा सहयोगसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेको छ।[205] पालिकाका गतिविधिहरूको अनुगमनका लागि आयोगले स्थानीय र जिल्ला तहमा सहजीकरण समितिहरूको नियुक्ति गरेको छ। यी समितिमा नौ सदस्यहरू रहेका छन् (जसमा तीनजना महिलासमेत रहेका छन् जसमध्ये एकजना दलित महिला रहनेछन् तर आदिवासी जनजातिको प्रतिनिधित्वलाई पनि स्पष्टसँग सुनिश्चत गरिएको छैन) र सन् २०२० को अन्त्यतिरबाट यी समितिले आफ्नो काम थालेका छन्। २०७७ चैत्र २२ गते एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रसँगको बैठकमा भूमिसम्बन्धी समस्या समाधान आयोगका अध्यक्ष र अन्य सदस्यहरूले आफूहरू वनमा आश्रित आदिवासी समुदाय र परिवारहरू राष्ट्रिय निकुञ्जको स्थापनाका कारण विस्थापित हुन पुगेका

[200] जम्मान सिं केसीसँगको अन्तर्वार्ता, माथि हेर्नुहोस् ।

[201] बर्दियाका सहायक प्रमुख जिल्ला अधिकारी अर्जुन सुबेदीसँगको अन्तर्वार्ता, २०७६ असोज ०७

[202] सो पत्रलाई एम्नेस्टी इन्टरनेसनल नेपाल, आत्मिनर्भर केन्द्र, न्याय तथा अधिकार संस्था नेपाल र भूमि अधिकार मञ्चद्वारा संयुक्त रूपमा मन्त्रालयमा बुझाइएको थियो, २०७६ असार २९

[203] २०७६ श्रावण ०९ मा एम्नेस्टी इन्टरनेसनल नेपाल, आत्मिनर्भर केन्द्र, न्याय तथा अधिकार संस्था नेपाल र भूमि अधिकार मञ्चले राष्ट्रिय मानवअधिकार आयोगमा एउटा पत्र बुझाएका थिए, old.amnestynepal.org/campaigns/ai-nepal-activities/

[204] कानुनमा "भूमिहीन सुकुमवासी" लाई "आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति र निजप्रति आश्रित परिवारका सदस्य समेत" भनी परिभाषित गरिएको छ र "अव्यवस्थित बसोवासी" भन्नाले "सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आबाद कमोत गरी घर, टहरा बनाई बसोवास गरेका व्यक्ति" भनी परिभाषित गरिएको छ ।

[205] रातोपाटी, देउवा सरकार भूमि आयोग खारेज गर्दै, २०७८ असार २२, https://ratopati.com/story/190838/2021/7/21/bhumi-aayog-

बारेमा सचेत रहेको बताए। साथै उनीहरूले आदिवासी जनजाति जनताहरूको परम्परागत जीवन शैलीको अधिकार र उनीहरूको परम्परागत भूमिभन्दा टाढा पुनर्आवास नगर्ने मनोकाङ्क्षालाई सम्मान गर्दै उनीहरूलाई वैकल्पिक आवास सुनिश्चित गर्नका लागि नेपाल सरकारसँग परामर्श गर्ने प्रतिबद्धता पनि जनाए।

आयोगले स्थानीय सरकारहरूलाई "भूमिहीन सुकुमवासी" र "अव्यवस्थित बसोवासी"हरूको (परिभाषा माथि हेर्नुहोस्) सूची तयार गरी उपलब्ध गराउन अनुरोध गरेको छ। स्थापना भएलगत्तै आयोगले वैशाख २०७७ मा सम्बन्धित अधिकारीहरूलाई कोही पनि "भूमिहीन सुकुमवासी" र "अव्यवस्थित बसोवासी" लाई निष्कासन नगर्न आह्वान गरेको थियो।[206]

यो प्रतिवेदनलाई अन्तिम रूप दिँदै गर्दा प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको नयाँ सरकारले यस आयोगलाई विघटन गरेको छ।[207] सन् २०२१ को जुलाई अन्त्यसम्ममा आयोगले २,४७,९६० "भूमिमहीन सुकुमवासी" र ९,३२,८०१ "अव्यवस्थित बसोवासी" बाट एघार लाख असी हजार आवेदनहरू प्राप्त गरेका थिए।[208] आयोगलाई बिघटन गर्नु पर्नाको कुनै कारण दिइएको छैन।

[206] आयोगको प्रेस वक्तव्य, २०७७ श्रावण ०६। वेबसाइटमा हेर्नुहोस्: www.lirc.gov.np/menu/about/74

[207] कान्तिपुर, भूमि आयोग खारेज, २० श्रावण २०७८, https://ekantipur.com/news/2021/08/04/162804340224291748.html

[208] कान्तिपुर, भूमि आयोग खारेज, २० श्रावण २०७८, https://ekantipur.com/news/2021/08/04/162804340224291748.html

# ७. सिफारिसहरू

एम्नेस्टी इन्टरनेसनल र सामुदायिक आत्मनिर्भर केन्द्रका निम्न सिफारिसहरू रहेका छन्:

१. *सङ्घीय सरकारका लागि:*

(क) आफ्नो भूमिमा भए गरिएका संरक्षणसम्बन्धी पहलहरूमा पूर्ण रूपमा सहभागी हुन पाउने आदिवासी समुदायको अधिकार प्रत्याभूत गर्न तथा उनीहरूको मानवअधिकारलाई प्रभावित पार्ने सबै पहलहरूमा स्वतन्त्र, पूर्व र सुचित सहमतिको अधिकार सुनिश्चित गर्नका लागि देशको संरक्षणसम्बन्धी कानुनी संरचनामा संशोधन गर्ने;

(ख) राष्ट्रिय निकुञ्जहरूबाट निष्कासित गरिएका आदिवासी जनजातिहरूसँग उनीहरूले भोगेको उल्लङ्घनको उचित उपचार र संरक्षित क्षेत्रहरूमा रहेको उनीहरूको पुर्ख्यौंली भूमिमा फिर्ता हुने विकल्पसमेतका लागि इमान्दार परामर्शको प्रकृया व्यवस्था गर्ने। अविभेदकारी र अत्यन्तै जरूरी जबर्जस्त कारणहरूलाई सरकारले विश्वसनियताका साथ प्रदर्शन गर्न सकेको अवस्था मात्रै यसरी फिर्ता गर्न नमिल्ने कुराको एउटा अपवाद हुन सक्दछ। जरूरीको अर्थ अरूको अधिकार र स्वतन्त्रताको उचित मान्यता र सम्मान तथा एउटा प्रजातान्त्रिक समाजको न्यायोचित र बाध्यकारी आवश्यकता पूरा गर्ने उद्देश्यका लागि लिनुपर्ने कदम भन्ने बुझ्नुपर्दछ;

(ग) बर्दिया राष्ट्रिय निकुञ्ज र गेरूवा नदीको सन्दर्भमा देखिएझैं आफूले बसोवास गरिरहेको वा खेतीपाती गरिरहेको जमिन बाढीका कारण वा नदीले धार परिवर्तन गरेर राष्ट्रिय निकुञ्जको क्षेत्रमा पर्न गएको अवस्थामा उनीहरूलाई यसरी निकुञ्जमा पर्न गएको जमिनमा निर्वाध पहुँच दिने कुरा सुनिश्चत गर्ने;

(घ) राष्ट्रिय निकुञ्ज तथा अन्य संरक्षण क्षेत्रको स्थापनाको कारण वा अन्य कारण (जस्तै बाढीले गर्दा आफ्नो जमिन संरक्षण क्षेत्रभित्र पर्न गएको) बाट आवास र भूमि गुमाउन पुगेका सबैलाई नेपाल सरकारले उनीहरूको परम्परागत जीवन पद्धतिमाथि गडबढी नहुने गरी उनीहरूको दीर्घकालीन जीविका सुनिश्चितताका लागि पर्याप्त वैकल्पिक आवास र भूमिको व्यवस्था गर्नुपर्दछ;

(ङ) संरक्षित क्षेत्रको शासन प्रणालीलाई नेपालको संविधानमुताबिक साँच्चिकै सहभागितामूलक बनाउने सुनिश्चित गर्नका लागि राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐनलाई यदि पुरै विस्थापन नगर्ने हो भने पनि आवश्यक संशोधन गर्नुपर्दछ;

(च) आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी राष्ट्रिय र अन्तरार्ष्ट्रिय मापदण्डहरूअनुरूप हुनेगरी मध्यवर्ती क्षेत्र व्यवस्थापनका सवालामा एउटा अलग्गै कानुनी संयन्त्र अवलम्वन गर्ने;

(छ) विद्यमान कानुनहरूलाई आवासको अधिकारसम्बन्धी ऐन र अन्य थप पछिल्ला कानुनहरूअनुरूप एकरूपता दिने गरी संशोधन गर्ने;

(ज) कुनै पनि निष्कासनको कार्यमा न्यायिक अनुमति आवश्यक पर्ने व्यवस्था राख्नका लागि आवासको अधिकारसम्बन्धी ऐनलाई संशोधन गर्ने;

(झ) राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रहरूमा नेपाली सेनाको भूमिकालाई पुनरावलोकन गर्ने र साझेदारहरूसँगको परामर्शमा सेनालाई गस्ती गर्ने कार्यमा मात्र सीमित गर्नेगरी स्पष्ट कानुनी प्रावधानको व्यवस्था गर्ने र सेना र निकुञ्जका अधिकारीहरूको जवाफदेहिता स्थानीय समितिहरूमा भएको सुनिश्चित गर्ने;

(ञ) निकुञ्जका अधिकारीहरू सम्बन्धित स्थानीय सरकार र समुदायप्रति जवाफदेही भएको सुनिश्चित गर्ने;

(ट) मध्यवर्ती क्षेत्र समितिहरूलाई थप प्रतिनिधिमूलक बनाउनुपर्दछ। राष्ट्रिय निकुञ्जबाट सबैभन्दा बढी प्रभावित भएका सीमान्तकृत समुदाय र महिलाहरूको यी समितिहरूमा पर्याप्त र प्रभावकारी सहभागिता भएको सुनिश्चित गर्नका लागि सबै उपायहरूको खोजी गर्नुपर्दछ। यस्तो प्रतिनिधित्व औपचारिकता (tokenism) मा मात्र सीमित नहोस् र महिला तथा सीमान्तकृत समुदायका सदस्यहरू यी समितिमा सहभागी मात्र नभएर निर्णय प्रकृयामा उनीहरूले अर्थपूर्ण तवरमा सहभागी हुन सकेको सुनिश्चत गर्नका लागि प्रयासहरू गरिनुपर्दछ;

(ठ) वन्यज्तुबाट हुने बालीनाली र अन्य सम्पत्तिको क्षतिबापत क्षतिपूर्ति पाउने प्रकृयालाई थप प्रभावकारी बनाउन र जमिनको क्षति वा बालीनाली वा सम्पत्तिको नाश सम्बन्धित राष्ट्रिय निकुञ्जको आयमा नर्भर नहुने कुरा सुनिश्चित गर्न आवश्यक पुनरावलोकन गर्ने। निकुञ्ज आसपास बस्ने किसानहरूलाई बालीको विमा सुविधा प्रदान गर्ने कुरा यो समस्या समाधानको एउटा उपाय हुन सक्दछ;

(ड) संरक्षण कानुनहरू कार्यान्वयन गर्ने सन्दर्भमा नेपाली सेना र निकुञ्जका अधिकारीहरूबाट भएको भनी आरोप लगाइएका सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअन्तगर्तगका अपराध र मानवअधिकार उल्लङ्घनहरूको शीघ्र र स्वतन्त्र फौजदारी अनुसन्धान भएको सुनिश्चित गर्ने, र यदि पर्याप्त स्वीकार्य प्रमाण छ भने आरोपितहरूलाई साधारण नागरिक अदालतमा निष्पक्ष पुर्पक्षमार्फत मानवअधिकार मापदण्डको उचित प्रकृयाबमोजिम अभियोजन गर्ने।

२. *वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र राष्ट्रिय निकुञ्ज कार्यालयहरूका लागि:*

(क) मध्यवर्ती व्यवस्थापन क्षेत्र र संरक्षित आसपासका गाउँहरूमा संरक्षित वन्यजन्तुबाट बालीनाली, गाईवस्तु, सम्पत्ति र मानव जीवनको विनाशलाई रोक्नका लागि आवश्यक उपायहरू अवलम्वन गर्ने;

(ख) क्षतिहरूको समयोचित आङ्कलन र संरक्षित वन्यजन्तुबाट हुने बालीनाली, गाईवस्तु, सम्पत्ति र मानव जीवनको क्षतिविरुद्ध पर्याप्त क्षतिपूर्ति सुनिश्चित गर्ने।

३. *राष्ट्रिय मानवअधिकार आयोगलाई:*

(क) विशेषगरी राष्ट्रिय निकुञ्जहरूको सन्दर्भमा संरक्षण कानुनहरूले आदिवासी जनजातिमाथि पारेको प्रतिकूल असरहरूका सवालमा राष्ट्रियस्तरको छानबिन[209] गर्ने;

---

[209] यस्ता खालका विषयहरू मानवअधिकार उल्लङ्घनका सवालमा राष्ट्रिय मानवअधिकार आयोग निर्देशिका २०१६ को दायरा अन्तर्गत पर्दछन्।

(ख) राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रलगायतको सन्दर्भमा आदिवासी जनजातिहरूको जमिन, जीवनयापन र प्राकृतिक श्रोतको अधिकारका सवालमा अग्रसक्रिय अनुगमन गर्ने;

(ग) संरक्षणसम्बन्धी कानुनहरूको पुनरावलोकन गर्ने र मानवअधिकारको मापदण्डहरूबमोजिम हुनेगरी तिनको संशोधनका लागि सरकारलाई सिफारिस गर्ने;

(घ) बटैया प्रणालीका सम्बन्धमा एउटा राष्ट्रिय तहको अनुसन्धान गर्ने र नेपाको संविधानमा प्रत्याभूत गरिएको शोषणविरुद्धको हकको पूर्ण पालना भएको सुनिश्चित गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

४. *भूमिसम्बन्धी समस्या समाधान आयोगका लागि*

(क) आदिवासी जनजातिको जमिनको अधिकार र बाढी र नदीले धार परिवर्तन गरेको कारणले आफ्नो जग्गा गुमाउने व्यक्तिको अधिकारका सवालमा आयोगको कार्यदिशअन्तर्गत तथ्याङ्क पहिचान र प्रमाणीकरण गर्ने मापदण्डलाई स्पष्ट पार्ने र यी तथ्याङ्कहरू प्रभावित र तिनका प्रतिनिधिहरूलाई जमिन छुट्ट्याउनेसम्बन्धी निर्णय गर्नुअघिको परामर्शका लागि उपलब्ध गराउने;

(ख) योग्य घरपरिवारको पहिचान र जमिन वितरणसम्बन्धी निर्णयहरूका विरुद्ध पुनरावेदनका लागि एउटा संरचनाको व्यवस्था गरेरसमेत र आवश्यक भएमा पुनरावेदनलाई सहजिकरण गर्नका लागि स्थानीय पदाधिकारीको पनि व्यवस्था गरेर स्थानीय र जिल्ला स्तरका सहजीकरण समितिहरूको कामकारबाही र निर्णयकार्य स्वतन्त्र र निष्पक्ष भएको सुनिश्चित गर्ने ।

एम्नेस्टी इन्टरनेसनल
मानवअधिकारका लागि एउटा
विश्वव्यापी अभियान हो।
कोही एकजनालाई अन्याय
हुँदा त्यो हामी सबैको चासोको
विषय बन्छ ।


CONTACT US

info@amnesty.org

+44 (0)20 7413 5500

JOIN THE CONVERSATION

www.facebook.com/Amnesty

@Amnesty

# संरक्षणको नाममा मानवअधिकार उल्लङ्घन

## "मेरो आफ्नो स्वामित्वको जमिनमा पाइला टेक्दा मैले के अपराध गरेको थिएँ?"

वन्यजन्तु र प्राकृतिक वातावरण संरक्षणका प्रयासहरूको सन्दर्भमा नेपाललाई दशकौंदेखि एउटा "सफलताको कथा" को रूपमा उल्लेख गर्ने गरिन्छ। तर, वनजंगलमा निर्भर रहँदै आएका आदिवासी जनजातिहरूले उक्त सफलताको उच्च मूल्य चुकाउनु परेको छ। यसरी सबैभन्दा बढी प्रभावित भएका समुदायमा अधिकांश मध्यपश्चिममा बसोवास गर्ने थारू समुदाय र नेपालको मध्य तराईमा बसोवास गर्ने चेपाङ, बोटे, दराई बनकरिया, कुमाल, दनुवार र माझी समुदाय रहेका छन्।

तराई क्षेत्रका दुई ठूला निकुञ्जहरू चितवन राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्जलाई केन्द्रित गरी गरिएको अध्ययनको आधारमा तयार गरिएको यस प्रतिवेदनमा एम्नेस्टी इन्टरनेनसल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (आत्मनिर्भर केन्द्र) ले यी आदिवासी समुदायको अधिकार सुनिश्चित गर्नमा नेपाल सरकारद्वारा भएका विफलतालाई उजागर गरेको छ। एम्नेस्टी इन्टरनेसनल र आत्मनिर्भर केन्द्रले निम्न मानवअधिकार उल्लङ्घनहरूको दस्तावेजीकरण गरेका छन्: जबर्जस्ती निष्कासन, पुर्खौली जमिनमाथिको अधिकारबाट वञ्चिती, खाद्यान्नको पहुँचबाट समेत बञ्चित हुनगरी परम्परागत रूपमा आश्रित रहँदै आएको वन र प्राकृतिक श्रोतमाथिको पहुँचमा अनुचित बन्देज, नेपाली सेना  र संरक्षण क्षेत्रको सुरक्षामा खटिएका राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीबाट भएका स्वेच्छाचारी गिरफ्तारी, गैरकानुनी हत्या, हिरासत र यातना वा अन्य दुर्व्यवहारहरू, र यी विभिन्न स्वरूपका अधिकार उल्लङ्घनमा आदिवासी समुदायलाई प्रभावकारी उपचार प्रदान गर्नमा राज्यद्वारा भएको विफलता।

INDEX: AFR 44/1657/2016
AUGUST 2021
ORIGINAL LANGUAGE: ENGLISH
amnesty.org

CSRC आत्मनिर्भर केन्द्र

AMNESTY INTERNATIONAL